# मानवअधिकारपत्र

**Human Rights Post**

NHRC Monthly Newsletter Vol. 3 Issue 13-14 Apr.-June 2010

वर्ष ३, विशेषाङ्क १३–१४ | राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन | २०६७ बैशाख–जेठ





# मानवअधिकारको दृष्टिकोणबाट वर्ष २०६६ का उपलब्धि र चुनौतीहरू




## यसभित्र


| | | |
|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिको मानवअधिकार अवस्था | २ |
| २. | आयोग स्थापनाको एक दशक प्रेरणादायी | ३ |
| ३. | कुण्ठित् नहोस् ज्येष्ठ नागरिकको अधिकार | ६ |
| ४. | २०६६ सालमा मानवअधिकार अवस्था | ८ |
| ५. | मानवअधिकारको अवस्था... | १० |
| ६. | २०६६ आयोगमा परेका उजुरीहरूको विश्लेषण | ११ |
| ७. | कार्यान्वयनको अवस्था र चुनौतीहरू | १२ |
| ८. | नेपालमा सङ्क्रमणकालीन न्याय | १५ |
| ९. | नेपालको सन्दर्भमा यातना विरुद्धको अधिकार | १७ |
| १० | Issues on Migraion and Trafficking in Nepal | १९ |
| ११. | नेपालमा मानवअधिकार शिक्षा | २१ |
| १२. | जातीय विभेद विरुद्धको अधिकार | २२ |
| १३. | मानिस बाँच्न पाउने अधिकार | २४ |
| १४. | मानवअधिकार प्रतिबद्धताहरूको आवधिक समीक्षा | २६ |
| १५. | मानवअधिकार उल्लङ्घनसम्बन्धी महत्वपूर्ण घटनाहरू | २७ |
| १६. | नेपालमा खाद्यअधिकारको अवस्था | ३० |
| १७. | वि.सं. २०६६ मा परेका उजुरीहरू | ३१ |


## मुख्य उपलब्धिहरू

- अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि २००६ लाई व्यवस्थापिका संसदले २०६६ पुस १२ मा अनुमोदन ।
- नेपाल सरकारद्वारा सन् २०१० लाई महिला हिंसा विरुद्धको वर्ष घोषणा,
- सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रको रूपमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसम्बन्धी विधेयकहरू व्यवस्थापिका संसदमा पेस ।
- नेपाल सरकारबाट सशस्त्र द्वन्द्व पीडितको उद्धार, भौतिक संरचनाको पुन: निर्माण आदिका लागि शान्ति कोषबाट १० अर्ब १६ करोड बजेट विनियोजन ।
- एकीकृत नेकपा (माओवादी) को सैन्य शीविरमा रहेका मापदण्ड नपुगेका लडाकुहरूको बहिर्गमन ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह र रक्षा मन्त्रालयलाई आयोगका सिफारिस कार्यान्वयन गर्न लिखित निर्देशन ।

## मुख्य चुनौतीहरू

- सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन नसक्नु,
- मानवअधिकारसम्बन्धी दस्तावेजहरू नेपाली योजना र कानुन कार्यान्वयनमा प्रतिविम्वित हुन नसक्नु,
- शान्ति सुरक्षामा सुधार हुन नसक्नु, चन्दा, बन्दहड्ताल, अपहरण जस्ता कार्य नरोकिनु,
- द्वन्द्वमा जफत गरिएका सम्पतिहरू पूर्ण रूपमा फिर्ता नहुनु,
- प्रमुख राजनीतिक दलहरू समेत अर्धसैनिक दस्ता खडा गर्न उद्दत रहनु,
- राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन नहुनु ।
- आपराधिक कार्यमा संलग्न व्यक्ति तथा समूहहरूलाई राजनीतिक संरक्षण हुनु,
- नागरिक अदालतबाट निरोपण हुनु पर्ने फौजदारी मुद्दाको विषयमा नेपाली सेनाले आरोपित व्यक्तिलाई नागरिक अदालतमा पठाउने कार्य नगर्नु ।

## मासिक सन्दर्भ

# आयोगको परिचय बढाउँदै 'मानवअधिकारपत्र' तेस्रो वर्षमा

राष्ट्रिय मानवअधिकार आयोगको मासिक मुखपत्र 'मानवअधिकारपत्र' प्रकाशनको दुई वर्ष पूरा भएको छ। वि.सं. २०६५ को वैसाख महिनादेखि सुरु भएको यो प्रकाशन सरोकारवाला संस्था तथा व्यक्तिहरू समक्ष आयोगलाई परिचित गराउने महत्वपूर्ण सञ्चार साधन बनेको छ।

हरेक महिना मानवअधिकारसम्बन्धी आयोगले गरेका गतिविधिहरूलाई प्राथमिकताका साथ प्रकाशन गर्दै आएको यो पत्रिकाले सम्पादन, प्रकाशन र वितरणका क्रममा विभिन्न चुनौतीहरूको सामना गर्दै भए पनि राष्ट्रिय मानवअधिकार आयोगको परिचयलाई विस्तार गरेको छ। सम्पादनका क्रममा सम्बन्धित क्षेत्रहरूबाट गरिएका अनुगमन तथा अनुसन्धानका प्रतिवेदनहरू समयमै प्राप्त नहुँदा समयसीमाको बन्धनले यसलाई प्रत्यक्ष प्रभावित पार्ने गरेको छ। त्यस्तै सीमित जनशक्ति, विद्युत आपूर्ति लगायतका कारणले समयमा प्रकाशन हुन नसक्नु तथा पत्रिका वितरणको स्थायी संयन्त्र नहुँदा यसलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिएको छैन।

मानवअधिकारपत्रले वर्ष २०६६ मा मानवअधिकारमैत्री संविधान बनाउने आयोगको मूल अभियानलाई बढी जोड दियो। त्यस्तै आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूको स्थापना र ती क्षेत्रहरूमा रहेका मानवअधिकारसम्बन्धी चुनौतीहरू पनि यो प्रकाशनको प्राथमिकतामा परे। आयोगले मानवअधिकारका विविध विषयमा प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्र, भारत भ्रमणका सन्दर्भमा प्रधानमन्त्रीलाई आयोगले दिएको सुझाव, आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारले मातहतका निकायहरूलाई गरेको पत्राचार जस्ता विषयलाई २०६६ सालमा यो मुखपत्रले महत्वका साथ उठायो। साथै, विस्तृत शान्तिसम्झौताको तीन वर्षसम्बन्धी प्रतिवेदन, भैरबनाथ गणबाट बेपत्ता पारिएकाहरूको सन्दर्भमा आयोगले गरेको निर्णय, मध्य पश्चिमाञ्चलमा फैलिएको झाडापखालासम्बन्धी आयोगको प्रतिवेदन, अछाम जिल्लामा सुन्तली धामीलाई कार्यालयभित्र बलात्कार गरिएको घटनासम्बन्धी प्रतिवेदनहरू मानवअधिकारपत्रका मूल मुद्दा बने, यो वर्ष।

मानवअधिकारको अवस्था, आयोगका कार्यालयहरूमा परेका उजुरीहरूको मासिक विवरण, मासिक सन्दर्भलगायत नियमित स्तम्भहरू यथावतै छन्। साथै, मानवअधिकार शिक्षा नामक नयाँ स्तम्भ सुरु गरिएको छ, जसले मानवअधिकारका नयाँ विषयहरूमा पाठक वर्गलाई जानकारी दिनेछ। यो प्रकाशनले आयोगमा उजुरीहरूको तथ्याङ्कलाई अध्यावधिक गर्न सहयोग पुऱ्याएको छ। त्यस्तै, हरेक महिनाको मानवअधिकार अवस्थालाई आयोगले प्राप्त गरेको तथ्यका आधारमा विश्लेषण गर्ने कामले पनि देशको मानवअधिकार अवस्थालाई इङ्गित गर्न सजिलो पारेको मान्न सकिन्छ।

यद्यपि आयोगले 'मानवअधिकारपत्र'लाई हुलाक कार्यालयमा दर्ता गराएर (हु.द.नं. २६/०६६/०६७) यसको विस्तारलाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको छ। गत वर्षको वैसाख र जेठ महिनाका अङ्कहरूलाई संयुक्त रूपमा विशेषाङ्कको ढाँचामा प्रस्तुत गरिएको थियो, जसमा वर्ष २०६५ लाई विभिन्न कोणबाट समीक्षा गरिएको थियो। त्यस्तै, कात्तिक र मङ्सिर अङ्कलाई संयुक्त रूपमा प्रकाशित गरी मानवअधिकारको अन्तर्राष्ट्रिय दिवसमा केन्द्रित गरिएको थियो। यो वर्ष २०६७ वैसाख-जेठको यो अङ्कलाई विशेषाङ्कका रूपमा प्रस्तुत गरिएको छ। यसमा मानवअधिकारका विभिन्न विषयमा वर्ष २०६६ लाई केन्द्रित गरी लेखहरू प्रकाशित गरिएका छन्। मानवअधिकारपत्रको यो अङ्क अहिले सम्मकै सबैभन्दा सङ्ग्रहणीय अङ्क बन्ने छ भन्ने अपेक्षा छ।

- सम्पादक

## राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

| | |
|---|---|
| अध्यक्ष | : केदारनाथ उपाध्याय |
| सदस्य | : रामनगीना सिंह |
| सदस्य | : गौरी प्रधान |
| सदस्य | : डा. लीला पाठक |
| सदस्य | : डा. के.बी. रोकाया |
| सचिव | : विशाल खनाल |

# अपाङ्गता भएका व्यक्तिको मानवअधिकार अवस्था

हरेक मानिसमा कुनै न कुनै किसिमको असक्षमता हुन्छ। कोही व्यक्ति पनि जन्मजात सर्वसम्पन्न हुन सक्दैन। हिंसा, दुर्घटना प्राकृतिक प्रकोपजस्ता विभिन्न कारणले मानिस अपाङ्गपनको शिकार हुन पुग्छ। अपाङ्ग वा अपाङ्गताका विषयको ठोस परिभाषा छैन। यसबारे विभिन्न मतमतान्तर छन्।

*अपाङ्गतासम्बन्धी चेतनाको स्तर कम भएको समाजमा अपाङ्गताको अवस्थालाई विभिन्न अवैज्ञानिक तर्क र आक्षेपहरू लगाइने गरिन्छ। कतिपय मानिसले अपाङ्गताको अवस्था भएको मानिस पूर्णमानव होइन भनी अमानवीय व्यवहार व्यवहार गर्दछन्। अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको कारणबाट घरपरिवारको सामाजिक प्रतिष्ठा क्षय हुन्छ भन्ने नकारात्मक सोच विद्यमान छ। तसर्थ, परिवारकै सदस्यले अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्रै लुकाएर, बाँधेर वा अन्य कष्ट दिएर राखेका उदाहरणहरू प्रशस्तै पाइन्छन्।*

अपाङ्गतासम्बन्धी चेतनाको स्तर कम भएको समाजमा अपाङ्गताको अवस्थालाई विभिन्न अवैज्ञानिक तर्क र आक्षेपहरू लगाइने गरिन्छ। कतिपय मानिसले अपाङ्गताको अवस्था भएको मानिस पूर्णमानव होइन भनी अमानवीय व्यवहार व्यवहार गर्दछन्। अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको कारणबाट घरपरिवारको सामाजिक प्रतिष्ठा क्षय हुन्छ भन्ने नकारात्मक सोच विद्यमान छ। तसर्थ, परिवारकै सदस्यले अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्रै लुकाएर, बाँधेर वा अन्य कष्ट दिएर राखेका उदाहरणहरू प्रशस्तै पाइन्छन्। 'न्यु एरा' संस्थाले गरेको एक अध्ययनअनुसार अपाङ्गता भएका व्यक्तिहरूमध्ये ७०.१ प्रतिशतलाई आफ्नो समाजमा आत्मसम्मानका साथ बस्न कठिनाई भएको र उनीहरूलाई हेला गर्ने गरिएको छ। नेपालमा अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी विस्तृत सूचना वा तथ्याङ्क उपलब्ध छैन। संस्था पिच्छे फरकफरक तथ्याङ्क छन्। नेपालमा कुल जनसङ्ख्याको ७ देखि १० प्रतिशत मानिसमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान छ।

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि २०६६ र यसको स्वैच्छिक आलेख २००६ को पक्षराष्ट्र बनेको छ। नेपालको अन्तरिम संविधान २०६३ मा अपाङ्गता भएका व्यक्तिका अधिकारलाई सुनिश्चित गर्न मौलिक हक खण्डमा केही शब्दहरू उल्लेख गरिएका छन्। तर, तिनको कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, आर्थिक तथा रोजगारका अवसरमा पहुँच पुग्न सकेको छैन। ....बाँकी पृष्ठ २३ मा

# आयोग स्थापनाको एक दशक प्रेरणादायी

*केदारनाथ उपाध्याय, अध्यक्ष, रामाअआ*

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको आज दश वर्ष पूरा भएको छ। संयोगवश आजै शान्तिका अग्रदूत गौतम बुद्धको जन्म दिन पनि परेको छ। शान्ति मानवअधिकारको पूर्वाधार भएकाले आजको दिनलाई विशेष महत्वका साथ हेर्न सकिन्छ। कुनै पनि संस्थाको स्मृति र इतिहास त्यस संस्थाको लागि कति महत्वपूर्ण हुन्छ, त्यो मैले भनिरहनु पर्ने विषय होइन।

गएको एक दशक मानवअधिकारका लागि संघर्ष र चुनौतीको दशक मात्र हैन, केही प्रेरणादायी समय पनि रह्यो। यस अवधिमा मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि विभिन्न क्षेत्रबाट गरिएका कतिपय प्रतिबद्धताहरू परिणाममुखी नभए पनि केही सकारात्मक सङ्केतहरू देखा परेका छन्। मानवअधिकार आयोग ऐन, २०५३ लागु भएको चार वर्षपछि सशस्त्र द्वन्द्वको मध्यकालमा हत्या, हिंसा र अपहरणजस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्गीन रूपमा देखापरेको अवस्थामा आयोगको स्थापना हुनु र आयोगबाट मानवअधिकार समुदाय तथा नागरिक समाजको सहकार्यमा शैशव अवस्थामा नै महत्वपूर्ण अनुगमन भएको छ। साथै आयोगले अनुसन्धान र सिफारिसहरू गर्नु स्वयम्मा स्मरणीय छ। यद्यपि आयोग वर्तमानमा पनि आफ्नो स्वायत्तता र स्वतन्त्रताको लागि पुनः लडिरहनु परेको अवस्था छ। सशस्त्र संघर्षरत पक्षहरूबीच सम्पन्न विस्तृत शान्ति सम्झौता र त्यसअनुसार हतियार व्यवस्थापनको परिस्थिति बन्दै जानुलाई शान्ति स्थापना र मानवअधिकार संस्कृति निर्माणका लागि कोशेढुङ्गाको रूपमा लिन सकिन्छ। यसै अवधिमा बहुप्रतिक्षित संविधानसभाको निर्वाचन सम्पन्न भई समावेशी संविधानसभाको निर्माण भएको सर्वविदितै छ। देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषित भएको छ। सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रका रूपमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको गठनसम्बन्धी विधेयकहरू व्यवस्थापिका संसदमा पेस भएका छन्। सशस्त्र द्वन्द्व पीडितको उद्धार, भौतिक संरचनाको पुनः निर्माण लगायतका विषयमा सरकारबाट बजेट छुट्याउने कार्य सुरू भएको छ। एकीकृत नेकपा (माओवादी) को सैन्य शिविरहरूमा रहेका अयोग्य र उमेर नपुगेका भनिएका लडाकुहरूको बहिर्गमन भएको छ। नेपाल सरकार मातहतका सबै सुरक्षा निकायहरूमा मानवअधिकार ईकाइको छुट्टै व्यवस्था भएको छ। सुरक्षाकर्मीहरूको तालिम पाठ्यक्रममा मानवअधिकारको विषयलाई समावेश गर्ने कार्यको सुरूवात भएको छ। शिक्षा, स्वास्थ्य, खाद्यान्न र रोजगारको अधिकारलाई राज्यले मौलिक हकका रूपमा ग्रहण गरेको छ।



***आयोगमा प्राप्त उजुरीहरूको तथ्याङ्क अनुसार अझै पनि सुरक्षाकर्मीबाट ६२० र एकीकृत माओवादीबाट २०५ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको आरोप दुवै पक्ष माथि अद्यापि छँदैछ। सशस्त्र द्वन्द्वको कारण सबै विस्थापित व्यक्तिहरूको समस्या हालसम्म समाधान हुन सकेको छैन। बलजफ्ती कब्जा गरिएका सम्पतिहरू पनि फिर्ता भइसकेको अवस्था छैन। विस्तृत शान्ति सम्झौताको पालनामा नेपाल सरकार र एकीकृत ने.क.पा. (माओवादी) दुवै पक्षको इमान्दारिता व्यवहारमा पालना भएको देखिएको छैन।***

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९, वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन नियन्त्रणसम्बन्धी सार्क क्षेत्रीय महासन्धि २००२, दक्षिण एसियाली बालकल्याण अभिवृद्धिका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि २००२, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६, आई.एल.ओ. महासन्धि नम्बर १६९ लगायतका महत्वपूर्ण महासन्धिहरूको नेपाल पक्षराष्ट्र भएको छ। आयोगले मानवविरुद्ध लक्षित बारुदी सुरुङको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनाशसम्बन्धी महासन्धि (ओटावा महासन्धि) लाई अनुमोदन गर्न सिफारिस गरेको छ। नेपालले अनुमोदन गरेका विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिमा भएका व्यवस्थाहरू बमोजिम संयुक्त राष्ट्रसंघीय विषयगत समितिहरूमा पेस गर्नु पर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरू पेस गर्ने कार्य भएका छन्। सर्वोच्च अदालतले मानवीय कानुन बनाउन, बलपूर्वक बेपत्ता विरुद्धको कानुन निर्माण र आयोग गठन गरी कारबाही गर्न, विस्थापितहरूको अधिकार सुनिश्चित गर्न, दलितहरूले घरभाडामा लिन पाउने अधिकारबाट वञ्चित नगर्ने कुरा निश्चित गर्न तथा बालविवाह रोक्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। यसको साथै मानवअधिकार अमैत्री कतिपय कानुनहरूको खारेज गर्ने आदेशहरू जारी गरेको छ। यौनिक अल्पसङ्ख्यकहरूको अधिकारको सम्बन्धमा पनि अदालतले आदेश जारी गरेको छ। संसदले अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्षराष्ट्र बन्न सरकारलाई निर्देशन दिएको छ। आयोगले पनि त्यसका लागि सरकारलाई छुट्टै सिफारिस गरेको छ। यो अवधिमा ज्येष्ठ नागरिक ऐन, घरेलु हिंसा (नियन्त्रण) ऐन, मुलुकी ऐनमा अपहरणको महल थप गरी कतिपय मानवअधिकारमैत्री कानुनहरूको निर्माण पनि भएका छन्।






सरकारबाट यसै अवधिमा लैङ्गिक हिंसा अन्त्य गर्नका लागि अभियानको घोषणा भएको छ । पुन:स्थापित प्रतिनिधिसभाले देशलाई पुन: छुवाछुत र भेदभावमुक्त राष्ट्र भनी घोषणा गरेको छ । दण्डहीनता अन्त्यका लागि उचस्तरीय छानबिन आयोग गठन गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिस कार्यान्वयनमा पछिल्लो अवधिमा केही सकारात्मक सङ्केतहरू पनि देखिएका छन् । पछिल्लो अवधिमा सशस्त्र द्वन्द्व पीडित व्यक्ति वा परिवारले राहत पाउने कार्यमा सङ्ख्यात्मक रूपमा वृद्धि भएको छ । विगतको तुलनामा प्रहरी हिरासतमा दिइने यातनामा न्यूनीकरण भएको छ । देशको शासन व्यवस्थाको प्रमुख जिम्मेवारी रहेका राजनीतिक दलका चुनावी घोषणापत्रहरूमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा प्रतिबद्धता व्यक्त गरिएको छ । आयोगको सिफारिस पछि कमैया, कमलरी, हलिया प्रथाको अन्त्य भएको घोषणा भएको छ । समष्टिगत रूपमा विगत १० वर्षमा मानवअधिकार संरक्षण, सम्बर्द्धन र मानवअधिकार संस्कृतिको निर्माणमा केही न केही उपलब्धि अवश्य पनि भएका छन् ।

गएको एक दशकको अवधिमा माथि उल्लिखित सकारात्मक सङ्केतहरू देखिए पनि यस अवधिमा मानवअधिकारको समग्र अवस्थालाई सन्तोषजनक भन्न र चित्त बुझाउन सकिने स्थिति भने देखिँदैन । यसै अवधिमा देशले पटकपटक सङ्कटकाल व्यहोर्नु पर्‍यो । नागरिक तथा राजनीतिक अधिकार, यातना विरुद्धको अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिलाअधिकार, बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार, बालअधिकार, जातीय विभेद विरुद्धको अधिकारको उपभोगमा प्रशस्त मात्रामा बाधा र कठिनाइहरू देखिएका छन् । दश वर्षको अवधिमा मानवअधिकार रक्षकको अधिकार समेत निरन्तर जोखिममा पर्दै आएको पाइन्छ । यस क्रममा आयोगले आफ्नै कर्मचारी दयाराम परियारलाई समेत गुमाउनु परेको दृष्टान्त निकै दु:खदायी रहेको छ । दण्डहीनताले समग्र मानवअधिकारको अवस्थालाई अत्यन्त कमजोर बनाइदिएको छ । नागरिक तथा राजनीतिक अधिकारको प्रचलनमा प्रशस्त अवरोधहरू उत्पन्न भएका छन् । विशेषगरी सशस्त्र द्वन्द्वको कारण हजारौं व्यक्तिले ज्यान गुमाउनु परेको, सशस्त्र द्वन्द्वमा भाग नलिएका सर्वसाधारण पनि मारिएका, घाइते भएका र बेपत्ता पारिएका छन् । राजनीतिक दलका कार्यकर्ता, मानवअधिकारकर्मी, पत्रकार, व्यापारी, उद्योगी तथा विद्यार्थी समेतले द्वन्द्वरत पक्षको जर्बजस्ती चन्दा तथा धम्की व्यहोर्नु परेका प्रशस्तै उदाहरणहरू छन् । अझै पनि देशमा शान्ति सुरक्षामा उल्लेख्य सुधार हुन सकेको छैन । विशेषगरी तराई र पूर्वी पहाडमा देखिएका सशस्त्र समूहको कारण देशको शान्ति र कानुनको शासन चुनौतिपूर्ण अवस्थामा छ । राजधानीमा पनि अपहरण र व्यक्ति हत्याका घटना यदाकदा भईरहेका छन् ।

आयोगमा प्राप्त उजुरीहरूको तथ्याङ्क अनुसार अझै पनि सुरक्षाकर्मीबाट ६२० र एकीकृत माओवादीबाट २०५ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको आरोप दुवै पक्ष माथि अद्यापि छँदैछ । सशस्त्र द्वन्द्वको कारण सबै विस्थापित व्यक्तिहरूको समस्या हालसम्म समाधान हुन सकेको छैन । बलजफ्ती कब्जा गरिएका सम्पत्तिहरू पनि फिर्ता भइसकेको अवस्था छैन । विस्तृत शान्ति सम्झौताको पालनामा नेपाल सरकार र एकीकृत नेकपा (माओवादी) दुवै पक्षको इमान्दारिता व्यवहारमा पालना भएको देखिएको छैन ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न संसद र राष्ट्रिय मानवअधिकार आयोगले दिएको निर्देशन सरकारबाट पालना हुन सकेको छैन । जातीय छुवाछुत तथा विभेद अन्त्य गर्ने संसदीय घोषणा समेत व्यवहारमा लागु भएको छैन । सङ्क्रमणकालीन अवस्थाको नाममा कानुन कार्यान्वयन पक्ष कमजोर भईदिंदा देशमा दण्डहीनता मौलाउँदै गएको छ । सरकारबाट गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरू समेत फिर्ता लिने कार्य भएका छन् । सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता खोजबिन तथा छानबिन आयोग अझैसम्म पनि गठन हुन सकेको छैन ।

रोजगारीको लागि विदेश जाने नेपालीहरूको मानवअधिकार समेत जोखिममा पर्ने कार्य जारी छ । रोकथामका विभिन्न प्रयासहरूको बाबजुद पनि मानव बेचबिखन कार्य रोकिएको छैन । बालअधिकारको क्षेत्रमा केही सकारात्मक पहल भएपनि विशेष गरी बालश्रम उन्मूलनमा खासै कार्य हुन सकेको छैन । सडक बालबालिकाको सङ्ख्यामा पनि

न्यूनीकरण भएको देखिँदैन । दश वर्षको अवधिमा मुलुकमा सधैँ राजनीतिक अजेन्डाले मात्र प्राथमिकता पाउँदा नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र विकासको अधिकार निरन्तर ओझेलमा परेको छ । ती वास्तवमा मानिसका आधारभूत अधिकारहरू हुन् ।

उल्लेख्य मात्रामा अपराधका घटनामा राजनीतिक हस्तक्षेप हुँदा देशमा दण्डहीनता बढ्ने क्रम रोकिन सकेको छैन । आपराधिक घटनाहरूलाई पनि राजनीतिकरण गर्ने र प्रत्यक्ष वा परोक्ष रूपले संरक्षण दिने कार्य भएको छ । राजनीतिक व्यक्ति संलग्न आपराधिक घटनाहरूको अनुसन्धान स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुन नपाउने स्थिति पाइएको छ । यसबाट एकातिर पीडित न्याय पाउने अधिकारबाट वञ्चित हुनु परेको छ । देशभरि सयभन्दा बढी सशस्त्र समूहहरूको बिगबिगीबाट नेपाली सर्वसाधारणहरू समय समयमा असुरक्षा व्यहोर्न बाध्य छन् ।

देशमा अनियमित र आकस्मिक रूपमा विभिन्न सङ्गठित समूहको नाममा हुने गरेका बन्द हड्तालले सर्वसाधारण नागरिकहरूको मानवअधिकार प्रचलन र उपभोगमा बाधा अवरोध र हनन हुने गरेको छ । शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवतजावत, पेसा रोजगार गर्ने लगायतका अधिकार पटक-पटक बन्द हुने गरेका छन् । दबाबमूलक आन्दोलनको नाममा अत्यन्त संवेदनशील क्षेत्र मानिएका अस्पतालको सेवा समेत बन्द गर्ने अवाञ्छित दुष्परिणाम नेपाली नागरिकले निरीहताका साथ भोग्ने गरेका छन् ।

देशको मानवअधिकारको उपरोक्त अवस्थाको परिप्रेक्ष्यमा सीमित स्रोत-साधन तथा विभिन्न पक्षबाट हस्तान्तरित समस्याहरूले आयोगको संवैधानिक कर्तव्य पालनालाई थप चुनौतीपूर्ण बनाएको छ । मानवअधिकारको संरक्षणको विस्तारित आवश्यकतालाई दृष्टिगत गरी आयोगले आफूलाई एउटा केन्द्रीय कार्यालयबाट विस्तार गरी हाल पाँच क्षेत्रीय र तीन उपक्षेत्रीय कार्यालयको स्थापना गरेको छ । ती कार्यालयहरूमार्फत् आयोग आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने क्रममा देशका सबै जिल्लाका अधिकांश गाउँहरू समक्ष पहुँच बनाउने क्रममा छ । स्थापनादेखि २०६६ चैत्र मसान्तसम्म दर्ता भएका १०,४७२ उजुरीहरूमध्ये २,८५५ उजुरी फछ्र्यौट गरेकोमा ३८२ उजुरीमा पीडितलाई न्याय र दोषीलाई कारबाहीका लागि सिफारिस गरी पठाइएको छ । बाँकी २,४८० उजुरीहरूलाई तामेलीमा राख्ने, खारेजी गर्ने तथा टुङ्ग्याउने कार्य भएको छ । २,८५५ मध्ये वर्तमान आयोगको अहिलेसम्मको कार्यावधिमा १,५७६ उजुरीहरू फछ्र्यौट भएका छन् । यसभित्र चर्चित भैरवनाथ तथा युद्धभैरव गणबाट व्यक्ति बेपत्ता पारिएको भनिएको घटना तथा चितवनको माडी क्षेत्रमा तत्कालीन नेकपा (माओवादी) बाट बम विष्फोट गराई सर्वसाधारणलाई मारिएको लगायतका घटनाहरू समावेश छन् । आयोगले गरेका सिफारिस कार्यान्वयनको अवस्था भने चिन्ताजनक छ । हालसम्म आयोगबाट भएका सिफारिसमध्ये ३४ ओटा पूर्ण रूपमा, १३६ ओटा आंशिक रूपमा कार्यान्वयन भएका छन् भने २१२ ओटा सिफारिसहरू कार्यान्वयन नै नभएको अवस्थामा छन् । यस सम्बन्धमा आयोगले पटकपटक सरकार र सम्माननीय प्रधानमन्त्री समेतको ध्यानाकर्षण गराउँदा ती निकायको प्रतिबद्धता बाहेक व्यवहारतः त्यसको कार्यन्वयन भएन । यसबाट सरकारको मानवअधिकार प्रतिको प्रतिबद्धतामा प्रश्न उठ्न सक्ने अवस्था विद्यमान छ ।

आयोगबाट समय समयमा प्रकाशित गरिएका आयोगका विभिन्न विषयगत प्रतिवेदनहरूबाट पनि आयोगले गरेका कार्यहरूको बारेमा सर्वसाधारणलाई जानकारी गराउने कार्य निरन्तर भइरहेको छ । आयोगबाट १० वर्षे तस्बिर पुस्तिका, विगत दश वर्षमा प्रकाशित गरिएका प्रमुख प्रेस विज्ञप्तिहरूको सङ्गालो प्रकाशित गरिएको छ भने दश वर्षमा गरेका सिफारिसहरूको अवस्था र मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन चाँडै प्रकाशित हुने व्यहोरा जानकारी गराउन चाहन्छु । मलाई आशा छ, प्रदर्शनी र प्रकाशन भएका एवम् निकट भविष्यमा नै प्रकाशनमा रहेका आयोगका दस्तावेजहरू आयोगको गतिविधिका बारेमा जानकारी लिन उपयोगी हुनेछन् ।

राष्ट्रिय मानवअधिकार आयोगलाई समयसमयमा प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व एवम् सङ्घसंस्थाहरू, दातृराष्ट्र तथा निकायहरू, संयुक्त राष्ट्रसङ्घ, कुटनीतिक नियोग तथा नियोगका प्रतिनिधिहरू, न्यायकर्मी, कानुन व्यावसायी, मानवअधिकारकर्मी मित्रहरू, सञ्चारजगत्, विद्वत समुदाय एवम् नागरिक समाजप्रति आभार व्यक्त गर्दछु ।

*(राष्ट्रिय मानवअधिकार आयोगको दशौं वार्षिकोत्सवको उपलक्ष्यमा २०६७ जेठ १३ गते कार्यक्रमलाई सम्बोधनका क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्यको सम्पादित अंश)*



# कुण्ठित् नहोस् ज्येष्ठ नागरिकको अधिकार

*रामनगीना सिंह, सदस्य, राष्ट्रिय मानवअधिकार आयोग*

वि.सं. २०६५ फागुन २६ गते साँझ एउटा टेलिभिजन च्यानलले कारुणिक समाचार प्रसारण गर्‍यो। समाचारमा भक्तपुरकी वृद्धा कान्छीमाया पोडेलाई काठमाडौंको तिलगङ्गा नजिकै बाग्मतीको दुर्गन्धित पानीभित्र डोकोमा हालेर ज्युदैं फालिएको र उहाँको उद्धार गरिएको प्रत्यक्ष प्रसारण गरिएको थियो। अस्पतालमा उहाँलाई भेट्न आएका छोरीज्वाईसँग पत्रकारले गरेका कुराबाट प्रष्ट देखियो कि उहाँ सन्तानविहीन हुनुहुन्थेन। उहाँले अस्पताल शैयाबाट सकीनसकी सन्तानको नाम बताउनुभएको थियो। त्यस घटनालाई उद्धृत गर्दै एक दैनिकमा 'खोई वृद्ध अधिकार ?' शीर्षकमा लेख पनि प्रकाशित भएको थियो।

कान्छीमायाले आफ्ना सन्तानलाई कति मायाममताले पाल्नुभयो होला। तर वृद्ध अवस्थाले गर्दा उहाँको शरीर अशक्त भयो र छोराछोरीले उहाँको हेरविचार गर्नुको साटो फोहरझैं डोकोमा हाली ज्युदैं फालिदिए। यसमा गल्ती कसको ? यस्ता कतिपय घटना हरेक दिन हाम्रो समाजमा भइरहेका छन्। जानकारीको अभावमा धेरै यस्ता घटना थाहा हुन सकेका छैनन्। यस्ता घटना बढ्नुमा मानिसको जीवनशैली, शिक्षाको स्तर, खानपानको असर, चेतनाको कमी, उत्तरदायित्व बोधको कमी आदि कारणहरू हुन सक्छन्। विकसित समाजमा निकै जटिल समस्याका रूपमा रहेको ज्येष्ठ नागरिकको हेरचाह र लालनपालको विषय अब हाम्रो देशको सन्दर्भमा पनि प्रमुख सामाजिक मुद्दा बन्न थालेको छ। यो एउटा पारिवारिक र समाजिक समस्या हो। त्यसैले, ज्येष्ठ नागरिकसँग सम्बन्धित समस्याको जरो पत्ता लगाउन हामीले पहिले परिवार र मानव विकासको क्रमलाई केही चर्चा गर्नुपर्छ।

मानव सृष्टिको विकाससँगै क्रमिक ढङ्गले सभ्यता र परिवारको धारणामा पनि परिवर्तन आयो। यही क्रममा आफ्नो र अरुको भन्ने भावना पनि विकास हुँदै गयो। यसबाट मानिसमा सम्पत्तिको चाहना पनि त्यसै अनुरूप बढ्दै जानु स्वभाविक हो। मानिसमा आफ्नै जीवनका लागि मात्र होइन, भावी पुस्तौंपुस्ताका लागि समेत सम्पत्ति आर्जन गर्ने प्रवृत्ति हुने भएकाले मानिसमा स्वार्थीपनको गहिराई बढ्दो छ। परिवारको रूप दुई किसिमको रहेको देखिन्छ- पहिलो, गार्हस्थ चरित्रको परिवार दोस्रो, संस्थागत चरित्रको परिवार। परिवारको सिर्जना कसरी भयो भन्ने विषयमा विभिन्न सैद्धान्तिक आधारहरू रहेको पाइन्छ। त्यस्ता आधारमा परिवार उत्पत्ति कौटम्विक बन्धन, सांस्कृतिक प्रथा, मनोसामाजिक प्रक्रिया र कानुनी तरिकाबाट भएको पाइन्छ। परिवारको सिर्जनाको आधारमा पहिले कुनै









किसिमको लैङ्गिक भेदभावबिना झुण्डमा बस्ने क्रमबाट सुरु भएको पाइन्छ। त्यसपछि दोस्रोमा कुनै पुरुषले बढी पत्नी राखेर धेरै सन्तान जन्माउने प्रक्रियाबाट भएको पाइन्छ भने तेस्रो मातृ सन्तानबाट र चौथो सीमित वा सानो एक्लो परिवारबाट।

माथि लेखिए अनुसार परिवार गठनमा जे-जस्तो रूप देखिए पनि रामायण कालदेखि नै संयुक्त परिवारको अवधारणा अहिलेसम्म चल्दैआएको पाइन्छ। हाम्रो समाजमा संयुक्त परिवारबारे धेरैलाई जानकारी छ। पश्चिमी सभ्यताको प्रभावले संयुक्त परिवारको सिद्धान्त खण्डित हुँदै एकल परिवार (न्युक्लियर फेमेली) को अवधारणा विकसित हुँदैछ। बढ्दो एकल परिवारको अवधारणाले गर्दा ज्येष्ठ नागरिकको समस्या जटिल बन्दै गरेको देखिन्छ।

हाम्रो समाजमा परिवारको स्वरूपलाई आर्थिक वा भौतिक रूपमा हेर्दा अति सम्पन्न, सम्पन्न, विपन्न र अति विपन्न गरी चार किसिमका परिवार देखिन्छन्। अति सम्पन्न परिवारमा भौतिक साधनस्रोतको कमी हुँदैन। परिवारका सबै सदस्य भौतिकतामा मस्त रहने हुँदा दुःख सुखसित अनभिज्ञ रहन्छन्। यसले आपसी प्रेम र सद्भावको अभाव रहने गर्छ। त्यस्तै सम्पन्न परिवारमा परिवारका सदस्य काममा व्यस्त रहने हुँदा उनीहरूमा आफ्ना बुवाआमाको हेरविचार गर्ने समयको अभाव रहन्छ। यस्तो परिवारमा छोराछोरी वा बुहारीले घरका बाबुआमा वा ज्येष्ठ नागरिकको हेरविचारमा लाग्नुको सट्टा आफ्नो पेसातर्फ बढी समय खर्चिनु परिरहेको हुन्छ। विपन्न परिवारमा आयआर्जन गर्ने प्रायः एकदुई जना हुन्छन्। आम्दानीको स्रोत पनि न्यून नै हुन्छ। न्यून आयस्रोतमा परिवारका सबै सदस्यका इच्छा आकांक्षा पूरा गर्न मुस्किल हुन्छ। फलतः ज्येष्ठ नागरिकको भरणपोषण औषधिमुलो र उनीहरूका लागि पोसिलो खानाको अभाव रहन्छ। अभावको मार ज्येष्ठ नागरिकले व्यहोर्नु पर्ने बाध्यता हुन जान्छ। यसैगरी अतिविपन्न परिवार अभावले ग्रसित हुन्छ। परिवारका नयाँ सदस्यको आवश्यकता पूरा गर्न धौधौ पर्छ भने वृद्धवृद्धाको आवश्यकता पूरा गर्ने कुरा निकै टाढाको विषय हुन्छ।

परिवर्तन समय सापेक्ष हुन्छ। कालचक्रले हुने परिवर्तनलाई न त कसैले रोक्न सकेको छ, न त कसैले रोक्न सक्छ। कालचक्रको परिवर्तनको साथै युग धर्म र व्यवहार पनि बदलिँदै जान्छ। सत्ययुगको धर्म र व्यवहार त्रेतामा परिवर्तन भए, त्रेताको धर्म र व्यवहार द्वापरमा परिवर्तन भए, अनि द्वापरका धर्म र व्यवहार कलियुगमा परिवर्तन भए। पूर्वीय समाज र हिन्दू धर्मसंस्कृतिको बाहुल्यतामा हुर्किएको नेपाली समाजमा छोराछोरीले वृद्धावस्थामा बाबुआमालाई लालनपालन गर्नु पर्छ भन्ने मान्यता कायम छ। तर पनि विज्ञान प्रविधिको विकास र भू-मण्डलीकरणले

पारेको प्रभावका कारण वृद्धावस्थामा बाबुआमा आफ्नै छोराछोरीबाट प्राताडित र अपहेलित हुनु परेको कतिपय कारुणिक कथा बेलाबेलामा सार्वजनिक हुने गरेका छन् ।

हामी *मातृदेवो भव; पितृ देवो भव; अतिथि देवो भवः* संस्कृतिका अनुयायी भएकाले यो संस्कृति अझ अगाडि बढिरहोस् भन्ने चाहाना राखी चारैतिर त्यस्तै संस्कृति देख्न र सुन्न चाहन्छौ । तर आजको विश्व परिवेस बदलिँदै गईरहेको छ जसका कारणले भू-मण्डलीकरणको प्रभाव हरेक व्यक्तिको जीवनका प्रत्येक क्षेत्रमा परिरहेको छ । पश्चिमा सभ्यताको बोलवाला, बढ्दो भौतिकताका चाहना, विज्ञान र प्रविधिका बढ्दो विकास, जनसङ्ख्याको अत्यधिक वृद्धि, उपभोग्य वस्तुको आपूर्तिमा कमी, अभावै अभावको जिन्दगीले गर्दा हाम्रा मूल्यमान्यता टुट्दै संयुक्त परिवारबाट एकल परिवारमा सीमित हुदैं गइरहेको देखिन्छ । निश्चय पनि हाम्रो संस्कृतिका लागि यो दुःखद अवस्था हो । आफ्नो संस्कृतिलाई जोगाउन सबै क्षेत्र र तहबाट ईमान्दारीपूर्वक प्रयास हुन अपरिहार्य छ । भौतिकताको प्रवल चाहना, पुराना पुस्ताका हकअधिकारमा रहेका चलअचल सम्पत्तिमा नयाँ पुस्ताले चाडैं हकअधिकार जमाई त्यसबाट चाँडै भौतिक सुखसुविधा प्राप्तिका प्रवल चाहाना नै पारिवारिक बिचलनका मुख्य कारक तत्व रहेको देखिन्छ ।

व्यक्तिबाट परिवार समाज, गाउँ, नगर, जिल्ला र देश क्रमशः विकसित हुँदै जान्छ । प्रत्येकको आ-आफ्ना किसिमको जिम्मेवारी हुन्छ । सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गरिदिएमा पारिवारिक सद्भाव कायम रहिरहने हो । आफ्ना नागरिकको जीउज्यान, धनसम्पत्ति, मान-सम्मानलाई सुनिश्चित गर्ने जिम्मेवारी सरकारकै हो । ज्येष्ठ नागरिकको हकहित संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन २०६३ मा लेखिएका ज्येष्ठ नागरिकलाई दिने सुविधा हात्तीका देखाउने दाँत मात्र छन् भन्ने कुराका थुप्रै उदाहरण पाउन सकिन्छ । ज्येष्ठ नागरिक ऐन २०६३ मा उल्लेख भएका ज्येष्ठ नागरिकको उपचार खर्चमा ५० प्रतिशत छुटको व्यवस्थालाई सरकारी स्वास्थ्य संस्थाले नै मान्यता दिएका छैनन् । यसरी सरकारले जारी गरेका ऐनमा उल्लेख भएका सुविधा ज्येष्ठ नागरिकलाई सरकारी संस्थाले प्रदान नगर्नु निश्चय पनि दुर्भाग्यपूर्ण हो । यसका लागि ज्येष्ठ नागरिकको तर्फबाट विरोधका जोडदार आवाज उठाउनु पर्छ । सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन र धेरै समय पछाडि बनाएको नियममा कतिपय कुरा अधुरो वा अपूरो छन् । त्यसमा समयानुकुल संशोधन हुनु आवश्यक छ । मन्त्रिपरिषद्ले जारी गरेका सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६५ मा लेखिएका ज्येष्ठ नागरिकको उमेर ऐनमा भएका व्यवस्थासँग बाझिएको छ । यसरी ज्येष्ठ नागरिकप्रति पुर्‍याउनु पर्ने जिम्मेवारी र दायित्व पूरा गर्न सरकार पनि उदासिन रहेका देखिन्छ ।

अब बन्ने संविधानमा ज्येष्ठ नागरिकका सम्बन्धमा एउटा छुट्टै धारामा मौलिक हकको व्यवस्था हुनु पर्दछ, जसमा निम्न बुँदाहरू उल्लेख गर्नु महत्वपूर्ण हुनेछः

क) प्रत्येक नागरिकलाई पालन पोषण सामाजिक सुरक्षा र आधारभूत स्वास्थ्यको हक हुनेछ ।

ख) असहाय, अस्वस्थ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका एवम् आर्थिक स्थिति ज्यादै दयनीय भएका ज्येष्ठ नागरिकका लागि राज्यबाट विशेष सुविधाको हक हुनेछ ।

ग) प्रत्येक ज्येष्ठ नागरिकलाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ र त्यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिने व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिईनेछ ।

घ) कुनै पनि ज्येष्ठ नागरिकलाई जोखिमपूर्ण कार्यमा संलग्न गर्न पाइने छैन ।

ङ) ज्येष्ठ नागरिकको जीवनकालसम्म असमान्य परिस्थितिमा बाहेक सामान्यतः छोराछोरी बुहारी, नाति-नातिनीले अंशवण्डा गर्न बाध्य गर्न पाउने छैन । आफ्नो छोराछोरी, बुहारी, नातिनातिनीमध्ये जसले स्याहारसुसार गर्दछ, त्यसैलाई वा अन्य व्यक्तिले स्यहारसुसारको अवस्थामा त्यस्तो स्यहार गर्ने व्यक्तिलाई शेषपछि सम्पति दिन ज्येष्ठ नागरिक स्वतन्त्र रहने छ ।

त्यसैगरी विद्यमान ऐन कानुनमा समेत ज्येष्ठ नागरिकका सम्बन्धमा प्रशस्तै अस्पष्टताहरू देखिएकाले निम्न बुँदाहरूलाई समेट्नु उत्तम हुन्छ :

- ज्येष्ठ नागरिकले हासिल गरेका ज्ञान, अनुभव र सीपलाई निजको क्षमताअनुसार गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति र संसदमा संलग्न गराई सहयोग लिने व्यवस्था मिलाउने ।
- ज्येष्ठ नागरिकलाई सुविधा प्रदान गर्ने उद्देश्यले ऐन नियममा भएका प्रवधानहरू लागु गर्न आवश्यक व्यवस्था मिलाउन र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन कार्यविधि २०६५ मा ऐनसित बाझिएको उमेरको हद संशोधन गरी एकरूपता कायम गरी सबै ज्येष्ठ नागरिकले बिना कुनै भेदभाव सहज किसिमले वृद्धभत्ता पाउने व्यवस्था मिलाउने ।
- ज्येष्ठ नागरिकसम्बन्धी सही तथ्याङ्क सङ्कलन गरी सार्वजनिक गर्न तथा सर्वेक्षणबाट प्राप्त चुनौतीहरूलाई समाधान गर्न आवश्यक र सक्षम संयन्त्रको विकास गर्ने ।
- ज्येष्ठ नागरिकका हकहित, स्वास्थ्यको समस्या र अन्य सुविधाबारे राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरु अविलम्ब लागु गर्ने ।

अन्त्यमा, आज जन्मलिएका शिशुपछि ज्येष्ठ नागरिकको अवस्थामा पुग्दछन् । प्रकृतिको यो अपरिवर्तनीय नियम सबै प्राणीमा लागू हुन्छ र यस सत्यलाई कसैले बिर्सनु हुन्न । बाबुआमाले निःस्वार्थ भावले आपतविपत् झेल्दै विभिन्न किसिमका कष्ट सहदैं पालनपोषण गरी हुर्काएका आफ्ना सन्तानबाट उपेक्षाभावको कल्पना गर्न सकिन्न । आफ्ना छोराछोरी बुढेसकालको सहारा हुन्छ भन्ने आशा आमाबाबुले मनमा पालिराखेका हुन्छन् । उनको यस कोमल भावनालाई नचुडाऔं र बाबु आमाको बुढेसकालको लौरो बनौं र मातापितालाई देवता मान्ने पूर्वीय संस्कृतिलाई अक्षुण्ण राखी अगाडि बढौं । ज्येष्ठ नागरिकलाई सम्मान गरौं । पारिवरिक विचलनलाई रोक्न प्रयत्नशील रहौं ।

*ज्येष्ठ नागरिकको हकहित संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन २०६३ मा लेखिएका ज्येष्ठ नागरिकलाई दिने सुविधा हात्तीका देखाउने दाँत मात्र छन् भन्ने कुराका थुप्रै उदाहरण पाउन सकिन्छ । ज्येष्ठ नागरिक ऐन २०६३ मा उल्लेख भएका ज्येष्ठ नागरिकको उपचार खर्चमा ५० प्रतिशत छुटको व्यवस्थालाई सरकारी स्वास्थ्य संस्थाले नै मान्यता दिएका छैनन् । यसरी सरकारले जारी गरेका ऐनमा उल्लेख भएका सुविधा ज्येष्ठ नागरिकलाई सरकारी संस्थाले प्रदान नगर्नु निश्चय पनि दुर्भाग्यपूर्ण हो । यसका लागि ज्येष्ठ नागरिकको तर्फबाट विरोधका जोडदार आवाज उठाउनु पर्छ । सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन र धेरै समय पछाडि बनाएको नियममा कतिपय कुरा अधुरो वा अपूरो छन् । त्यसमा समयानुकुल संशोधन हुनु आवश्यक छ ।*

२०६६ सालमा

# मानवअधिकारको अवस्था

वि.सं. २०६६ मा नेपालमा मानवअधिकारको अवस्थामा विभिन्न उतारचढावहरू आए जसमा केही सकारात्मक पहलहरू भए भने मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरू समेत भए। नागरिक अधिकार सुनिश्चित गर्ने देशकै मूल कानुन अर्थात् संविधान बनाउन जुटेको संविधानसभाले संविधान निर्माणका लागि धेरै कार्यहरू गऱ्यो यद्यपि निर्धारित समयमा संविधान बन्न सकेन। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई व्यवस्थापिका संसदले २०६६ पुस १२ गते अनुमोदन गऱ्यो। यसै वर्ष नेपाल सरकारले सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रको रूपमा रहेका सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसम्बन्धी विधेयक व्यस्थापिका संसदमा पेस गऱ्यो। त्यसैगरी, सरकारले आर्थिक वर्ष ०६६/०६७ मा १० अर्ब १६ करोड रूपैया बजेट बिनियोजन गऱ्यो जसले सशस्त्र द्वन्द्वका पीडितको उद्धार, भौतिक संरचनाको पुनःनिर्माण लगायतका विषयमा काम गर्ने छ।



*देशको मानवअधिकार अवस्थाका बारेमा नेपालका राष्ट्रपति समक्ष जानकारी गराउँदै आयोगका पदाधिकारीहरू*

यसै वर्ष, एकीकृत नेकपा (माओवादी) को सैन्यशिविरमा रहेका अयोग्य भनिएका लडाकुहरूको बर्हिगमन भयो। पर्यटन वर्ष २०११ घोषणा गरिएको सन्दर्भमा प्रमुख राजनीतिक दलहरूबाट बन्दहड्ताल जस्ता कार्यक्रमहरू नगर्ने लिखित प्रतिबद्धता व्यक्त भयो। यसै अवधिमा नेपाल सरकारले सन् २०१० लाई महिला हिंसा विरुद्धको वर्ष घोषणा गऱ्यो जसअन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गुनासो सुन्न र जानकारी प्राप्त गर्न हटलाइनको स्थापना गरियो। नेपाल सरकारले मानवअधिकारको संरक्षण र प्रवर्द्धनका विषयमा सरकारले कसैसँग सम्भौता नगर्ने प्रतिबद्धता व्यक्त गऱ्यो।

सशस्त्र द्वन्द्वपीडित व्यक्ति वा परिवारले राहत पाउने कार्यमा विगत वर्षको तुलनामा सङ्ख्यात्मक रूपमा वृद्धि भएको पाइयो। राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिसको आधारमा समेत नेपाल सरकारबाट विगत वर्षको तुलनामा यस वर्ष थप व्यक्ति तथा परिवारलाई राहत दिने कार्य भयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह मन्त्रालय र रक्षा मन्त्रालयलाई राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयनमा पूर्ण सहयोग गर्न लिखित निर्देशन दियो।

सशस्त्र द्वन्द्वका क्रममा विस्थापित व्यक्तिहरू आफ्नो थातथलोमा फिर्ता हुनेक्रम यो वर्ष पनि जारी रह्यो। सरकारबाट उच्चस्तरीय भूमिसुधारका लागि विभिन्न पहलहरू भए। देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रको रूपमा रहेका सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको गठनसम्बन्धी विधेयकहरू व्यवस्थापिका संसदमा पेस भए। सशस्त्र द्वन्द्वमा पीडितको उद्धार, भौतिक संरचनाको पुनःनिर्माण लगायतका विषयमा सरकारले बजेट छुट्याउने काम गऱ्यो।

उल्लिखित सकारात्मक पहलहरू हुँदाहुँदै पनि २०६६ सालमा देशको समग्र मानवअधिकार अवस्था सन्तोषजनक रहन सकेन। नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी दस्तावेजहरू नेपाली योजना र कानुन कार्यान्वयनमा प्रतिविम्वित हुन सकेनन्। यस अवधिमा पनि विगत वर्षमाभैं दण्डहीनताको अवस्था कायमै रह्यो। शान्ति सुरक्षामा सुधार हुन सकेन। सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेन। द्वन्द्वमा जफत गरिएका सम्पत्तिहरू पूर्ण रूपमा फिर्ता हुन सकेनन्। प्रधानमन्त्रीबाट मानवअधिकारको संरक्षणको विषयमा सरकारले कसैसँग सम्भौता नगर्ने प्रतिबद्धता व्यक्त गरेपनि व्यवहारमा त्यो देखिएन। नागरिक अदालतबाट निरूपण हुनु पर्ने फौजदारी मुद्दाको विषयमा नेपाली सेनाका आरोपित व्यक्तिलाई नागरिक अदालतमा पठाउने कार्य भएन। बरु, मानवअधिकार उलङ्घनका आरोपी सैनिक अधिकारीलाई बढुवा गर्ने काम भयो। यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले २०६६ असार २१ गते नेपाल सरकारलाई 'मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपछि मात्र पदोन्नतिको निर्णय लिन' गरेको सिफारिसको पालना भएन।




सरकारले यस अवधिमा काभ्रे जिल्लाअदालतबाट पक्राउ पूर्जी जारी गरिएका एक सैनिकलाई संयुक्त राष्ट्रसङ्घीय मिसनमा

पठायो । यसरी खटाईएका सैनिकलाई पछि निज खटिएको अफ्रिकी मुलक् चाडबाट मानवअधिकार उल्लङ्घनमा संलग्न भएको भन्दै राष्ट्रसङ्घीय शान्ति स्थापना विभागले नेपाल फिर्ता पठायो । यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरी, नागरिक समाज तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनीधिहरू समेतले निजलाई नागरिक अदालतमा सुम्पन पटक-पटक अनुरोध गरे । तर सो कार्य हुन सकेन । निज आरोपी सैनिकमाथि कानुनी कारबाहीको प्रकृया अगाडि नबढ्दा दण्डहीनतालाई बढावा दिने कार्यमा यसले थप सहयोग पुऱ्यायो । यसबाट नेपाल सरकार रक्षा मन्त्रालय एवम् नेपाली सेनाको मानवअधिकार प्रतिको प्रतिबद्धताको व्यवहारिक पालनामा प्रश्न उठ्ने अवस्था आयो ।

यस अवधिमा शान्ति सुरक्षाको अवस्था सुदृढ हुन नसक्नु र दण्डहीनताले प्रश्रय पाइरहेको सन्दर्भमा मृत्युदण्डको कानुन बनाउनु पर्ने सम्मका आवाजहरू संविधानसभामा गुञ्जिए । देशमा विभिन्न व्यक्ति समूहबाट व्यक्ति हत्या गर्ने क्रम रोकिएन । त्यस्तै धम्की, फिरौती माग गर्ने, असुल गर्ने तथा अपहरण गर्ने कार्य, खासगरी तराईका क्षेत्रमा अत्यधिक मात्रामा भए । संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबीच एकता नहुँदा देशको शान्ति प्रकृया निष्कर्षविहीन बन्यो ।

वर्ष २८१ पटक बन्द भयो । यस वर्ष व्यक्ति बेपत्ता पारिएको भनी ८८ घटना जानकारीमा आए । यो वर्ष १ हजार २३७ जना व्यक्तिहरू विभिन्न कारणबाट विस्थापित हुनु पऱ्यो । मानव बेचबिखनतर्फ ७२ र बलात्कारसम्बन्धी १०३ घटनाहरू भए ।

सरकारले यसै वर्ष केही जिल्लाहरूमा विशेष सुरक्षा कार्यक्रम लागु गरेको भए पनि ती जिल्लामा शान्तिसुरक्षाको अवस्थामा उल्लेख्य सुधार भएको पाइएन । राष्ट्रसेवक कर्मचारीहरू समेत नेपाल सरकारका मन्त्रीलगायत उच्च अधिकारीहरूबाटै असुरक्षित बने । प्रमुख राजनीतिक दलसमेत अर्धसैनिक दस्ता खडा गर्न उद्वत रहँदा देशको शान्ति सुरक्षा र कानुनी शासनको परिपालनामा बाधा उत्पन्न भयो । आपराधिक घटनाहरूलाई राजनीतिक हस्तक्षेप र संरक्षण हुँदा देशमा दण्डहीनता बढ्दोक्रममा रह्यो । फौजदारी अभियोगमा दोषी पाइएका व्यक्तिलाई समेत यो वा त्यो दलको कार्यकर्ता भएकाले छुटाउनै पर्ने भनी दबाब दिइरहँदा न्याय प्रशासनले स्वतन्त्रतापूर्वक काम गर्न सकेन । राजनीतिक दलका जिम्मेवार नेता-कार्यकर्ताहरूबाट सार्वजनिक रूपमा समाजमा घृणा, द्वैष र हिंसा फैलाउने किसिमका अभिव्यक्तिहरू प्रकट हुँदा देशका विभिन्न भागहरूमा झडपका घटनाहरू वृद्धि भयो । यसबाट समग्र शान्तिप्रक्रिया नै जटिल मोडमा पुग्यो ।

| उपलब्धिहरू | चुनौतीहरू |
|---|---|
| • अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण सम्बन्धी महासन्धि २००६ लाई व्यवस्थापिका संसदले २०६६ पुस १२ मा अनुमोदन ।<br>• नेपाल सरकारद्वारा सन् २०१० लाई महिला हिंसा विरुद्धको वर्ष घोषणा,<br>• सङ्क्रमणकालीन न्यायका प्रमुख संयन्त्रको रूपमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसम्बन्धी विधेयकहरू व्यवस्थापिका संसदमा पेस ।<br>• नेपाल सरकारबाट सशस्त्र द्वन्द्व पीडितको उद्धार, भौतिक संरचनाको पुनः निर्माण आदिका लागि शान्ति कोषबाट १० अर्ब १६ करोड बजेट विनियोजन ।<br>• एकीकृत नेकपा (माओवादी) को सैन्य शीविरमा रहेका मापदण्ड नपुगेका लडाकुहरूको बर्हिगमन ।<br>• प्रमुख राजनीतिक दलहरूबाट बन्दहड्ताल जस्ता गतिविधिहरू नगर्ने प्रतिबद्धता ।<br>• मानवअधिकारको संरक्षण र प्रवर्द्धनका विषयमा सरकारको स्पष्ट प्रतिवद्धता ।<br>• द्वन्द्वपीडित व्यक्ति वा परिवारले राहत पाउने काम विगत वर्षको तुलनामा संख्यात्मक रूपमा वृद्धि ।<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह र रक्षा मन्त्रालयलाई आयोगका सिफारिस कार्यान्वयन गर्न लिखित निर्देशन । | • सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन नसक्नु,<br>• मानवअधिकारसम्बन्धी दस्तावेजहरू नेपाली योजना र कानुन कार्यान्वयनमा प्रतिविम्वित हुन नसक्नु,<br>• दण्डहीनताको अवस्था कायमै रहनु,<br>• शान्ति सुरक्षामा सुधार हुन नसक्नु, चन्दा, बन्दहड्ताल, अपहरण जस्ता कार्य नरोकिनु,<br>• द्वन्द्वमा जफत गरिएका सम्पतिहरू पूर्ण रूपमा फिर्ता नहुनु,<br>• राष्ट्रिय मानवअधिकार आयोगलाई सबल बनाउने कार्यमा सरकारी निकायको व्यवहारिक प्रतिबद्धता नदेखिनु,<br>• देशमा विभिन्न व्यक्ति समूहबाट व्यक्ति हत्या गर्ने क्रम नरोकिनु,<br>• आपराधिक कार्यमा संलग्न व्यक्ति तथा समूहहरूलाई राजनीतिक संरक्षण हुनु,<br>• नागरिक अदालतबाट निरोपण हुनु पर्ने फौजदारी मुद्दाको विषयमा नेपाली सेनाले आरोपित व्यक्तिलाई नागरिक अदालतमा पठाउने कार्य नगर्नु ।<br>• प्रमुख राजनीतिक दलहरू समेत अर्धसैनिक दस्ता खडा गर्न उद्दत रहनु,<br>• राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन नहुनु । |

वि.सं. २०६६ मा भएका प्रमुख घटनाहरूको अध्ययन गर्ने हो भने पनि देशको समग्र मानवअधिकार अवस्था सन्तोषजनक रहन नसकेको देखिन्छ । राष्ट्रिय मानवअधिकार आयोगको सुरक्षा इकाईमा अभिलेख भएअनुसार यस वर्ष बम विष्फोट र विभिन्न पक्षबाट देशभरिमा ३३१ जना व्यक्तिहरू मारिए । २३० जना व्यक्तिहरू अपहरणमा परेकोमा १३७ जना मात्र अपहरणमुक्त भए तर बाँकी व्यक्तिहरूको मुक्तिको सम्बन्धमा जानकारीहरू प्राप्त हुन सकेनन् । बेवारिसे र योजनाबद्ध तरिकाले विष्फोट गराइएको बमको कारण घाइते हुनेको सङ्ख्या १२४ रह्यो । यसै अवधिमा जीवनको अधिकारमा धम्की दिएका ३५२ घटना सार्वजनिक भए । यातना दिएको भनी ११४ घटनाहरू सार्वजनिक भए । देशका विभिन्न भागमा धेरै बन्द र हडतालहरू भए । आयोगको सुरक्षा इकाईको तथ्याङ्कअनुसार सम्पूर्ण र देशका विभिन्न भागमा गरी यस

यसै वर्ष देशको सुदूर पश्चिमका केही जिल्लाहरूमा फैलिएको झाडा-पखालाको कारण बालबालिकासहित ३११ जना व्यक्तिहरूको मृत्यु भयो । यस महामारीलाई रोक्न सरकारले एकातिर पर्याप्त सतर्कता अपनाएन, अर्कातिर, समयमै उद्धारकार्य नहुँदा यो महामारी मध्यपश्चिम र सुदूरपश्चिमका धेरै जिल्लामा फैलियो । यसबाट आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को पक्षराष्ट्र बनेको नेपालले आफ्ना प्रतिवद्धताहरू पूरा गर्न सकेन । त्यसैगरी, अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्न संसद र राष्ट्रिय मानवअधिकार आयोगले दिएको निर्देशनलाई सरकारले महत्व दिएन । जातीय छुवाछुत तथा विभेद अन्त्य गर्ने संसदीय घोषणासमेत व्यवहारमा लागु भएको पाइएन ।

- ***प्रस्तुतिः श्यामबाबु काफ्ले, अधिकृत***

# मानवअधिकारको अवस्था...

## पश्चिम तराई क्षेत्र

वि.सं. २०६६ मा सशस्त्र द्वन्द्वको समयको तुलनामा लुम्बिनी अञ्चलका जिल्लाहरू तथा चितवन जिल्लामा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीको घटनामा केही कमी आए पनि समग्र मानवअधिकारको अवस्था सन्तोषजनक रहेन। यसमा मुख्य जिम्मेबार रहेका छन् तराईका सशस्त्र समूहहरू जसले दिनहुँजसो हत्या, अपहरण, चन्दा आतङ्क, विस्थापन, लुटपाट, सरकारी तथा निजी सम्पत्तिको क्षति, बन्दहड्ताल लगायतका गतिविधिहरू गरिरहेका छन्। सशस्त्र समूहका गतिविधिले शान्ति सुरक्षाको अवस्था नाजुक रहेको र आधारभूत मानवअधिकार उपभोगमा समेत अवरोध सिर्जना भएको छ। विशेष सुरक्षा कार्यक्रम लागु भएता पनि शान्तिसुरक्षाको जिम्मेवारी लिएका राज्यका निकायहरू सशस्त्र समूहका गतिविधि रोक्न सफल भएको पाइएन। त्यसैगरी, सुरक्षा निकायले गैरन्यायिक थुनामा नराख्ने, यातना नदिने, २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्ने, अत्यधिक बल प्रयोग नगर्ने जस्ता मानवअधिकार न्यूनतम मापदण्डहरूलाई पालन गरेको देखिदैन।

२०६४ भदौ ३० गते कपिलवस्तुमा भएको घटनाका पीडित व्यक्ति वा तिनका परिवारले अझसम्म पनि न्याय पाएका छैनन्। यो घटनाका सम्बन्धमा गठन भएको छानबिन आयोगको प्रतिवेदन दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि सार्वजनिक नहुँदा सरोकारवालाहरू निराश बनेका छन्। त्यसैगरी, सशस्त्र द्वन्द्वका क्रममा पीडित यस क्षेत्रका मानिसले पनि अझसम्म राहत पाउन सकेका छैनन्।

एक वर्षको अवधिमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका विषयमा यो क्षेत्रमा सरकारका तर्फबाट कुनै उल्लेखनीय काम भएको पाइएन। घरेलु हिंसा, बाल विवाह, यौन दुर्व्यवहार, चेलीबेटी बेचविखन, एचआईभी सङ्क्रमण, स्वास्थ्योपचारको असुविधा, जातीय विभेदका घटनाहरूमा कमी आएको देखिँदैन। द्वन्द्व र अन्य समयमा कब्जा गरिएका सम्पत्ति फिर्ता गर्न सम्बन्धित पक्षहरू अझै तयार भएका छैनन्। पिउने पानीको स्रोत दूषित भएकाले यहाँका सर्वसाधारणको स्वास्थ्य अवस्था दयनीय छ।

यसै वर्ष राष्ट्रिय मानवअधिकार आयोगले जनकपुरमा मध्यमाञ्चल क्षेत्रीय कार्यालय तथा जुम्ला, खोटाङ र बुटवलमा उपक्षेत्रीय कार्यालयहरूको स्थापना गऱ्यो। यसबाट आयोगसम्म सर्वसाधारणको पहुँच अझ बढ्ने विश्वास गर्न सकिन्छ। मानवअधिकारको अवस्था कमजोर भइरहँदा देशकै मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी पाएको राष्ट्रिय मानवअधिकार आयोगलाई वैधानिक र अन्य हिसाबले सुदृढ बनाउने कार्य हुन सकेन। सरकारले व्यवस्थापिका संसदमा पेस गरेको प्रस्तावित विधेयकमा आयोगको स्वतन्त्रता र स्वायतता शब्दहरू नै हटायो। यस सम्बन्धमा आयोगले पटकपटक गरेको सिफारिस र अनुरोधलाई सरकारले बेवास्ता गऱ्यो। यति मात्र हैन उक्त विधेयकमा कर्मचारीविहीन आयोगको कल्पना गरियो। आयोगलाई संवैधानिकतामा परिणत भएपछि यसको स्वतन्त्रता र स्वायत्ततामा निरन्तर आक्रमण भईरह्यो। केही सञ्चार माध्ययमले आयोगको अस्तित्वलाई नै चुनौती दिने गरी भ्रमपूर्ण समाचार फैलाउन लागि परेको पनि पाईयो। यस वर्ष आयोगले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी कम्तिमा १२५ उजुरीमा अनुसन्धान सम्पन्न गरेको छ भने दुई सयभन्दा बढी पटक विभिन्न स्थानमा स्थलगत अनुगमन पूरा गरेको छ। त्यसैगरी, आयोगले वि.सं. २०६६ भरिमा गरेका सिफारिसहरूमध्ये वर्षको अन्त्य सम्ममा ११ सिफारिस पूर्ण कार्यान्वयन भएको पाईएको छ भने १०३ सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भएको देखिन्छ।

***- दीपकजङ्ग ध्वज कार्की, नि. निर्देशक***

## मध्यतराई क्षेत्र

यो वर्ष मध्य तराईका जिल्लाहरूमा मानवअधिकारको अवस्था ज्यादै चुनौतिपूर्ण रह्यो। मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरू हुने तर तिनको नियन्त्रणमा न्याय प्रशासन सशक्त बन्न नसक्दा दर्जनौं सर्वसाधारणले ज्यान गुमाए भने हजारौं मानिस अपहरण, धम्की र जबर्जस्ति चन्दाका घटना भोग्न बाध्य भए। मध्यतराईका जिल्लाहरूमा मानवअधिकारको खस्कँदो स्थितिलाई ध्यानमा राख्दै राष्ट्रिय मानवअधिकार आयोगले २०६६ जेठ २६ गते जनकपुरमा मध्यमाञ्चल क्षेत्रीय कार्यालयको स्थापना गऱ्यो। यसबाट मध्यतराइ क्षेत्रमा मानवअधिकारको अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ।

तराईको सन्दर्भमा भयरहित वातावरणमा व्यक्तिको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न वर्ष २०६६ सफल बन्न सकेन। स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने, निर्भयतापूर्वक आफ्नो पेसा व्यवसाय गर्ने, वैचारिक आस्था वा विचारहरू अभिव्यक्त गर्न पाउने, सम्पत्तिको सुरक्षा गर्न पाउने अधिकारहरू यो वर्ष मूलरूपमा प्रभावित भए। अपहरण, फिरौती, भौतिक क्षति जस्ता नागरिक तथा राजनीतिक अधिकारहरू व्यापक उल्लङ्घनको अवस्था रहे भने जबर्जस्ति चन्दा, सम्पत्ति कब्जा, कृषि मल तथा बिउको अभाव लगायतका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू पनि प्रगति-शून्य अवस्थामा रहे।

यो वर्ष आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरमा ५६ ओटा मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरू दर्ता भए जसमा न्याय प्रशासनसम्बन्धी २४, गैरन्यायिक हत्यासम्बन्धी १७ र अन्य १५ छन्। यो वर्षभरि आयोगले गरेको सञ्चारमाध्यमको अनुगमनमा ५० व्यक्तिको जीवनको अधिकार हनन भएको पाइएको छ जसमा राज्यपक्षबाट १६ र गैरराज्यपक्षबाट ३४ जना छन्। त्यस्तै अपहरणसम्बन्धी घटना ६ ओटा, बोक्सीको आरोपसम्बन्धी ४, बम विस्फोटसम्बन्धी ८ घटना भएका छन्।

यस क्षेत्रमा आपराधिक उद्देश्यले विभिन्न समूहहरू गठन हुने र अपराधकर्मबाट बच्न राजनीतिक समूह भएको दाबी गर्ने परम्परा नै बनिसकेको छ। यस अवस्थाको चरम उत्कर्षले गर्दा राजनीति के हो र अपराध कुन हो भन्ने कुरामा सर्वसाधारण द्विविधापूर्ण मनस्थितिमा छन्। सरकारले यस क्षेत्रको शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउनका लागि २०६६ भदौ महिनादेखि *शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानवअधिकारको रक्षाको लागि विशेष कार्यक्रम, २०६६* लागु गऱ्यो। सोचेअनुरूप सफलता प्राप्त गर्न नसके पनि यो कार्यक्रम लागु भएपछि मध्यतराईमा सशस्त्र समूहका आपराधिक गतिविधिमा कमी आएको देखिन्छ। तर, प्रहरी बढी सक्रिय हुँदा धनुषा, महोत्तरी, रौतहट, बारा र पर्सा जिल्लामा भएको भनिएका दोहरो भीडन्तमा एक दर्जनभन्दा बढी व्यक्ति मारिए। यसले राज्यकै तर्फबाट अपराध बढाउने काम भयो। दोहोरो भीडन्त भनिएका घटनामा व्यक्तिलाई नियन्त्रणमा लिई गैरन्यायिक हत्या गरेको भनी राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले लिखित जानकारी पठाएको तथा त्यस्तै व्यहोराका उजुरी आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालयमा समेत दर्ता भएको सन्दर्भमा सुरक्षाकर्मीका गतिविधिहरूबाट समेत मानवअधिकार उल्लङ्घन भएको हुनसक्ने देखिन्छ।

महिला हिंसा, खासगरी बोक्सीको आरोपमा हुने कुटपिट र दुर्व्यवहार तथा घरभित्र हुने हिंसाका घटनामा कमि आएको अनुभव गर्न सकिदैन। जातीय र लैंङ्गिक विभेदको विकराल रूपमा वर्ष २०६६ मा कुनै ठोस प्रगति भएको पाईदैन। स्थानीय प्रशासनबाट हुने ढिलासुस्ती, प्रहरी प्रशासनले जाहेरी दर्खास्त लिन नमान्ने, राजनीतिक समूहबाट दिइने दबाब आदिले न्याय प्रशासनमा चुनौतीहरू देखापरेका छन्।

***- प्रस्तुतिः प्रदीपकुमार झा, नि. निर्देशक***

# २०६६ आयोगमा परेका उजुरीहरूको विश्लेषण

राष्ट्रिय मानवअधिकार आयोगका कार्यालयहरूमा वि.सं. २०६६ मा ४४७ उजुरीहरू परेका छन् । यो सङ्ख्या अघिल्लो वर्षभन्दा ३९६ ले कम हो । वि.सं. २०६५ मा ८४३ र २०६४ सालमा १२८२ उजुरी परेका थिए । यो वर्ष हत्यासम्बन्धी ५० (सुरक्षाकर्मीबाट ३५, एनेकपा माओवादीबाट ८ र अन्यबाट ७), व्यक्ति बेपत्ता, अपहरण र स्थिति अज्ञातसम्बन्धी ६९ (सुरक्षाकर्मीबाट २७, एनेकपा माओवादीबाट १३ र अन्य समूहबाट २९) उजुरी आयोगमा दर्ता भएको थियो । त्यस्तै सुरक्षाकर्मीबाट यातना पाएको सम्बन्धमा ५६ र अन्य समूहबाट भएका दुर्व्यवहारसम्बन्धी १६ ओटा घटना आयोगमा उजुरीका रूपमा दर्ता भए । घाइते वा कुटपिट भएको सम्बन्धमा जम्मा २२ (सुरक्षाकर्मीबाट ७ र एनेकपा माओवादीबाट १० र अन्यबाट ५) उजुरीहरू आयोगमा दर्ता भए । आन्तरिक रूपमा विस्थापित भएकोबारे १५ उजुरी परे जसमा सुरक्षाकर्मीको कारणबाट यो वर्ष कसैले पनि विस्थापित हुनु परेको जानकारी आयोगमा प्राप्त भएन तर एनेकपा माओवादीबाट ८ र अन्य समूहबाट विस्थापित भएको भनी ७ उजुरीहरू आयोगमा दर्ता भए । त्यस्तै, सम्पत्ति कब्जाबारे १६ उजुरी (सुरक्षाकर्मीबाट ३, एनेकपा माओवादीबाट ९ र अन्यबाट ४), र धम्कीका ३३ (सुरक्षाकर्मीबाट १०, एनेकपा माओवादीबाट ६ र अन्यबाट १७) घटना आयोगका कार्यालयहरूमा दर्ता भए ।

अघिल्लो वर्षजस्तै वर्ष २०६६ मा पनि हत्या भएको सम्बन्धमा सबैभन्दा बढी उजुरी सुरक्षाकर्मीका विरुद्धमा परेको छ भने बेपत्ता, यातनाका धेरै घटना गराउने भनी यो वर्ष सुरक्षाकर्मीको संलग्नता दाबी गरिएको छ । कुटपिट, आन्तरिक विस्थापन र सम्पत्ति कब्जाका घटनामा एनेकपा (माओवादी) अग्रणी देखिएको छ भने धम्कीका घटनामा तराईका विभिन्न समूह अगाडि देखिएका छन् । हत्याका धेरैजसो उजुरीहरू द्वन्द्वकालतर्फ लक्षित छन् । केही सम्पति कब्जा र आन्तरिक विस्थापितका घटनासमेत द्वन्द्वकालकै परिणति हुन् तर धम्की, कुटपिट, यातना र दुर्व्यवहारका सम्बन्धमा परेका सबैजसो उजुरीहरू वर्ष २०६६ मै भएका हुन् ।

**विषयगत आधारमा आयोगमा परेका उजुरी**

| मानवअधिकार उल्लङ्घनको विषय | उजुरी संख्या |
|---|---|
| हत्या | ५० |
| बेपत्ता/अपहरण | ६९ |
| यातना/दुर्व्यवहार | ७२ |
| घाइते/कुटपिट | २२ |
| विस्थापित | १५ |
| सम्पति कब्जा | १६ |
| धम्की | ३३ |
| कारागार/थुनासम्बन्धी | १४ |
| क्षतिपूर्ति | १० |
| नागरिक अधिकार | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | २२ |
| महिला अधिकार | ३२ |
| बालअधिकार | १४ |
| न्याय प्रशासन | ६० |
| विदेशमा नेपाली | ४ |
| अन्य | १० |
| **जम्मा** | ४४७ |

यो वर्ष महिला अधिकारसम्बन्धी ३२ (अघिल्लो वर्ष ५८), बालअधिकारसम्बन्धी १४ (अघिल्लो वर्ष ७९), कारागार/थुनासम्बन्धी १४ (अघिल्लो वर्ष २९), नागरिक अधिकारसम्बन्धी ४ (अघिल्लो वर्ष १७), आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी २२ (अघिल्लो वर्ष ३८) र क्षतिपूर्तिसम्बन्धी १० (अघिल्लो वर्ष १५) उजुरी दर्ता भएर अघिल्लो वर्षभन्दा घट्दो क्रममा देखिए । तसर्थ, उल्लिखित विषयहरूमा मानवअधिकारको अवस्था सकारात्मक भएको मान्न सकिन्छ । तर न्याय प्रशासन सम्बन्धमा अघिल्लो वर्षभन्दा चारओटा बढी अर्थात् ६० उजुरीहरू दर्ता भए । उजुरी दर्तालाई आधार मान्दा अघिल्ला दुई वर्षहरू (२०६४ र २०६५) भन्दा वर्ष २०६६ मा हत्या र बेपत्ताका घटनामा उल्लेखनीय सुधार भएको देखिन्छ ।

क्षेत्रगत आधारमा आयोगमा उजुरी दर्ताको स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी उजुरीहरू केन्द्रीय कार्यालयमा १३१ र त्यसपछि क्रमश: पूर्वाञ्चलमा ८३) मध्यमाञ्चलमा ५८, मध्यपश्चिमाञ्चलमा ५७ र पश्चिमाञ्चलमा ५४ तथा सुदूरपश्चिमाञ्चलमा २४ उजुरी परे । त्यसैगरी, आयोगका उपक्षेत्रीय कार्यालयहरूमध्ये बुटवलमा २६, जुम्लामा ९ र खोटाङमा ५ उजुरी दर्ता भए । यो वर्ष आयोगको तत्कालीन जनकपुर सम्पर्क कार्यालयलाई मध्यमाञ्चल क्षेत्रीय कार्यालय र अन्य सम्पर्क कार्यालयहरूलाई उपक्षेत्रीय कार्यालयमा स्तरीकरण गरिएको हो ।

मासिक आधारमा आयोगमा यो वर्ष सरदर ३७.२५ उजुरी परेको देखिन्छ जबकि वर्ष २०६५ मा यो दर ७०.२५ र वर्ष २०६४ मा १०६.८३ को अनुपातमा थियो । यो वर्षको वैसाख महिनामा सबैभन्दा बढी अर्थात् ५३ उजुरी आयोगमा दर्ता भए । त्यस्तै, सबैभन्दा कम उजुरी दर्ता भएको महिना मङ्सिर रह्यो । यो महिनामा केवल २२ उजुरीहरू दर्ता भए । विषयगत आधारमा यो वर्ष आयोगमा यातना र दुर्व्यवहारसम्बन्धी उजुरी सबैभन्दा बढी (७२) दर्ता भए । त्यसपछि दोस्रो महत्वपूर्ण विषय बन्यो बेपत्ता/अपहरण जसमा ६९ परे र न्याय प्रशासनले तेस्रो महत्वपूर्ण स्थान ओगट्यो जसमा ६० उजुरी परे । त्यसैगरी नागरिक अधिकार तथा विदेशमा नेपाली शीर्षकअन्तर्गत सबैभन्दा कम अर्थात् ४/४ उजुरी परे ।

यो वर्ष राज्यपक्षबाट भन्दा पनि गैरराज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू बढी भए । जस्तै: हत्या, बेपत्ता/अपहरण, यातना/दुर्व्यवहार, घाइते/ कुटपिट, विस्थापित, सम्पति कब्जा र धम्कीका कुल घटनामा राज्यपक्ष विरुद्ध ८१ र गैरराज्यपक्ष विरुद्ध १३९ (एनेकपा माओवादीबाट ५४, अन्य विभिन्न समूहबाट ८५) घटना दर्ता भएका छन् । राज्यविरुद्ध कम उजुरी दर्ता भएको आधारमा राज्यका संयन्त्रहरू मानवअधिकारप्रति संवदेनशील बन्दै गएको मान्न सकिन्छ तर अर्कातिर, गैरराज्यपक्षबाट निकै ठूलो सङ्ख्यामा मानवअधिकार उल्लङ्घनका घटनाहरू हुने गरेकाले दण्डहीनता बढेको तथा राज्यका संयन्त्रहरू सर्वसाधारणको मानवअधिकार संरक्षणमा सफल नदेखिएको प्रष्ट हुन्छ ।

## उजुरीसम्बन्धी तथ्यहरू

- दर्ता भएका कूल उजुरी, ४४७ । राज्यपक्ष विरुद्ध ८१ र गैरराज्यपक्ष विरुद्ध १३९ ।
- हत्या, बेपत्ता, आन्तरिक विस्थापन र सम्पति कब्जाका धेरैजसो उजुरीहरू द्वन्द्वकालतर्फ लक्षित
- हत्या, बेपत्ता/अपहरण, यातना/दुर्व्यवहार, घाइते/कुटपिट, सम्पति कब्जा र धम्कीका सम्बन्धमा राज्यपक्ष विरुद्ध सबैभन्दा बढी उजुरी,
- न्याय प्रशासन बाहेक अन्य सबै विषयमा उजुरी घट्दो क्रममा,
- सबैभन्दा बढी उजुरी वैसाखमा (५३) र सबैभन्दा कम उजुरी मङ्सिरमा (२२)
- क्षेत्रगत आधारमा सबैभन्दा बढी उजुरी केन्द्रीय कार्यालयमा १३१ र सबैभन्दा कम खोटाङ उपक्षेत्रीय कार्यालयमा ५ उजुरी ।
- प्रति महिना सरदर उजुरी दर ३७.२५ ओटा

# कार्यान्वयनको अवस्था र चुनौतीहरू

राष्ट्रिय मानवअधिकार आयोगको मुख्य कार्यादेशहरूमध्ये सिफारिस पनि एक हो । नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई विभिन्न प्रकारका सिफारिसहरू गर्ने अधिकार प्रदान गरेको छ जुन मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत पनि छन् । अन्तरिम संविधान र ऐन अनुसार आयोगले नेपाल सरकारलाई निम्न प्रकारका सिफारिसहरू गर्न सक्छ ।




*नेपाली सेनाका प्रधान सेनापति छत्रमानसिंह गुरुङसहितको टोलीसँग सिफारिसहरूको कार्यान्वयनसम्बन्धी छलफल गर्दै आयोगका पदाधिकारीहरू*

- कुनै व्यक्ति वा समूहको मानवअधिकार उल्लङ्घनका सम्बन्धमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने ।
- मानवअधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाही र सजाय गर्न कारण र आधार खुलाई सिफारिस गर्ने । मानवअधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य पूरा गर्नुपर्ने पदाधिकारीले जिम्मेवारी पूरा नगरेमा वा पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सिफारिस गर्ने ।
- मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने ।
- मानवअधिकारसँग सम्बन्धित कानुनको पुनरावलोकन गरी आवश्यक संशोधनका लागि सिफारिस गर्ने ।
- मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित सिफारिस गर्ने ।
- पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन पक्ष अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा कार्यान्वयन गर्न सिफारिस गर्ने ।
- मानवअधिकार उल्लङ्घनका पीडित लाई क्षतिपूर्ति वा अन्तरिम राहत दिन आदेश वा सिफारिस गर्ने ।
- क्षतिपूर्तिको रकममध्ये केही अंश पीडकबाट पनि भराउने ।

## सिफारिसहरू र कार्यान्वयनको अवस्था

हालसम्म आयोगका सिफारिसहरू मूलत: नीतिगत व्यवस्थामार्फत् देशको मानवअधिकारको समग्र अवस्था सुदृढ गर्ने र व्यक्ति/समूह मानवअधिकार उल्लङ्घनबाट पीडित भएको भन्ने उजुरीका सम्बन्धमा गरिएका छन् । आयोग स्थापना भएदेखि २०६७ जेठ १३ गते सम्ममा आयोगले गैरन्यायिक हत्या, बेपत्ता, अपहरण, यातना, महिला विरुद्धको हिंसा, बाल अधिकार, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, गैरकानुनी थुना, बन्दीको अधिकार, न्याय प्रशासन/स्वच्छ पुर्पक्ष, सम्पत्ति कब्जा आदि विषयमा सिफारिसहरू गरेको छ । मुख्य गरी यस्ता सिफारिसहरूमा पीडित वा निजको हकवालालाई क्षतिपूर्ति वा अन्तरिम राहत प्रदान गर्न र दोषीमाथि कानुनबमोजिम कारबाही गर्नु पर्ने कुरा उल्लेख छन् । आयोगले केही उजुरीहरूमा सिफारिस गर्दा क्षतिपूर्तिको रकमको केही अंश पीडकबाट पनि भराउने निर्णय गरेको छ ।

यसबाहेक नीतिगत सिफारिसअन्तर्गत सन्धि अनुमोदन गर्न (रोम विधान आदि), महिला हिंसाको अन्त्य गर्न (बोक्सी प्रचलन, घरेलु हिंसा, मानव बेचबिखन आदि), आवश्यक कानुनी व्यवस्था तथा भएका कानुनमा संशोधन गर्न (तत्कालीन आतङ्ककारी अध्यादेश, मानव वेचविखन विरुद्धको ऐन आदि), आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्न (कमलरी प्रथाको अन्त्य, भूमि अधिकार आदि), जातीय भेदभाव अन्त्य गर्न (हलिया प्रथाको अन्त्यसमेत), बाल अधिकार संरक्षण गर्न (बाल मजदुर राख्न नपाउने व्यवस्था गर्न समेत) आदि सिफारिसहरू भएका छन् ।

२०६७ जेठ १३ गते सम्ममा आयोगमा प्राप्त उजुरी वा आयोगको स्वविवेकमा गरिएको अनुसन्धानसम्बन्धी सिफारिसहरूको सङ्ख्या ३८२ पुगेको छ । तीममध्ये ३४ ओटा सिफारिसहरू पूर्ण कार्यान्वयन भएका, १३६ ओटा आंशिक कार्यान्वयन र २१२ सिफारिसहरू कार्यान्वयन नभएको देखिन्छ ।

वर्षगत आधारमा वि.सं. २०६० मा आयोगका १४ ओटा सिफारिसहरूलाई सरकारले पूर्ण कार्यान्वयन गऱ्यो भने वि.सं. २०६६ मा ११ ओटा सिफारिसहरू पूर्ण कार्यान्वयन भए । त्यसैगरी २०६६ सालमै आयोगका १०८ ओटा सिफारिसहरू आंशिक कार्यान्वयन भए, यो आयोगको इतिहासमै सबैभन्दा ठूलो सङ्ख्या हो । अर्कातिर, वि.सं. २०५९ मा नेपाल सरकारले आयोगका एउटा पनि सिफारिस कार्यान्वयन गरेन । सिफारिस कार्यान्वयनका दृष्टिकोणले आयोगको दस वर्षे इतिहासमा त्यो वर्ष सबैभन्दा उपलब्धिहीन रह्यो ।

## सिफारिस कार्यान्वयनका लागि आयोगको पहल

राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसलाई सम्बन्धित निकाय वा अधिकारीले मान्नै पर्ने कानुनी व्यवस्था छ । मानवअधिकार आयोग ऐन, २०५३ को दफा १३ (४) अनुसार आयोगको सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायले तीन महिनाभित्र कारबाही अघि बढाउनु पर्छ । तर, कारबाही गर्न नमिल्ने अवस्था भएमा त्यसको कारण खुलाई आयोग समक्ष जानकारी पठाउनु पर्ने व्यवस्था छ । उल्लिखित कानुनी प्रावधानका बाबजुद आयोगले गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयनका लागि नेपाल सरकारले ठोस पहल गर्न सकेको छैन ।

तसर्थ, आफ्ना सिफारिसहरू कार्यान्वयनका लागि आयोगले विभिन्न प्रयासहरू गरिरहेको छ, जसअन्तर्गत राष्ट्रपति र व्यवस्थापिका संसदको ध्यानाकर्षण गराउने, नेपाल सरकारको ध्यानाकर्षण गराउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र पेस गर्ने, मन्त्री र उच्च पदस्थ सरकारी अधिकारीहरूसँग छलफल गर्ने र आयोगको चासोबारे जानकारी गराउने, सुरक्षा निकायका उच्च पदस्थ अधिकारीहरूसँग छलफल गर्नेलगायत छन् । तीबाहेक समयसमयमा विभिन्न माध्यमहरूबाट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्ने, नागरिक समाजसँग सहकार्य गर्ने, राज्यका राष्ट्रिय एवम् स्थानीय संयन्त्रहरूलाई सकारात्मक दबाब सिर्जना गर्ने आदि छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले सिफारिस गरेबमोजिम निर्णयहरूको कार्यान्वयन गर्ने वा गर्न नमिल्ने बारेमा नेपाल सरकारले आयोगलाई पत्र पठाउने गर्दछ । प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, नेपाली सेना जङ्गी अड्डा आदिबाट त्यस्तो जानकारी आयोगलाई प्राप्त हुन्छ । पछिल्लो पटक राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न समयमा गरेका सिफारिसहरू कार्यान्वयन गर्ने सम्बन्धमा सरकारले पहल थालेको छ । विगत द्वन्द्वको समयदेखि हालसम्म मानवअधिकार उल्लङ्घनसम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह, रक्षा र शान्ति तथा पुनःनिर्माण मन्त्रालयहरूलाई गत २०६६ साल साउन २३ गते पत्राचार गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको उक्त पत्रमा *'आयोगबाट भएको उपरोक्त सिफारिसहरूमध्ये यसअघि के कति कार्यान्वयन भएका छन् र पीडित पक्षलाई के-कति क्षतिपूर्ति उपलब्ध गराइएको छ, सोको पीडित पक्षको नामावली सहितको यथार्थ विवरण समेत अविलम्ब पठाई राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस कार्यान्वयमा पूर्ण सहयोग गरिदिन हुन ...'* भन्ने व्यहोरा उल्लेख छ । आयोगको सिफारिस कार्यान्वयन गर्ने क्रममा नै नेपाल सरकारले यस आर्थिक वर्षमा ६ करोड ५४ लाख बजेट बिनियोजन गरेको जानकारी प्राप्त हुन आएको छ ।

## निष्कर्ष

राष्ट्रिय मानवअधिकार आयोगले स्थापनाकालदेखि नै नेपाल सरकार र त्यससँग सम्बद्ध निकायहरूलाई मानवअधिकारका विविध विषयहरूमा सिफारिस गर्दै आएता पनि नेपाल सरकार तथा सम्बन्धित अन्य पक्षहरूले आयोगका सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन गर्नेतर्फ गम्भीर भएको पाइँदैन । मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही गर्न आयोगले गरेको सफारिसका सम्बन्धमा सरकारका तर्फबाट मौखिक प्रतिवद्धताहरू पर्याप्त भए पनि कार्यान्वयनको पक्ष निकै फितलो छ । आयोगको सिफारिस कार्यान्वयन गर्न सरकार आफैंले गत वर्ष १३६ जनाको सम्बन्धमा क्षतिपूर्ति दिने निर्णय गरे पनि सबै पीडितहरूले क्षतिपूर्ति पाउन नसकेको आयोगको अनुगमनबाट देखिएको छ । यसले सरकारका मन्त्रालयहरूबीच उचित समन्वय हुन नसकेको प्रष्ट हुन्छ । मुद्दा चलाउन गरिएको सिफारिसको कार्यान्वयनमा केही संवैधानिक र कानुनी जटिलता रहेको भन्ने महान्यायाधिवक्ताको कार्यालयका पदाधिकारीको भनाई सार्वजनिक हुनुले संवैधानिक र कानुनी स्पष्टता हुन आवश्यक देखिएको छ ।

आयोग स्थापनापछिको एक दशकको अवधिलाई विश्लेषण गर्दा नेपालमा दण्डहीनता मौलाउनुको एउटा महत्वपूर्ण कारण आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारले चासो नदिनु पनि हो । अतः नेपाल सरकारले आयोगका सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन गरी मानवअधिकारको प्रतिवद्धतालाई व्यवहारमा उतार्नु पर्दछ । आयोगका सिफारिसको बेवास्ता गर्नु भनेको सशस्त्र द्वन्द्व र विभिन्न समयका मानवअधिकार उल्लङ्घनबाट पीडित भएका सर्वसाधारणलाई थप निराश बनाउनु हो । अब विलम्ब नगरी आयोगका सिफारिसहरू कार्यान्वयन गरी पीडितलाई न्याय र दण्डहीनताको अन्त्य गर्न सरकार अगाडि बढ्नु पर्दछ ।

**– प्रस्तुतिः कोषराज न्यौपाने, उपनिर्देशक**



# मानवअधिकार व्यवस्थापन

नेपालमा मानवअधिकारको अवधारणा त्यति पुरानो मानिँदैन। सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भएको नाताले मानवअधिकारको विश्वव्यापी घोषणा १९४८ प्रति स्वतः जिम्मेवारीबोध हुन गएको हो। सन् १९७६ मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी दुई ठूला महासन्धिहरूको पक्षराष्ट्र बनिसकेपछि नेपालमा मानवअधिकारसम्बन्धी चेतनाको बिजारोपण हुन गएको मानिन्छ। नेपालले हालसम्म मानवअधिकारसम्बन्धी २१ ओटा दस्तावेजहरू, ११ ओटा श्रम संगठनसम्बन्धी सन्धिहरू, चारओटा जेनेभा महासन्धि हस्ताक्षर तथा अनुमोदन गरिसकेको अवस्था छ।

२०४७ सालमा लागू भएको नेपाल अधिराज्यको संविधानको प्रस्तावनामा 'मानवअधिकार' शब्दले प्रवेश पाउनुअघि नेपालको कुनै पनि कानुन र संविधानमा यस शब्दले स्थान प्राप्त गर्न नसकेको हामीलाई विदितै छ। निजी तथा गैरसरकारी अभियान तथा आन्दोलनका रूपमा भने मानवअधिकार नेपाली समाजमा नौलो विषय थिएन। २०५३ सालमा गैरसरकारी विधेयकको रूपमा मानवअधिकार आयोग ऐन आउनु, २०५७ सालमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना हुनु र २०६३ को अन्तरिम संविधानमा राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अंगका रूपमा स्थापना गरिनुले नेपालमा मानवअधिकार प्रतिको संवेदनशीलता तीव्रतर रूपमा बुझ्न थालिको छ। यद्यपि अपेक्षाकृत रूपमा मानवअधिकार आत्मसन्तुष्टि एवम् आत्मसम्मानको विषय बन्न नसकेको अवस्था छ।

विश्वमा लोकतान्त्रिक प्रणालीको विकास र त्यसको सुदृढीकरणका लागि र मानिसका जीवन, मर्यादा र स्वतन्त्रता तथा विभेद विरुद्धको आत्मसम्मानको सुनिश्चितताका लागि मानवअधिकार राष्ट्रिय संस्थाहरूको गठन हुने क्रम बढ्दै गएको छ। सरकार मानिसका न्यूनतम् आधारभूत आवश्यकताको परिपूर्ति गर्न समेत उदासिन रहने र दण्डहीनताको अन्त्यका लागि सक्रिय हुनुको साटो आर्थिक तथा नीतिगत रूपमा नै भ्रष्टाचारमा लिप्त रहने प्रवृत्तिले मानवअधिकारका विश्वव्यापी अवधारणा अनुरूपको लाभ वा संरक्षणबाट मानिस क्रमिक रूपमा वञ्चित भइरहेका छन्। अधिकार सुनिश्चितताको लागि न्यायिक ढिलासुस्ति, भ्रष्टाचार, प्रशासनिक उल्झन, नातावाद, घुसखोरी, दलीय दृष्टिकोण, गरिबी, पहुँच जस्ता अनेकन कुराहरू व्यावधानका रूपमा देखिन थाले पछि मानवअधिकार राष्ट्रिय संस्थाहरू यी सबैको साझा समाधानको केन्दविन्दुको रूपमा विकसित हुन पुगेका हुन्।

नेपालको सन्दर्भमा 'मानवअधिकार' मानिसको जीवन पद्धति र जीवनशैली बन्न नसकिरहेको स्पष्ट देखिन्छ। दुर्गम तथा हिमाली जिल्लाहरूमा पर्याप्त मात्रामा नुन, औषधि, पाठ्यपुस्तक, खाद्यान्न, लत्ताकपडा आदि पुऱ्याउन सकिरहेको छैन। शान्ति, सुरक्षा र अमनचयनको अवस्थालाई हत्या, अपहरण, कब्जा, नियन्त्रण, धम्की, जबर्जस्ती चन्दा आदिले चुनौती दिइरहेका छन्। सुशासनको स्थिति ज्यादै कमजोर छ। एउटा सामान्य सिफारिसका लागि नागरिकहरू लामो समय भौतारिनु परिरहेको छ। गाविस कार्यालयहरू अधिकांश समय खुला भेटिँदैनन्। यातायात तथा स्वतन्त्र आवागमन अव्यवस्थित र नियन्त्रित छ। राजनीतिक दलहरू मानवअधिकारको सम्मानमा ओठे सहमति प्रकट गर्दछन्। आपराधिकरण बढ्दो छ र राजनीति दलहरू अपराधकर्मीहरूको रक्षाकवच बन्दै गइरहेका भन्ने आशंकालाई पुष्टि गर्ने दुःखद घटनाहरू यत्रतत्र भेटिएका छन्।

राज्यव्यवस्था सञ्चालन तथा मानवअधिकारको संरक्षण, प्रवर्द्धन र सम्मान गर्ने काम राज्यको कुनै खास निकायको मात्रै होइन। यसको उचित व्यवस्थापन गर्नु सबैको सामूहिक कर्तव्य हो। कर्तव्यबोध हुन नसक्दा र आफ्नो जिम्मेवारी महसुस नहुँदा मानवअधिकार स्वयम् कुनै पनि स्थानमा बन्दी बनिरहेको भेटिन्छ। मानवअधिकारप्रति वास्तवमा संवेदनशील हुने र यसको कार्यान्वयनको अवस्थालाई सुदृढ गर्ने हो भने यसको व्यवस्थापनमा नै गम्भीरतापूर्वक ध्यान पुऱ्याउन आवश्यक छ।

नेपालमा मानवअधिकारको अवस्थाबारे अनुगमन एवम् अनुसन्धान गर्न, बोल्न वा निगरानीकर्ताको रूपमा कार्य गर्न संवैधानिक निकायको रूपमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय तथा दर्जनौं गैरसरकारी संस्थाहरू कार्यरत छन्। यसका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, नेपाल सरकारअन्तर्गत मानवअधिकार इकाईको व्यवस्था रहँदैरहँदा पनि देशमा मानवअधिकारको अवस्थाप्रति आमनागरिक तथा अन्तर्राष्ट्रिय समुदाय पनि सन्तुष्ट हुन नसक्नु निश्चय नै विचारणीय पक्ष हो। यस्तो परिस्थितिमा मानवअधिकारको क्षेत्रमा क्रियाशील सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको योगदानलाई आमनागरिकहरूबीच समीक्षा गर्दै नयाँ मार्गको खोजी गर्नु जरुरी हुन्छ। मानवअधिकारको विषय र सन्दर्भलाई देशमा उचित ढङ्गबाट व्यवस्थित गर्दै नलैजाने हो भने निकट भविष्यमै आम मानिसहरूका बीच यो शब्द या त ठट्टा र उपहासको विषय बन्नसक्ने खतरा बढ्दो छ।

मानवअधिकारलाई जीवनको अभिन्न अङ्गका रूपमा स्थापित र व्यवस्थित गर्दै लैजानका लागि तल उल्लेख भएबमोजिम यसको व्यवस्थापन गर्दै जानु उपयुक्त हुन्छ :

- मानवअधिकारको अवधारणा र यसका सेवाग्राहीहरू को हुन् तथा तिनलाई मानवअधिकारको अवधारणाबाट के लाभ प्राप्त हुनसक्छ भन्ने सम्बन्धमा प्रचारप्रसार व्यापक गरिनु पर्दछ।
- मानवअधिकारसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथ गैरसरकारी संस्थाका कार्यहरूको सामूहिक सार्वजनिक सम्परीक्षण हुनु पर्दछ।
- मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही, पीडितलाई राहत वा क्षतिपूर्ति दिने कार्य तत्काले गरिनु पर्दछ। यो कार्यमा अवरोध पुऱ्याउने व्यक्ति वा समूहको पहिचान गरी कानुनी दायरामा ल्याइनु पर्दछ।
- मानवअधिकार अवस्थाको अनुगमन र अनुसन्धानका सिफारिस तथा सुझावहरूलाई कार्यान्वयन गरिनु पर्दछ।
- मानवअधिकार संस्कृतिको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने कुनै पनि संस्था समूह वा व्यक्तिलाई उसको योगदानको अभिलेखन गरी प्रोत्साहित गरिनु पर्दछ।
- राज्यका विभिन्न निकायहरूबाट प्रदान गरिने वस्तु तथा सेवा, सुविधाको अविरल प्रवाहलाई मानवअधिकारको महत्वपूर्ण पाटोको रूपमा लिइनु पर्दछ।
- मानवअधिकारका विभिन्न पक्षमा काम गर्ने राष्ट्रिय निकायहरू, अन्तर्राष्ट्रिय तथा गैरसरकारी संस्थाहरू र राज्यका स्थानीय संयन्त्र, राजनीतिक दलहरू तथा नागरिक समाजका सदस्यहरूबीच कार्यगत एकता र व्यापक समन्वय अपनाइनु पर्दछ।
- मानवअधिकारको उल्लङ्घनको सम्बन्धमा अनुगमन र अनुसन्धानबाट देखिएका तथ्यहरूको आधारमा गरिएको आयोगको सिफारिसलाई सरकार तथा सम्बन्धित सबै पक्षले उच्च प्राथमिकताका साथ तत्काल कार्यान्वयन गर्नु पर्दछ।

उल्लिखित उपायहरू अवलम्बन गर्नु भनेको हाम्रो सामु देखिएका मानवअधिकारसम्बन्धी वास्तविक समस्याहरूलाई व्यवस्थापन गर्नु हो। अतः मानवअधिकारलाई सधैं आन्दोलनको विषय वा दृष्टिकोणबाट मात्र नहेरेर यसलाई व्यवस्थापन गर्दै मानिसको दैनिक जीवनको अभिन्न अङ्गका रूपमा स्थापित गर्नु अहिलेको आवश्यकता हो।

***- प्रस्तुतिः वेद भट्टराई, निर्देशक***

# नेपालमा सङ्क्रमणकालीन न्याय

- *तत्कालीन शाही नेपाली सेनाले २०६० सालमा छोरालाई घरबाट गिरफ्तार गरी बेपत्ता बनाएको विषयमा मकवानपुरकी एक महिलाले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरिन् । छानबिन गर्दा बेपत्ता भएका भनिएका ती युवालाई कब्जामा लिएपछि मारिएको थाहा भयो । त्यसैले आयोगले दोषीलाई कारबाही र पीडीत परिवारलाई क्षतिपूर्ति दिन सिफारिस गऱ्यो । अन्त्यमा पीडित परिवारले क्षतिपूर्ति स्वरुप केही पैसा त पाए, तर दोषीलाई कारबाही भएको कुरा आजका मितिसम्म मलाई थाहा छैन ।*

- *त्यसैगरी, बारा जिल्लाकी अर्की एक महिलाले सशस्त्र प्रहरीमा कार्यरत आफ्नो छोरालाई तत्कालीन विद्रोही नेकपा (माओवादी) का कार्यकर्ताले २०६० सालमा कब्जामा लिएपछि मारेको घटनाको उजुरी आयोगमा प्राप्त भयो । आयोगले छानबिन गऱ्यो र दोषीलाई कारबाही र पीडितलाई अन्तरिम राहतका लागि नेपाल सरकारलाइ सिफारिस गऱ्यो । यो घटनामा पनि पीडित परिवारले अन्तरिम राहत त पायो, तर दोषीलाई कारबाही भएन र त्यसबेलाको विद्रोही पक्षले किन हत्या गरेको थियो, त्यो पनि परिवारले अहिलेसम्म थाहा पाएका छैनन् ।*

यी दुई घटना १० वर्षे सशस्त्र द्वन्द्वका प्रतिनिधि उदाहरण मात्र हुन्, जसमा पीडितका परिवारले बिनाकारण दुःख पाउनु पऱ्यो । परिवारका सक्रिय सदस्यको मृत्युले पीडित परिवारको सम्पूर्ण भरोसा गुम्यो । राष्ट्रिय मानवअधिकार आयोगले गरेको गहन र अनुसन्धानपछि गरिएका सिफारिसहरूलाई ध्यानपूर्वक हेरेर कारबाही गरिदिएको भए आजका मिति सम्ममा पीडित परिवारले न्याय पाइसक्ने थिए । उनीहरूले आफ्ना परिवारका सदस्यलाई फिर्ता नपाए पनि दोषीलाई कारबाही भएकोमा मन बुझाउने ठाउँ रहन्थ्यो । नेपालको तत्कालीन कानुनअनुसार द्वन्द्वको समयमा भएका उल्लिखित दुई घटनाको छानबिन गर्ने दायित्व नेपाल प्रहरीको हो, तर दुवै घटनाको छानबिन गर्न प्रहरी असमर्थ रह्यो । यसका पछाडि दुईओटा कारण हुन सक्छन् : पहिलो घटनामा स्वयम् सुरक्षाकर्मी नै संलग्न थिए, अझ सेनाको कमान्डमा भएको कारबाही माथि छानबिन गर्ने हैसियत प्रहरीसँग भए पनि छानबिन नै नगरी आँखा चिम्लिने परिपाटी थियो । सेनाले गरेका गल्तीकमजोरीहरूका बारेमा प्रहरीले छानबिन गरेको घटना सायदै होलान् । दोस्रो घटना तत्कालीन नेकपा (माओवादीका) कार्यकर्ताबाट भएको थियो । निहत्था प्रहरी जवान नै मारिएका थिए भने पनि यो घटना प्रहरी छानबिनको दायरामा नै परेन वा दोषीलाई कानुनको कठघरामा उभ्याउन सकिएन । यस्तो अवस्था आउनुका पछाडि प्रहरीमा इच्छाशक्ति, क्षमता वा राजनीतिक असहयोग जस्ता कारणहरू हुन सक्छन् ।

देशमा सशस्त्र द्वन्द्व समाप्तिका लागि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको तीन वर्ष पूरा भइसक्दा उल्लिखित प्रकृतिका सयौं घटनाहरूका बारेमा सत्यतथ्य पत्ता लगाउनु पर्ने थियो । पीडित परिवारले न्याय प्राप्त गर्नु पर्ने थियो । त्यसो नहुँदा पीडितमाथि झन् पीडा थपिएको छ । उनीहरूले आफन्तको अत्तोपत्तो नहुँदा आफ्नो सामाजिक संस्कारअनुसार अन्तिम संस्कार गर्न समेत पाएनन् ।

समग्रमा सशस्त्र द्वन्द्वमा भएका यी र यस्तै मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनलाई सम्बोधन गर्ने एउटा उपाय सङ्क्रमणकालीन न्याय नै हो, जसले न्याय विहीनताको अवस्थामा रहेका हजारौं घटनालाई एकै पहलमा सम्बोधन गर्न सक्छ र समाजलाई दीगो शान्तितर्फ डोहोऱ्याउन मद्दत गर्दछ ।

*सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न र मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा पनि समावेश छ । तर, अन्तरिम संविधानका यी प्रावधानहरूको हालसम्म कार्यान्वयन भएको छैन । यस बीचमा प्रस्ताविक विधेयकका बारेमा शान्ति तथा पुनःनिर्माण मन्त्रालयले आवश्यक गृहकार्य गर्नुका साथै पीडितका परिवार तथा मानवअधिकार क्षेत्रमा कार्यरत सङ्घसंस्था, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग लगायतका संस्थाहरूसँग छलफल गरेको थियो ।*

### नेपालमा सङ्क्रमणकालीन न्याय

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा दुवै पक्षले आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमति जनाएको उल्लेख छ । त्यसै सम्झौतमा युद्धको समयमा दुवै पक्षद्वारा बेपत्ता पारिएका तथा मारिएकाहरूका बारेमा सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी त्यसको जानकारी परिवारजनहरूलाई दिने कुरामा सहमति जनाएको पाइन्छ । तर, विस्तृत शान्ति सम्झौता भएको तीन वर्षभन्दा बढी समय भइसक्दा पनि शान्ति सम्झौतामा भएका यी प्रावधानहरू कार्यान्वयन गर्नेतर्फ प्रगति हुन सकेको छैन ।

नेपालको अन्तरिम संविधानमा राज्यको दायित्वमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा पीडितका परिवालाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ । यसैगरी सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न र मेलमलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा पनि समावेश छ । तर, अन्तरिम संविधानका यी प्रावधानहरूको हालसम्म कार्यान्वयन भएको छैन । यस बीचमा प्रस्ताविक विधेयकका बारेमा शान्ति तथा पुनःनिर्माण मन्त्रालयले आवश्यक गृहकार्य गर्नुका साथै पीडितका परिवार तथा मानवअधिकार क्षेत्रमा कार्यरत सङ्घसंस्था, संयुक्त राष्ट्रङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग लगायतका संस्थाहरूसँग छलफल गरेको थियो ।

सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयकको प्रस्तावनामा मुख्य रूपमा निम्न प्रावधानहरू उल्लेख छन् :

क) मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई दण्डहीनता अन्त्य गर्ने,

ख) मानवअधिकार उल्लङ्घन हुने काम वा मानवता विरुद्धको अपराध गरेमा भविष्यमा पनि सजाय हुनेतर्फ सबैलाई सतर्क गराउने,

# सङ्क्रमणकालीन न्याय भनेको के हो ?

सङ्क्रमणकालीन न्याय भनेको विधिवत् र व्यापक रूपमा भएका मानवअधिकार उल्लङ्घनका घटना प्रतिको प्रतिक्रिया हो। यसले पीडितका लागि पहिचानको खोजी गर्दछ र शान्ति, मेलमिलाप तथा लोकतन्त्रका सम्भावनालाई प्रवर्द्धन गर्दछ। सङ्क्रमणकालीन न्याय कुनै विशेष प्रकारको न्याय नभएर व्यापक मानवअधिकार उल्लङ्घनको एक युगबाट आफूलाई रूपान्तरण गरिरहेका समुदायका लागि अनुकूल पारिएको न्याय हो। केही घटनामा यस्तो रूपान्तरण एक्कासी हुन्छ भने केही घटनामा दशकौं लाग्न पनि सक्छ।

न्यायको यस्तो पद्धति ल्याटिन अमेरिका तथा पूर्वी युरोपमा भएका राजनीतिक परिवर्तन र विगतका ज्यादतीहरूविरुद्ध जनताले 'न्याय माग' गरेपछि सन् १९८५ को दशकमा विकसित भएको हो। त्यस समयमा मानवअधिकारकर्मी तथा अन्य पक्षले जारी राजनीतिक परिवतर्न सङ्कटमा नपर्ने गरी विगतका शासकबाट भएका विधिवत् दूर्व्यवहारको सम्बोधन गर्न चाहन्थे। न्यायप्राप्तिको त्यो अभियान 'लोकतन्त्रतर्फको सङ्क्रमण' नामबाट प्रख्यात भएकाले मानिसहरूले यसलाई 'सङ्क्रमणकालीन न्याय' भन्न थालेका हुन्।

सङ्क्रमणकालीन न्यायका लागि ती देशका सरकारहरूले विभिन्न उपाय अपनाए, जसलाई पछि सङ्क्रमणकालीन न्यायका पद्धतिका रूपमा ग्रहण गरियो। ती यसप्रकार छन् :

- **फौजदारी अभियोजन**– यसमा मानवअधिकार उल्लङ्घनका लागि जिम्मेवार व्यक्ति/पक्षहरूबारे अनुसन्धान गरिन्छ। अभियोजनकर्ताले प्राय: व्यापक वा विधिवत् अपराधहरूका प्रमुख जिम्मेवार मानिएका संदिग्ध व्यक्तिहरू (बिग फिस) को अनुसन्धानको लागि बढी जोड दिने गर्दछन्।
- **सत्य आयोग**– यो आयोगको मुख्य उद्देश्य निकट भूतकालमा भएका उल्लङ्घनका मुख्य अवधिहरूको अनुसन्धान गरी प्रतिवेदन दिने हुन्छ। यस्तो आयोगलाई धेरैजसो देशमा राज्यको औपचारिक निकायका रूपमा स्थापना गरिएको हुन्छ, जसले विगतको मानवअधिकार उल्लङ्घनमा सुधार तथा त्यस्ता घटना पुन: हुन नदिन सिफारिस वा सुझाव दिन्छन्।
- **परिपूरणका कार्यक्रम**– यी कार्यक्रम विगतका उल्लङ्घनका भौतिक तथा नैतिक क्षतिपूर्ति गर्न सहयोग गर्ने राज्यद्वारा प्रायोजित पहलहरू हुन्। यस्ता कार्यक्रमहरूमा पीडितहरूका लागि भौतिक तथा साङ्केतिक लाभको मिश्रित व्यवस्था गरिन्छ। आर्थिक क्षतिपूर्ति तथा औपचारिक क्षमायाचना यस्ता कार्यक्रमहरूमा समावेस गर्न सकिन्छ।
- **सुरक्षा क्षेत्रको सुधार**– यी प्रयासले सेना, प्रहरी, न्यायालय तथा राज्य सम्बन्धित संरचनालाई दमन तथा भ्रष्टाचारका साधनबाट सार्वजनिक सेवामा समर्पित इमान्दार संयन्त्रमा रूपान्तरण गर्न खोज्दछन्।
- **स्मारकको निर्माण**– विगतको मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारहरू दोहोरिन नदिनका लागि खबरदारी गर्न पीडितको स्मृति सार्वजनिक रूपमा सुरक्षित राख्न सङ्ग्रहालय, स्मारक वा स्तम्भको निर्माण तथा विगतका दुर्व्यवहारबारे नैतिक चेतना जगाउने कार्यहरू यसअन्तर्गत पर्दछन्।

उल्लिखित पहलले सङ्क्रमणकालीन न्यायको आधारशीलाको निर्माण गर्न व्यापक महत्व राखेता पनि सङ्क्रमणकालीन न्याय त्यसमा मात्र सीमित हुन्छ भन्ने होइन। विभिन्न समुदायले विगतका उल्लङ्घनको सम्बोधन गर्न अन्य सिर्जनात्मक संयन्त्रको विकास गरेका छन्। यस कारणले पनि यस क्षेत्रले केही वर्षभित्रै बल र विविधता दुवै हासिल गरेको छ।

**स्रोत** : www.ictj.org/dated may 3, 2010

ग) पीडित व्यक्तिको परिपूरण प्राप्त गर्ने अधिकारको संरक्षण र सम्मान गर्ने।

घ) आफ्नो नियन्त्रणमा लिई गरिएको जुनसुकै किसिमको हत्या, अमानवीय तथा क्रूर यातना, जबरजस्ती करणीजस्ता अपराधमा संलग्न व्यक्तिलाई क्षमादानका लागि सिफारिस नगरिने

यदि यो कानुन मुताविक आयोग गठन भयो भने गम्भीर मानवअधिकारको हनन गर्नेउपर कारबाहीको सिफारिस हुन सक्ने देखिन्छ। यो आयोगले गरेका सिफरिसहरू कार्यान्वयन भएनभएको सम्बन्धमा अनुगमन गर्ने काम राष्ट्रिय मानवअधिकार आयोगले गर्ने व्यवस्था छ। यसबाहेक पनि सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापनादेखि यसको प्रतिवेदन कार्यान्वयन गर्ने बेलासम्म पनि राष्ट्रिय मानवअधिकार आयोगको सहयोग, समन्वय र सहकार्यको खाँचो पर्न सक्छ। यसको मूल कारण भनेको राष्ट्रिय मानवअधिकार आयोगसँग द्वन्द्वका बेला भएका घटनाको अभिलेखन हुनु, आयोगले कतिपय घटनाको पूर्ण अनुसन्धान समेत गरिसकेको हुनु हो भने कतिपय घटनामा आयोगले सिफारिस समेत गरिसकेको हुनु हो। यो सन्दर्भमा दुवै आयोगहरूका बीचमा राम्रो समन्वय र सहकार्य हुन सकेन भने न्यायको खोजी गर्ने काम प्रभावकारी नहुन सक्छ।

यो अवस्था बेपत्ता छानविन आयोगको हकमा समेत लागु हुन्छ। राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो स्रोतसाधनले भ्याएसम्म बेपत्ता भएका व्यक्तिहरूको खोजबिन कार्यलाई आयोगको स्थापना कालदेखि नै उच्च प्राथमिकतामा राखेको छ र सोही अनुसार कार्य गर्दै आइरहेको छ। त्यसैले पनि भविष्यमा बन्ने बेपत्ता छानबिन आयोगको कानुन पारित हुनुअघि यो कुरालाई विचार गर्नु जरुरी छ। यी दुई आयोगका बीचमा सहकार्य र सूचनाको आदानप्रदान हुन सक्ने कानुनी आधार भएन भने भविष्यमा त्यसको काममा असर पर्न सक्छ र पुन: बेपत्ता पारिएका विषयमा सत्य पत्ता लगाउने काम प्रभाविकारी हुन सक्तैन। तसर्थ कुनै पनि नयाँ निकायको गठन गर्दा भइरहेको संयन्त्रलाई बिर्सनु हुँदैन।

राष्ट्रिय मानवअधिकार आयोगले सङ्क्रमणकालीन न्यायलाई आफ्नो रणनीतिक योजनाको एउटा पाटो बनाएको छ। त्यसैले, सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेकमा आफ्ना सुझावहरू दिएको छ। निकट भविष्यमा बन्ने अपेक्षा गरिएका यस्ता आयोगहरू सङ्क्रमणकालीन न्यायका निम्ति आधारस्तम्भ हुन्छन्। तसर्थ, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनका सिद्धान्तहरूमा आधारित भएर काम गर्न सके नयाँ आयोगहरू अझ प्रभावकारी बन्न सक्छन्। खासगरी राष्ट्रिय मानवअधिकार आयोगले नै भविष्यमा बन्ने यी दुई आयोगहरूलाई आफ्नो विशेषज्ञता दिन सक्नु पर्दछ।

सङ्क्रमणकालीन न्यायको यो विधि र उपचार नै ठीक हो भन्ने कुनै सुत्र त छैन तर अन्तर्राष्ट्रिय अनुभवलाई आधार मान्दा नेपालमा प्रस्ताव गरिएका आयोगहरू पनि त्यसैका हिस्सा हुन्। त्यसकारण उल्लिखित आयोगहरू स्थापना गर्दा पर्याप्त सावधानी अपनाउनु पर्दछ, अन्यथा ती हात्तीका देखाउने दाँत मात्रै हुन सक्छन्। नेपालमा विकास हुँदै गरेको परिपाटी बमोजिम, यदि अभियोजन नगरी परिपुरण वा क्षतिपूर्ति मात्र प्रदान गर्ने हो भने रगतको मूल्य पैसाले किनेको बुझिन्छ। त्यसैले न्याय बिनाको शान्तिलाई मात्र जोड दिने हो भने समाज दण्डहीनताको दुष्चक्रमा पर्दछ भन्ने कुरा बिर्सनु हुँदैन। त्यसैले पनि शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने सँगसँगै यी दुई मस्यौदा विधेयकलाई पारित गरी छिटोभन्दा छिटो आयोगहरूको स्थापना गर्नु पर्दछ।

*– प्रस्तुति : माधव गौतम, अधिकृत*

# नेपालको सन्दर्भमा यातना विरुद्धको अधिकार

यातना मानवता विरुद्धको गम्भीर फौजदारी अपराध हो। कुनै पनि बहानामा कुनै पनि व्यक्तिलाई यातना दिइनु हुँदैन। यातना विरुद्धको महासन्धि १९८४ ले व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई परिभाषित गरेको छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐनले 'अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना, तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ' भनी परिभाषित गरेको छ। नेपालको अन्तरिम संविधानमा यातना विरुद्धको हकलाई मौलिक हकका रूपमा सुनिश्चत गर्दै कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लेख छ।

यी तमाम प्रावधान हुँदाहुँदै पनि राज्य संयन्त्रबाट व्यक्तिहरूलाई पक्राउ गरी यातना दिने कार्य निरन्तर भइरहेको छ। विगतको सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीबाट यातना दिने घटना ज्यादै धेरै भए पनि हाल त्यस्ता घटनामा केही कमी भने आएको छ। खासगरी, पीडकले चाहेको सूचना प्राप्त गर्ने, कुनै पनि अभियोग कबुल गराउने, अपराध नियन्त्रण गर्न प्रतिशोध लिने, व्यक्तित्व ह्रास वा नष्ट गराउने लगायतका प्रयोजनका लागि यातना दिने गरेको पाइएको छ।



*यातना पीडितसँग सोधपुछ गर्दै आयोगका अधिकृत*

> *आयोगको स्थापना पश्चात् हालसम्म यातना सम्बन्धमा जम्मा ९२२ उजुरीहरू पर्न आएका छन्। प्राप्त उजुरीहरूमध्ये हालसम्म आयोगले ३८० वटा उजुरीहरूको विषय सम्बन्धमा अनुसन्धान सम्पन्न गरिएको छ। अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा ६० ओटा उजुरीका सम्बन्धमा आयोगबाट निर्णय भइसकेको छ। आयोगको अनुसन्धान पश्चात् ७७ उजुरी टुङ्ग्याउने निर्णय भएको छ। त्यसैगरी २५ उजुरीका सम्बन्धमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ।*

यातना तथा अमानवीय कार्यमा कमी, रोकथाम तथा नियन्त्रण गराउन नेपालको सन्दर्भमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरू प्रचलनमा छन् तथापि यातना विरुद्धको अधिकार व्यवहारमा कार्यान्वयन हुन सकेको अवस्था छैन। नेपालमा परापूर्वकालदेखि अपराध गरेको आशंकामा सुरक्षा निकाय, प्रहरी तथा सम्बन्धित अधिकारीहरूबाट सत्यतथ्य बकाउने नाममा यातना दिने गरिएको इतिहास छ। नेपालमा खासगरी द्वन्द्वको अवस्थामा सुरक्षाकर्मी तथा तत्कालीन नेकपा (माओवादी) बाट दिइएका यातना, कुटपिट तथा ज्यादतिका प्रशस्त घटनाक्रमहरूले आमनागरिकमा यातना मानवअधिकार विरोधी कार्य भएको जानकारी भएको छ र यसको प्रतिकारमा बहस-पैरवीहरू चल्न थालेको देखिन्छ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन र राष्ट्रिय मानवअधिकार आयोग उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ ले यातनासम्बन्धी दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति भराउन मार्ग प्रशस्त गरेको छ। सोही अनुरूप राष्ट्रिय मानवअधिकार आयोगले यातना विरुद्धका अधिकारका लागि विभिन्न सरोकारवाला निकायसँगको समन्वय तथा सहकार्य मार्फत् आफ्ना प्रयासहरूलाई प्राथमिकताका साथ निरन्तरता दिएको छ। आयोगले यातना दिएको सम्बन्धमा उजुरी ग्रहण गर्ने, प्राप्त उजुरी तथा आयोगको स्वविवेकमा यातना दिएको घटनामा अनुसन्धान गर्ने, सैनिक तथा प्रहरी हिरासत र अन्य थुनुवा केन्द्रहरूको नियमित अनुगमन गर्ने यातना विरुद्ध परेका उजुरीहरूको नियमित छानबिन तथा अनुसन्धान गर्ने, यातना पीडितहरूलाई निःशुल्क उपचारको सिफारिस गर्ने, पीडकलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको लागि सिफारिस गर्ने गरेको छ।

त्यसैगरी यातनालाई कम गर्नका लागि सुरक्षाकर्मीहरूलाई यातना विरुद्धको विषयमा तालिम र सचेतना, तत्कालीन नेकपा (माओवादी) लाई यातना विरुद्धको सचेतना कार्यक्रम, सरोकारवालाहरूसँग समन्वय र नियमित भेटघाट तथा अन्तर्क्रिया कार्यक्रमलाई अगाडि बढाएको छ। यातना रोकथामका लागि नियमति पैरवी, यातना विरुद्धको महासन्धिको आवधिक प्रतिवेदन तयारीमा सहयोग, यातनाको अवस्थाबारे संयुक्त राष्ट्रङ्घलाई जनकारी गराउने र यातना विरुद्धको दिवसका उपलक्ष्यमा यातना विरुद्धको अधिकारको अवस्थाको बारेमा आमनागरिकमा जानकारी गराउनेस्ता कार्यहरू गर्दै आइरहेको छ।

## उजुरी र कारबाहीको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना पश्चात् हालसम्म यातना सम्बन्धमा जम्मा ९२२ उजुरीहरू पर्न आएका छन्। प्राप्त उजुरीहरूमध्ये हालसम्म आयोगले ३८० वटा उजुरीहरूको विषय सम्बन्धमा अनुसन्धान सम्पन्न गरिएको छ। अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा ६० ओटा उजुरीहरू आयोगबाट निर्णय भइसकेको छ। आयोगको अनुसन्धान पश्चात् ७७ उजुरी टुङ्ग्याउने निर्णय भएको छ। त्यसैगरी २५ उजुरीका सम्बन्धमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ।

## यातनाको प्रकृति

यातना तथा अमानवीय व्यवहारसम्बन्धी आयोगमा प्राप्त उजुरीहरूलाई विश्लेषण गर्दा यातना दिने कार्य राज्यका जिम्मेवार सुरक्षा निकायहरू, विगतको विद्रोही पक्ष तथा सशस्त्र हतियारधारी समूहबाट भएको पाईएको छ। यातनाअन्तर्गत शारीरिक तथा मानसिक

पीडा दिई यातना दिने तथा अमानवीय व्यवहार गरी व्यक्तिको मर्यादा तथा आत्मसम्मान माथि चोट पुऱ्याउने जस्ता कार्यहरू भएको पाईन्छ । आयोगमा प्राप्त उजुरी र विभिन्न समयमा आयोगले हिरासतहरूमा गरेको अनुगमनको आधारमा हेर्दा अमानवीय किसिमले यातना दिने कार्य द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरूबाट उल्लेख्य मात्रामा भएको देखिन्छ ।

द्वन्द्वको समयमा राजनीतिक प्रतिशोधको कारणले गैरकानुनी रूपमा हिरासतमा लिई सुरक्षाकर्मीबाट एकल वा सामूहिक रूपमा प्रत्येक दिन कुटपीट गर्ने, एकान्तबासमा राख्ने, शौचालय जान अवरोध गर्ने, कुटपिट गरी बेहोस बनाउने, पुन: कुटपीट गर्ने, पीडा कम गर्ने औषधी दिई कुटपीट गर्ने, नङ उखेली दिने र आँखामा पट्टि बाँध्ने, यातनाबाट ज्यान समेत लिने, खाल्डोमा हालेर राख्ने, महिलाहरू माथि यौन शोषण गर्ने, अरूलाई कुटपिट गरेको सुनाउने तथा देखाउने, बारम्बार धम्की दिने, पीडितहरूलाई डर त्रास देखाई बोल्न नदिने जस्ता कार्यहरू गरी यातना दिएको पाईन्छ ।

शान्ति प्रक्रिया सुरु भए पछि पनि यातना दिने शृङ्खला जारी छ । प्रहरीले हिरासतमा लिई साबिति बयान गराउनका लागि लट्ठीले कुट्ने, बुटले हिर्काउने, समयमा खाना नदिने र अभद्र व्यवहार गर्ने जस्ता कार्यहरू भइरहेका छन् । द्वन्द्वको समयमा तत्कालीन नेकपा (माओवादी) ले पनि विभिन्न व्यक्तिहरूलाई आफ्नो कब्जामा लिई धेरैजना मिलेर एक जनालाई चरम यातना दिई अङ्गभङ्ग गर्ने, पीडा कम गर्ने औषधी दिई कुटपीट गर्ने, अरूलाई कुटपीट गरेको सुनाउने तथा देखाउने, जर्बजस्ति श्रम गर्न बाध्य पार्ने जस्ता कार्यहरू गरी दुर्व्यवहार गरेको देखिन्छ । शान्ति प्रक्रिया सुरु भएपछि हालैका दिनहरूमा पनि विभिन्न व्यक्तिहरूलाई आफ्नो कब्जामा लिई कुटपिट गर्ने, दुर्व्यवहार गर्ने जस्ता कार्यहरू गरेको भन्ने आयोगमा प्राप्त उजुरीहरूमा देखिन्छ ।

## चुनौतीहरू

राष्ट्रिय मानवअधिकार आयोगले यातना विरुद्धको उजुरी उपर छानबीन गरी नेपाल सरकारलाई गरेको सिफारिसहरूको कार्यान्वयनको स्थिति सन्तोषप्रद छैन । दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्नु भनी आयोगले विभिन्न समयमा गरेका यातनासम्बन्धी ३६ ओटा सिफारिसहरूमध्ये १० जना पीडितले मात्र क्षतिपूर्ति प्राप्त गरेको र दुई जना पीडितले आंशिक क्षतिपूर्ति प्राप्त गरेको जानकारी आयोगलाई प्राप्त छ । नेपाल सरकार र सम्बन्धित अधिकारी एवम् सरोकारवाला सबैले यातना तथा अमानवीय व्यहार गर्ने जो कोहीलाई कानुनको दायरमा ल्याउन सकेमात्र यातना दिने तथा अमानवीय व्यवहार गरिने कुरामा कमी आउने देखिन्छ ।

आयोगबाट भएका सिफारिसको कार्यान्वयनका सम्बन्धमा पटक-पटक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका अधिकारीहरूसँग छलफल भएको छ, तर सिफारिस कार्यान्वनमा प्रगति हुन सकेको छैन । यातना दिई मानवअधिकारको उल्लङ्घन गर्ने सम्बन्धित अधिकारी वा उल्लङ्घनकर्ताबाट नै क्षतिपूर्ति भराउनु भनी आयोगले गरेको सिफारिस पूर्णरूपमा कार्यान्वयन हुन सके यातना दिने कार्य गम्भीर मानवअधिकार उल्लङ्घनको विषय हो भन्ने सन्देश सबैमा जान सक्ने देखिन्छ ।

*- प्रस्तुति: भीमप्रकाश ओली, अधिकृत*

## राष्ट्रिय मानवअधिकार आयोगले रेडियो सगरमाथासँगको सहकार्यमा उत्पादन तथा प्रसारण गरिरहेको कार्यक्रम

मानवअधिकारको प्रवर्द्धनका लागि

# सचेतना



| रेडियो | फ्रिक्वेन्सी | ठेगाना | प्रसारण समय |
|---|---|---|---|
| रेडियो सगरमाथा | एफएम १०२.४ मेगाहर्ज | बखुन्डोल, ललितपुर | शनिबार ७:००-७:३० बजे |
| बी एफएम | एफएम ९१.२ मेगाहर्ज | विराटनगर, मोरङ | शनिबार ८:००-८:३० बजे |
| रेडियो रुपाकोट | एफएम १०५ मेगाहर्ज | डिक्तेल, खोटाङ | शनिबार ७:३०-८:०० बजे |
| रेडियो जनकपुर | एफएम ९७ मेगाहर्ज | जनकपुर, धनुषा | शनिबार ७:३०-८:०० बजे |
| रेडियो गण्डकी | एफएम ९०.२ मेगाहर्ज | पोखरा, कास्की | शनिबार ८:००-८:३० बजे |
| रेडियो लुम्बिनी | एफएम ९६.८ मेगाहर्ज | मणिग्राम, रूपन्देही | शनिबार ७:००-७:३० बजे |
| रेडियो कृष्णसार | एफएम ९४ मेगाहर्ज | नेपालगञ्ज, बाँके | शनिबार ७:००-७:३० बजे |
| रेडियो कर्णाली | एफएम १०५.२ मेगाहर्ज | महत, जुम्ला | शनिबार ७:००-७:३० बजे |
| रेडियो घोडाघोडी | एफएम १००.४ मेगाहर्ज | अत्तरिया, कैलाली | शनिबार ७:००-७:३० बजे |

*हरेक शनिवार बिहान देशभरिका ९ ओटा स्थानीय रेडियोहरूबाट प्रसारण भइरहेको छ, सुन्न नभुल्नु होला ।*

# Issues on Migration and Trafficking in Nepal

Foreign labor migration has been taken place of sectorial backbone in the development of the Nepalese economy. According to the Annual Report 2008/09 of Nepal Central Bank, the remittance is 209 billion. It contributed 35.8 percent to GDP and supported to raise the balance of payment of the country to 37.7 billion. It has shifted the agricultural base economy in to remittance base. The studies shows that the in the rural Nepal at least one member of the household brings income from employment away form the country and has helped to reduce the poverty of the people from 42 percent in 1996 to 31 percent in 2004 (CBS, 2006).

Nearly two centuries ago, the Nepalese women migration was merely for marriage, to accompany the husband in Army Barrack and family and very few migrated for employment. The signing of 1950 treaty of friendship between India and Nepal, allowed unrestricted movement between Nepal and India of goods, services and people. The breakthrough of democracy in the country in 1951 enhanced the opening of access to employment and other business for both the countries. India, therefore, has been listed as the first destination country of foreign employment, where women laborer also went for agricultural work such as tea plantation in different places of India.



Later, especially since 1990 with the open market and globalization of the world economy, and demand for the soft ware industries and domestic worker have created more employment opportunities for the labor of the developing countries. In addition, the changing feature of international foreign labor demand has also enhanced the increasing feminization of foreign labor and migration. It has resulted the increasing trend in the participation of women labor force. Accordingly, the labors in Nepal including women labor also have enjoyed increasing opportunities of employment in countries beyond India.

The Government of Nepal has opened up 105 countries for foreign employment including Gulf countries, Asia-Pacific, Europe and USA. The Department of Foreign Labor Employment and Promotion states that 217 thousand Nepalese laborers departed for the foreign labor employment in 2008; 35 percent of them were female. Of the total female foreign labor migrants 65 percent went through individual basis and the rest went through institutional basis. Moreover, equal to number went through illegal process using the route via India.

Different studies made on gender dimension and foreign labor employment in Nepal reveal that going abroad for employment is a common denominator for both male and female while women labor force increased visibly only after 1990. The Government record shows that from 1985 - 2001, there were 199 women labor were registered for foreign employment where as it was 725 registered women foreign labor in 2003/04 within single year.

The gender analysis on foreign labor employment excluding India indicates that women in foreign labor are less than male. The study made by NIDS and UNIFEM in 2006 states that of the total 858,451 labor migrants in 2006, female labor consists of 9.13 percent (78, 308) and male consists of 90.87 percent and had contributed 11 percent to the GDP. The largest number of Nepali women has gone to Saudi Arabia (48 percent) and the second largest destination is Hong Kong (18 percent). Of the total women migrant workers, 79 percent work in Asia, 12 percent in Europe and Australia, and 9 percent in North America mainly in the US. Though majority of both male and female have gone to Gulf countries, proportionately more female laborers have gone to high paying countries like Hong Kong, US, UK and Japan.

Different studies made on the attraction of women in foreign employment and found that both push and pull factors have played equal role to attract Nepali women for foreign employments. It shows that the push factor for joining the job abroad by the Nepalese women are related with the impact caused by socio-cultural discrimination against women and girl children, which forces them to go abroad to become self-reliant by resolving financial problems such as educating children, building houses and fulfilling the wounds of the decade-long conflict.

In addition, women are attracted towards foreign employment facilitated by equality and protection provision in the Foreign Labor Act. The Act says that– no discrimination will be made in the foreign employment opportunity by sex while special provision will be made for the women in foreign labor employment, and reservation system will be adopted for encouraging women in foreign employment. Further, the international commitment of the Government of Nepal on Women empowerment, provision of equity based equal opportunity of work and employment in the Interim constitution of Nepal 2007. The pull factor for the women employment in abroad is related with increasing

demand for low skill related work, household work and care services for senior citizen and children.

The National Human Right Commission (NHRC) has also played contributory role to encourage women as equal partner of employment including in the foreign labor market. The strategic plan 2008-2010 of NHRC includes objectives to review the labor laws in line with the rights of overseas migrant workers and developing policy guidelines on rescue, reparation, rehabilitation and reintegration of victims and survivors of human trafficking. Second strategic intervention to combat human trafficking and enhancing safe migration is related to developing regional and international cooperation particularly to NHRC India, Human rights organizations of SAARC and Gulf countries including other national, regional and international organizations working to prevent and control human trafficking and for social reintegration of the survivors. The National Report situation of trafficking in persons in Nepal 2006-2007 deals foreign labor migration and trafficking as one of the chapters depicting the nexus of foreign labor migration and trafficking and approaches to ensure safe foreign employment.

## The Vulnerability

Experiences of the returnee migrants, media reports and different studies reveal that there are high instances of trafficking of women in foreign employment. The vulnerability of trafficking starts during pre-departure in home country, during departure in transit country, and to destination country of employment. In fact, there are Foreign Labor Act 2007 to ensure safe foreign employment and combating Trafficking Act 2007 to prevent and control the trafficking in person especially women and children. But in practice, there is gross violation of the acts and regulations which contributes the vulnerability of trafficking. Some of the vulnerability issues are listed as follows:

- Ignorance on the part of potential migrants workers especially women on the legal requirements for foreign employment including work permit, opened country to destination, visa, medical certificate, insurance, departure introductory training agreement paper of the company with salary and type of work;
- False promises, fraud papers and cheating activities of the agents at home and abroad making the legal requirements in name only and creating the breeding grounds for trafficking;
- Employment in informal and unorganized sector (domestic work) via India because of ban imposed women migrant by of Government of Nepal;
- High risk of violence, sexual exploitation, low salary, long work-hours leading to violation of work contract paper and victim of trafficking;
- Lack of knowledge on the rights of migrant worker and its legal treatment;
- The Nepali embassies have not been effective enough to deal with unsafe foreign employment and trafficking due to lack of resource and trained human resource.

## Key Challenges

In this regard, some of the key challenges are as follows:

- Making effective implementation of the Foreign labor Act, trafficking Act and other related legal provisions for safe foreign employment with due consideration to women;
- Raising awareness to end the discriminatory practices against women and girl child in line with the sprit of the constitution, legal provision and development policies;
- Disseminating information about foreign employment avenues and its official process of cycle from pre-departure to destination country for employment to the potential women migrants;
- Imparting knowledge and skill together with information on language and socio cultural practices of the destination country;
- Management of finance through banks and financial institutions including loans and remittance;
- Monitoring the place of work in the destination countries in line with protection of labor right;
- Reintegrating the returnee women labor force in the economic sector to use their skill and save money in order to make the economically active and productive;
- Institutionalizing the data information with gender dimension by work, remittance and demographic profile based disaggregated information;
- Strengthening the foreign affair sector in the light of political and economic diplomacy in the perception of the foreign labor employment as the occupational backbone of Nepalese economy.

## Conclusion

The foreign labor employment is newly developed economic dimension, in the national or international context, of the country due to the reciprocal relationship of demand and supply situations of labor of the both developed and developing countries. While the foreign labor meets the paucity of labor need in the service and care sector of the developed countries, the developed countries support to solve the unemployment problem, reduce poverty level and remittance of resource to GDP to developing countries. In addition, inclusion of women foreign employment is one of the important features of this sector which aims at empowering women as an equal citizen of the country.

In this respect, women in Nepal also have participated as member employee of this occupation. The trend shows that foreign labor employment including women will be continued for long time as an important sector for the livelihood of people in Nepal. The Government of Nepal, therefore has to take effective policies, legal measures and program for the development of foreign employment with due consideration of gender approach and combating trafficking. In this perspective, the Ministry of Labor and other related stake holders including the National Human Rights Commission and other partners and private sector, the Ministry of Foreign Affairs and the Ministry of Finance have to play decisive role for the development of the foreign labor migration.

**By: Padma Mathema**
*Special Rapporteur on trafficking in person*

# नेपालमा मानवअधिकार शिक्षा

आफ्ना अधिकारहरू के-के हुन र ती अधिकारलाई कानुनी तथा व्यावहारिक रूपमा कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने बारेमा आवश्यक ज्ञान र सीप प्रदान गरी व्यक्तिको जीवनपद्धति, दृष्टिकोण र व्यवहारमा सकारात्मक परिवर्तन गराउनु मानवअधिकार शिक्षाको मूल उद्देश्य हो। मानवका अधिकारहरू के-के हुन र त्यसको उल्लङ्घन भएमा कहाँबाट र कसरी त्यसको उपचार पाउन सकिन्छ भन्ने विषयका बारेमा सुसूचित हुन पाउनु हरेक नागरिकको अधिकार हो। आ-आफ्ना अधिकारका लागि सुसूचित हुन पनि मानवअधिकार शिक्षा महत्वपूर्ण हुन्छ।

मानवअधिकार शिक्षाका बारेमा भियाना घोषणापत्रलाई प्रमुख आधार मानिन्छ। यो घोषणपत्रले मानवअधिकार शिक्षा समुदायहरूबीच स्थायी र सुमधुर सम्बन्ध कायम राखी आपसी समझदारी, खुलापन र शान्ति कायम गर्न तालिम र सार्वजनिक सञ्चारका माध्यमबाट मानवअधिकारको प्रवर्द्धन र उपलब्धि गर्नु हो भनेको छ। समग्रमा, व्यक्तिको सर्वाङ्गिण व्यक्तित्व विकास र विश्वव्यापी रूपमा शान्ति र सदभावलाई प्रवर्द्धन गर्ने वास्तविक उपाय हो, मानवअधिकार शिक्षा। यसका अतिरिक्त मानवअधिकार शिक्षाले परिवार, समाज र देशमा विद्यमान मानवअधिकारको अवस्थाको समीक्षा गर्ने, मानवअधिकारका विश्वव्यापी मूल्य मान्यतालाई आत्मसात् गर्ने, सहभागितामूलक निर्णय प्रक्रिया र अनुभव आदानप्रदानलाई सम्मान गरी हिंसारहित शिक्षण प्रणालीको निर्माण एवम् दिगो शान्ति, प्रजातन्त्र र विकासका पक्षमा वकालत गर्ने भावनाको विकास गराउँछ।

मानवअधिकारको विश्वव्यापी प्रतिवद्धताको लागि साझा अवधारणाको विकास, जनचेतना अभिवृद्धि गरी दिगो शान्ति, प्रजातन्त्र, विकास र सामाजिक न्याय स्थापित गर्न विश्वमा नै मानवअधिकार शिक्षाको आवश्यकता बढ्दै गयो। त्यसै अनुरूप सन् १९९३ मा अष्ट्रियाको भियनामा सम्पन्न भएको मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको विश्व सम्मेलन, जसलाई भियाना सम्मेलन पनि भनिन्छ, ले सन् १९९५ देखि सन् २००४ सम्मको दशकलाई 'मानवअधिकार शिक्षा दशक' नामाकरण गऱ्यो। यो विश्व सम्मेलनले मानवअधिकार शिक्षालाई प्राथमिकता दिई मानवअधिकार शिक्षा तालिम र सार्वजनिक सञ्चारका माध्यमबाट समुदायहरूबीच स्थायी र सुमधुर सम्बन्ध कायम राखी आपसी समझदारी, खुलापन र शान्ति कायम हुन सक्ने साथै त्यसैबाट मानवअधिकार शिक्षाको प्रवर्द्धन गर्न सकिन्छ भन्ने कुरालाई जोड दिएको छ। मानवअधिकार शिक्षालाई देशको औपचारिक एवम् अनौपचारिक शिक्षा प्रणालीमै आवद्ध गर्न सकेमा मानवअधिकारमैत्री समाजको विकास गर्न सकिन्छ भन्ने शाश्वत सत्यलाई दृष्टिगत गर्दै भियाना सम्मेलनले मानवअधिकारका विविध पक्षहरूमा व्यापक तवरले जनचेतना अभिवृद्धि गर्न सम्बन्धित देशका सरकार तथा अन्य सरोकारवाला निकायहरूलाई आग्रह गऱ्यो।

मानवअधिकारको सम्मान, संरक्षण एवम् सम्वर्द्धन र प्रभावकारी कार्यन्वयनको प्रमुख जिम्मेवारी राज्यको हुने भएकाले नागरिकलाई मानवअधिकार शिक्षा प्रदान गर्ने प्रमुख जिम्मेवारी पनि राज्यकै हो। मानवअधिकारको सम्मान गर्दै हरेक देशले मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्रप्रति प्रतिवद्धता जनाएका हुन्छन्। मानवअधिकारको विश्वव्यापी घोषणा, बालअधिकार महासन्धि लगायतका मानवअधिकारसँग सम्बन्धित धेरै दस्तावेजमा मानवअधिकार शिक्षालाई समेटिएको छ। त्यसैले ती दस्तावेजमा सहमति जनाउने देशले मानवअधिकार शिक्षालाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ।

### मानवअधिकार शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू

- मानवअधिकारको विश्वव्यापी घोषणा, १९४८ (धारा २६)
- सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९६५ (धारा ७)
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ (धारा १३)
- महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ (धारा १०)
- भियाना घोषणापत्र, १९७९ (अनुच्छेद ७८)
- यातना विरुद्धको महासन्धि १९८४, ( धारा १०)
- बालअधिकार महासन्धि, १९८९ (धारा २९)
- संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार शिक्षा दशक (१९९५-२००४) कार्य योजना
- रङ्गभेद, जातीय विभेद, विदेशीहरूप्रति घृणा र सम्बन्धित असहिष्णुताविरुद्ध विश्व सम्मेलनको घोषणा र कार्य योजना। (डर्वान, २००१)
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ धारा (४ र ८)

### मानवअधिकार शिक्षाको प्रवर्द्धनमा आयोगका प्रयासहरू

- विद्यालयको पाठ्यक्रममा मानवअधिकार शिक्षाको समायोजनका लागि सरोकारावालाहरूसँग समन्वय र सहकार्य भइरहेको।
- विद्यालय, सुरक्षा निकाय, सञ्चार क्षेत्र, सरकारी निकाय आदिलाई लक्षित गरी मानवअधिकार शिक्षासम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन।
- देशका विभिन्न स्थानमा मानवअधिकार शिक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- मानवअधिकार शिक्षाबारे कविता, निबन्ध, कथा एवम् चित्रकला प्रतियोगिता आयोजना,
- मानवअधिकार शिक्षाबारे अन्तर्क्रिया तथा यसको अवस्थाबारे अनुगमन,
- मानवअधिकार शिक्षासम्बन्धी ज्ञानमूलक सामग्रीहरूको प्रकाशन एवम् वितरण।

### मानवअधिकार शिक्षा र आयोग

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार शिक्षाको प्रवर्द्धनका लागि विभिन्न गतिविधिहरू गर्दै आएको छ। मुख्य रूपमा, मानवअधिकार शिक्षालाई विद्यालयको पाठ्यक्रममा नै समावेश गर्न नेपाल सरकारलाई सिफारिस समेत गरेको छ। आयोगले शिक्षा मन्त्रालय र मातहतका विभाग, पाठ्यक्रम विकास केन्द्र र अन्य सरोकारवाला निकायहरूसँग निरन्तर रूपमा छलफल, अन्तर्क्रिया, बैठकहरू सञ्चालन गर्दै आएको छ र राष्ट्रिय पाठ्यक्रम तर्जुमाको क्रममा समेत मानवअधिकारका दृष्टिकोणबाट आफ्ना सुझावहरू सरोकारवालाहरू समक्ष पेस गरेको छ।

अहिले पाठ्यक्रम विकास केन्द्रले विद्यालयस्तरको पाठ्यक्रमको पुनरावलोकनको क्रमसँगै विभिन्न सरोकारवालाहरूसँग परामर्श गरिरहेको छ। मानवअधिकार शिक्षालाई पाठ्यक्रममा समावेश गर्न सकिएमा भविष्यमा दीर्घकालीन रूपमा विद्यार्थीहरूलाई आफ्नो अधिकार र कर्तव्यप्रति जानकार र सजग गराउन निकै महत्वपूर्ण उपलब्धि हुनेछ। यसबाट समाजमा मानवअधिकार संस्कृतिको विकासमा योगदान पुग्न सक्छ।

मानवअधिकार शिक्षा प्रचारप्रसारको लागि मानवअधिकारकर्मीहरू तथा प्रशिक्षकहरूको भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरूलाई प्रशिक्षित गर्ने कार्यमा समेत आयोगले केही प्रयास गरेको छ। हालसम्ममा आयोगले विभिन्न तहका शिक्षक, सरकारी कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाजका प्रतिनिधि, मानवअधिकार रक्षक आदिलाई मानवअधिकार शिक्षासम्बन्धी छोटो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गरिसकेको छ र मानवअधिकारका क्षेत्रमा कार्य गर्ने संस्था र समुदायहरूको प्रभावकारी सञ्जाल समेत निर्माण भएको छ, जसलाई मानवअधिकार तथा शान्ति शिक्षा सञ्जाल नामाकरण गरिएको छ। यसले समय-समयमा बैठक गरी मानवअधिकार शिक्षाबारे अनुभव आदानप्रदान समेत गरिरहेको छ।

मानवअधिकार शिक्षा लोकतान्त्रिक समाजका लागि अपरिहार्य विषयबस्तु हो। हरेक समाजको विकास मानवअधिकार शिक्षाको माध्यमबाट सम्भव छ। तसर्थ हामी सबैको एकीकृत प्रयासले मात्र मानवअधिकार शिक्षाको प्रवर्द्धनमा ठोस योगदान पुऱ्याउन सक्छ।

*– प्रस्तुतिः सम्झना शर्मा, अधिकृत*

# जातीय विभेद विरुद्धको अधिकार

संयुक्त राष्ट्रसङ्घको सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९६५ लाई नेपालले सन १९७१ मा अनुमोदन गरेको हो । पक्षराष्ट्र भएको हैसियतले नेपालले यो महासन्धिलाई कार्यान्वयन गर्नु पर्ने कानुनी दायित्व छ । यो महासन्धिले जातीय भेदभाव भन्नाले- 'राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको मान्यता, उपभोग वा व्यवहार निषेध वा कमजोर गर्ने उद्देश्यले प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पतिमा आधारित कुनै पनि भेदभाव, बहिस्कार प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ' भनी परिभाषा गरेको छ ।

विश्वभरि नै जातीय विभेदका सबै स्वरूपहरूलाई यथाशीघ्र उन्मूलन गर्न मानवीय मर्यादाको बोध एवम् त्यस प्रतिको आदर सुरक्षित हुनु पर्दछ । अन्यथा जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण वा खतरनाक हुन्छ । यस महासन्धिले जातिवाद, विदेशीप्रति घृणा र असहिष्णुता, वंशका आधारमा हुने भेदभाव, सीमान्तकृत आदिवासी समूहमाथि पर्न सक्ने प्रतिकूल प्रभाव, साथै, महिला तथा बालबालिका माथि लिङ्ग वा उमेरका कारण हुन सक्ने जोखिमबाट सुरक्षा दिन पर्याप्त व्यवस्थाहरू गरेको छ । उच्च जोखिममा रहेका उल्लिखित समूह वा समुदायहरूको अवस्थालाई विशेष ध्यान दिँदै फौजदारी न्याय प्रणालीको प्रशासनिक तथा कार्य प्रणालीमा जातीय भेदभाव रोकथाम सम्बन्धमा सन् २००१ मा दक्षिण अफ्रिकामा भएको विश्व सम्मेलनले डार्बन घोषणापत्र र कार्य योजना जारी गरेको थियो ।

### नेपालमा जातीय विभेदको अवस्था

कुनै पनि व्यक्तिलाई जातीय, लैङ्गिक, वर्गीय, वंशज, क्षेत्रीय, समुदाय वा कुनै पनि आधारमा भेदभाव गर्न नहुने सबैलाई समान कानुन र समान अधिकार प्राप्त हुने भन्ने विषयमा संवैधानिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनहरूमा समानता र अविभेदको अधिकारको व्यवस्था गरिए पनि व्यवहारमा लागु हुन सकेको छैन ।

नेपालका पचहत्तरै जिल्लामा बसोबास गर्ने एक मात्र जातीय समुदाय 'दलित समुदाय' रहेको विभिन्न समयमा फरकफरक निकायहरूबाट भएको अध्ययनले पुष्टि गरेको छ । नेपालमा दलित तथा गैर-दलितबीचको जातीय छुवाछुत एकातर्फ छ भने दलित-दलितबीचको जातीय छुवाछुत अर्को जटिलता बनिरहेको छ । विद्यालयहरूमा शिक्षकहरूले दलित विद्यार्थीहरूलाई कक्षामा छुट्टै बेन्चमा बस्न लागाउने, शैक्षिक सामग्रीहरू चलाउन नदिने, अतिरिक्त क्रियाकलापहरूमा भाग लिन नदिने आदि गर्दछन् । दलित शिक्षकलाई गैर-दलितले सम्मान नगर्ने जस्ता समस्या पनि नेपाली समाजमा विद्यमान रहेको पाइन्छ । यस्तै दलित महिला घरेलु हिंसा, बलात्कार, बोलिजन्य दुर्व्यवहार लगायत भौतिक र मानसिक हिंसाका सिकार हुने गरेका छन् । पहाडी दलित महिलाको तुलनामा मधेसी दलित महिलाविरुद्ध हुने लैङ्गिक भेदभाव झनै चर्को छ ।

राष्ट्रिय मानवअधिकार आयोगमा प्राप्त उजुरी तथा विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारलाई आधार मान्दा नेपाली समाजमा दलित समुदाय जातीय विभेदको शिकार बन्नेक्रम रोकिएको छैन । दलित तथा पिछडिएका वर्गलाई मन्दिर प्रवेशमा रोक लगाउने, सामाजिक रूपमा बहिष्कार वा नाकाबन्दी गर्ने, विद्यालय तथा सार्वजनिक स्थलमा भेदभाव गर्ने, घृणित कार्यहरू गर्न बाध्य पार्नेजस्ता गतिविधिहरू भइरहेका छन् । सिनो नफाले बापत किराना पसल तथा धान कुट्ने मिलमा जान रोक्ने, अन्तरजातीय विवाह गर्दा समाजबाट बहिस्कार गर्ने, सार्वजनिक धारा तथा कुवाको पानी उपभोग गर्न प्रतिबन्ध लगाउने लगायत अन्य विभिन्न प्रकारका जातीय र छुवाछुतसम्बन्धी भेदभावपूर्ण कार्यहरू अझै भइरहेका छन् । अर्कोतिर, लैङ्गिक आधारमा समेत भेदभाव गर्ने अभ्यास घटेको छैन, खासगरी दलित महिलालाई बोक्सीको आरोप लगाई चरम अमानवीय यातना दिने कार्यहरू दिनहुँजसो भइरहेका छन् ।

### जातीय विभेद विरुद्धको अधिकार सम्बन्धमा आयोग :

राष्ट्रिय मानवअधिकार आयोगले रणनीतिक योजना २००८-२०१० अन्तर्गत जातीय विभेदसम्बन्धी उजुरीलाई प्राथमिकता दिई सरकार, प्रशासनिक निकाय, राजनीतिक दल, दलित आयोग, सरोकारवाला संस्थाहरूसँग जातीय विभेद न्यूनीकरणका सम्बन्धमा विभिन्न संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरू गर्दै आएको छ । जातीय विभेदको विषयमा आयोगले गरेका मुख्य गतिविधिहरू प्रस्तुत गरिएको छ-

- समाजमा व्याप्त कुप्रथा र अमानवीय संस्कारहरूलाई नियन्त्रण गर्दै उन्मूलन गर्न देशव्यापी रूपमा चेतनामूलक कार्यहरू सञ्चालन गर्न नेपाल सरकारलाई सिफारिस गरेको ।
- नेपाल पिछडा वर्ग महासङ्घको उजुरीउपर पिछडा वर्ग उत्थान एवम् विकासका लागि विशेष अध्ययन गरी आवश्यक सुझाव पेस गर्न समिति तथा अध्ययन टोली गठन गर्न नेपाल सरकारलाई सिफारिस गरेको ।
- 'सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने अन्तराष्ट्रिय महासन्धि १९६५' को सम्बन्धमा पक्ष राष्ट्रका हैसियतले नेपालले सम्बन्धित अन्तर्राष्ट्रिय समितिमा पठाउनु पर्ने आवधिक प्रतिवेदनमा आयोगका तर्फबाट रायसुझाव पठाउँदै आएको ।
- जातीय विभेद विरुद्धका उजुरीहरू जस्तै- बारा जिल्लामा यज्ञ प्रवेशमा रोकसम्बन्धी, डोटी जिल्लामा शैलेश्वरी मन्दिरमा दलितहरूको सामूहिक प्रवेशसम्बन्धी घटनाहरूमा अनुगमन/अनुसन्धान गरिएको ।
- सिराहा जिल्लामा दलितहरूको सम्बन्धमा एक अध्ययन प्रतिवेदन प्रकाशित गरिएको ।
- दलित वर्गभित्रका चमार जातिको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक स्थितिको अध्ययन अनुसन्धान गरिएको ।
- दलितहरूको आर्थिक, सामाजिक, सांस्कृतिक जीवन झल्काउने वृत्तचित्रको निर्माण,
- सामाजिक भेदभावका विरुद्ध जनचेतना अभिवृद्धि गर्ने पोस्टर प्रकाशन गरिएको ।

### अन्य क्षेत्रबाट भएका सकारात्मक प्रयासहरू

देशको जातीय, भाषिक, वर्गीय र सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै नेपालको अन्तरिम संविधान २०६३ ले छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार, विशेष संरक्षणको अधिकार, समानताको अधिकार, प्रथा, परम्परा र प्रचलनको नाममा हुने शोषण विरुद्धको अधिकार, सामाजिक न्यायको हक, शोषण विरुद्धको हक र धर्मनिरपेक्षता लगायतका हकलाई मौलिक अधिकारका रूपमा उल्लेख गरेको छ । मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि स्थापित राष्ट्रिय संस्थाहरू

राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय जनजाति प्रतिष्ठान लगायतले जातीय विभेद विरुद्धको अधिकारका लागि काम गर्दै आएका छन्। सरकारले अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरूप एक लाख रुपिया दिने कार्यक्रम ल्याएको छ। अहिले राजनीतिक दलहरू, नीति-निर्माता र विभिन्न जातजाति, लिङ्ग, वर्ग, उमेर र क्षेत्रका समुदायहरूबीच रहेको विभेद हटाउन प्रतिबद्ध रहनुलाई ठूलो उपलब्धिकै रूपमा ग्रहण गरिनु पर्दछ।

## चुनौतीहरू

हिन्दु वर्णाश्रममा आधारित जात विभाजन र छुवाछुत प्रथाले गर्दा नेपालमा कुल जनसङ्ख्याको एक चौथाई जनसङ्ख्या चर्को जातीय छुवाछुत र भेदभावको चपेटामा परेको विभिन्न अध्ययनहरूले देखाएका छन्। जातीय उत्पीडन र भेदभावजन्य व्यवहारका त्यो समूह सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रमा पछाडि परेको छ। वर्तमान समयमा जातीय छुवाछुतको सम्पूर्ण स्वरूपलाई कानुनी रूपमा नै अपराध घोषणा गरी दण्डनीय हुने व्यवस्था गरिए पनि नेपालमा जातीय विभेद तथा उत्पीडनका घटनामा तात्विक कमी आउन सकेको छैन। अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा, चेतना र जागरणको कमी एवम् कानुनी ज्ञानको अभावका कारण आज पनि मुलुकमा जातीय विभेद तथा छुवाछुतका घटनाहरू रोकिएका छैनन्। जातीय विभेदसम्बन्धी केही चुनौतीहरू निम्न छन् :

- जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, शोषण, हिंसा र दुर्व्यवहारमा कमी आउन नसक्नु।
- अशिक्षा, रुढीवादी परम्परा र अन्धविश्वासमा जकडिएका कारण जातीय रूपमा पिछडिएका व्यक्तिहरू आर्थिक रूपमा विपन्न हुनु, रोजगारीका अवसरबाट वञ्चित रहनु।
- राज्यका निकाय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने महत्वपूर्ण कार्यक्रमहरूमा जातीय आधारमा पहुँच नगन्य हुनु।
- जातीय विभेद विरुद्ध काम गर्ने संस्थाहरू धेरै भए पनि कार्यगत एकता र समन्वयको अभाव हुनु।

## निष्कर्ष तथा सुझाव

विभिन्न जातजाति, भाषाभाषी, भेषभुषा, संस्कृति, भौगोलिक वातावण तथा विविद मान्यता नै नेपालको पहिचान हो। प्रत्येक व्यक्तिलाई आफ्नो मातृभाषा, भेषभुषा र संस्कृति प्यारो लाग्दछ। समानता, स्वतन्त्रता र आत्मसम्मान मानवअधिकारका आधारभूत पक्ष हुन। सबै जातीय मौलिकता र पहिचानको संरक्षण गर्नु मानवअधिकारको विश्वव्यापी सिद्धान्त हो। नेपालमा जातीय छुवाछुत वा अन्य कुनै पनि भेदभावजन्य कार्य उन्मूलनका लागि सरकार, नागरिक समाज, गैरसरकारी संस्था, सञ्चारकर्मीलगायत सबै सरोकारकालाहरूले आपसी समन्वय र दृढताका साथ दातृ निकायमा मात्र भर नपरी काम गर्नु आवश्यक छ।

नेपालमा जातीय विभेदलाई नियन्त्रण गर्नका लागि केही सुझावहरू निम्न छन् :

- नेपालले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्न आवश्यक संयन्त्र बनाउने,
- जातीय विभेद सिर्जना गर्ने वा अविच्छिन्न गराउने कानुन, नियम, राष्ट्रिय तथा स्थानीय नीतिहरूको संशोधन, खारेज, पुनरावलोकन गर्ने,
- जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचारप्रसारमा रोक लगाउने तथा दण्डनीय बनाउने,
- सरकारी निकाय तथा नीति निर्माण तहमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्ने,
- मूलधारबाहिरका वर्ग, समुदाय, जाति आदिलाई विकासको मूलप्रवाहीकरणमा ल्याउन सकारात्मक विभेदको व्यवस्था गर्ने,
- शिक्षा (प्राविधिक र व्यावसायिक), स्वास्थ्य, क्षमता विकास जस्ता क्षेत्रमा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा सीमान्तकृत समुदायको पहुँच पुऱ्याउने,
- मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने राष्ट्रिय संस्थाहरूलाई सक्षम बनाउनु पर्ने। जातीय विभेद र छुवाछुतका विरुद्धमा गरिएका राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्ने,
- आमसञ्चार माध्यममार्फत् सचेतना कार्यक्रम प्रकाशन/प्रसारण गर्नु पर्ने।

*- प्रस्तुतिः गीताकुमारी दाहाल, अधिकृत*

## अपाङ्गता भएका मानिसको... *पृष्ठ २ को बाँकी*

न्यु एरा संस्थाद्वारा गरिएको अध्ययनअनुसार अपाङ्गता भएका व्यक्तिहरूमध्ये ६८.२ प्रतिशतले कुनै पनि प्रकारको शिक्षा प्राप्त गर्न सकेका छैनन्। अझ अपाङ्गता भएका महिलाको शैक्षिकस्तर निकै कम अर्थात् ७७ प्रतिशत मात्र छ। नेपालमा सार्वजनिक भवन, भौतिक संरचना, सवारीसाधन आदि अपाङ्गमैत्री छैनन्।

अपाङ्गता भएका व्यक्तिका लागि नेपाल सरकारले मासिक १७५ रुपियाँका दरले अपाङ्ग भत्ताको व्यवस्था गरेको छ। साथै सरकारी विद्यालयहरूमा सुस्तश्रवण र दृष्टिविहीन विद्यार्थीका लागि विशेष शिक्षा र सरकारी विद्यालयमा मासिक ५० रुपियाँदेखि १ हजार रुपियाँसम्म छात्रवृत्ति तथा क्याम्पसहरूमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। हाले संशोधित निजामति सेवा ऐनअनुसार, सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत सिटमा आरक्षणको व्यवस्थाका गरिएको छ। त्यसैगरी, हवाई सेवामा यात्रा गर्दा ५० प्रतिशत छुट, अस्पताल तथा स्वास्थ्य केन्द्रमा निःशुल्क स्वास्थ्य परीक्षण, सीपमूलक तालिमको व्यवस्था, रेडियो टेलिभिजनहरूमा अपाङ्गता सम्बन्धी कार्यक्रम, उनीहरूका लागि आवश्यक सामग्री आयातमा भन्सार छुट आदिको व्यवस्था गरेको छ।

राष्ट्रिय मानवअधिकार आयोगको रणनीतिक योजना २००८-१० मा अपाङ्गता भएका व्यक्तिको हक अधिकारसम्बन्धी कार्य गर्ने, अपाङ्गता भएका व्यक्तिको पहुँच वृद्धि गर्ने, सरकारी तथा निजी संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउनका लागि पहल गर्ने योजना रहेको छ। आयोगले अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवर्द्धनात्मक र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आयोगले अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि र यसको स्वैच्छिक आलेख २००६ लाई अनुमोदन गर्नका लागि नेपाल सरकारलाई सिफारिस गरेको थियो।

आयोगमा अपाङ्गता भएका व्यक्तिको मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरूको सङ्ख्या न्यून रहेको छ। आयोगमा प्राप्त उजुरीहरूमध्ये अधिकांश विगतको द्वन्द्वमा परी अपाङ्ग भएका व्यक्तिहरूसम्बन्धी छ। पीडित पक्षले आयोग समक्ष स्वास्थ्य उपचार, आर्थिक सहयोग, नागरिक अधिकार स्थापनाका लागि पहल गरिदिन अनुरोध गरेका छन्।

अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षणका लागि सबै तहमा उनीहरूको पहुँच वृद्धिका लागि यथोचित पहलहरू गर्न आवश्यक छ। त्यस्तै, अपाङ्गमैत्री सार्वजनिक भवन र संरचनाको निर्माण, विभेदकारी कानुन खारेज, अपाङ्गतासम्बन्धी सचेतना अभिवृद्धि जस्ता कार्यक्रमलाई प्रोत्साहित गर्न सके नेपालमा अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गर्न सकिन्छ।

*- प्रस्तुतिः माया शर्मा पराजुली, अधिकृत*

# मानिसको बाँच्न पाउने अधिकार

सबै मानवअधिकार समान हुन्, तर जीवनको अधिकारबिना ती कुनै पनि अधिकारको सार्थकता रहँदैन । तसर्थ, मानिसको बाँच्न पाउने अधिकार वा जीवनको अधिकारलाई सबै मानवअधिकारको जननी भनिन्छ ।



मानिसको बाँच्न पाउने अधिकारको पक्षमा मानव चेतनाको लामो इतिहास छ । द्वितीय विश्वयुद्धताका मानिसको बाँच्न पाउने नैसर्गिक अधिकारको व्यापक उल्लङ्घन भएकाले हरेक व्यक्तिको मानवअधिकार रक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मानवअधिकार संस्था तथा कानुनहरूको विकासले तीव्रता पायो । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको तयारीका क्रममा सबैभन्दा पहिले मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ जारी भयो । यसै घोषणापत्रलाई आधार मान्दै सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा आर्थिक, सामाजिक, र सांस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र । सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र जारी भयो भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी दुई ओटा ऐच्छिक आलेखसमेत जारी भएको पाइन्छ ।

***२०६६ सालमा आयोगमा ५० ओटा जीवनको अधिकारसम्बन्धी उजुरीहरू परेका थिए, जसमध्ये धेरै विगतको द्वन्द्वकालतर्फ नै लक्षित छन् । स्थापनादेखि हालसम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा मानिसको बाँच्न पाउने अधिकारसम्बन्धी १९९ ओटा उजुरीहरूका सम्बन्धमा अनुसन्धान गरी आवश्यक कारबाही र क्षतिपूर्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको छ । २०६६ भाद्र मसान्त सम्ममा जीवनको अधिकारसम्बन्धी ९३ ओटा सिफारिसहरूको पूर्ण तथा आंशिक कार्यान्वयन भएको देखिएको छ ।***

विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार नै मानवमा अन्तरनिहीत मर्यादा तथा समान एवम् नैसर्गिक अधिकारको मान्यता हो । मानवमा अन्तरनिहित मर्यादाबाट नै यी अधिकारहरू निःसृत हुने हुँदा मानवअधिकारको विश्वव्यापी घोषणापत्रअनुसार आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको साथै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने अवस्था सिर्जना गरेमा यसबाट विश्वमा प्रत्येक व्यक्तिले स्वतन्त्रता, न्याय र शान्ति तथा भय र अभावबाट मुक्ति पाउनेछन् ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने २०५२ सालबाट सुरु भएको तत्कालीन नेकपा (माओवादी) र सरकारबीच १० वर्षसम्म सशस्त्र सङ्घर्ष भयो जसमा करिब १५ हजार मानिसको ज्यान गुमेको थियो भने अरबौं रूपैयाँ बराबरको भौतिक संरचनाहरूको क्षति भएको थियो । कयौं मानिसहरूको सम्पत्ति कब्जा गरिएको, हजारौं मानिसहरू विस्थापित भएको, हजारौं व्यक्तिहरू अपाङ्ग भएका, लाखौं बालबालिका अनाथ भएका छन् । युद्धका घाउहरू अझै ताजा छन् । अर्कोतर्फ बढ्दो सहरीकरण, फोहोर मैला, खानेपानी तथा विद्युतको आपूर्तिमा कटौती, खाद्यान्न अभाव, बन्द हड्ताल, महँगो शिक्षा प्रणाली तथा शिक्षाको व्यावसायीकरण, प्रदूषित खाद्य सामाग्री आदिसमेत समस्याकै रूपमा छन् । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका उल्लिखित विषयवस्तु समेत मानिसको जीवनको अधिकारसँग प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्छन् ।

### बाँच्न पाउने अधिकार र आयोग

२०५७ सालमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको बेला देशमा सशस्त्र द्वन्द्व चलिरहेको थियो । तसर्थ, आयोग स्थापना भएलगत्तै यसले द्वन्द्वको प्रभावबाट मानिसलाई बचाउँन आफ्ना गतिविधिहरूलाई केन्द्रित गऱ्यो । सम्भावित हत्याका घटना रोक्नका लागि आयोगले तत्कालै अनुगमन, अनुसन्धान वा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल सञ्चालन गऱ्यो ।

द्वन्द्वकालमा मानिसको बाँच्न पाउने अधिकारलाई चुनौती दिने गतिविधिहरू जस्तै हत्या गर्ने, अपहरण गरी बन्धक बनाउने, व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिई कठोर यातना दिने, अङ्गभङ्ग पार्ने लगायतका कार्यहरू द्वन्द्वरत पक्षहरूबाट भएको देखिन्छ । यसैगरी विभिन्न आरोपमा घरबाट गैरकानुनी ढङ्गले नियन्त्रणमा लिई बेपत्ता बनाउने, हिरासतमा निर्मम यातना दिने, पक्राउ परेको व्यक्तिका बारेमा जानकारी नदिने वा झूठो बयान दिने लगायतका थुप्रै गतिविधिहरू विधिको शासनको विरुद्धमा भएका छन् । अर्कातिर, विगतयुद्धमा संलग्न नभएका निर्दोष नागरिकको हत्या गरेर तत्कालीन नेकपा (माओवादी) ले जेनेभा महासन्धिको साझा धारा ३ उल्लङ्घन गरेको आयोगले पाएको थियो । राष्ट्रिय मानवअधिकार आयोगले व्यक्तिको जीवन रक्षाका लागि उजुरी ग्रहण गर्ने र प्राथमिकताका साथ काम गर्दैआएको छ । आयोगले खासगरी, दर्ता भएका उजुरीहरूउपर अनुसन्धान पूरा भै दोषीमाथि कारबाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन विभिन्न मितिमा दर्जनौं निर्णयहरू गरेको छ ।

द्वन्द्वकालमा थुप्रै मानिसहरूको गैरन्यायिक हत्या भएको तथ्याङ्क छ, आयोगसँग । देशका विभिन्न भागमा, खासगरी तराईमा सशस्त्र गतिविधि गरिरहेका विभिन्न समूहले त्यस क्षेत्रका मानिसको जीवनको

अधिकारलाई ज्यादै जोखिममा पारिरहेको तथ्यलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । द्वन्द्वकालको सुरुमा यस्ता घटनाको सङ्ख्या अत्यधिक रहेकोमा शान्तिसम्झौता पछिको अवधिमा गैरकानुनी हत्याका घटनामा उल्लेख्य कमी आएको देखिन्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी मानवअधिकार समितिले गरेको जनरल कमेन्टमा आपराधिक क्रियाकलापबाट हुने जीवनको अधिकारको हननलाई रोकथाम वा अनुसन्धान गर्नु मात्र राज्यको दायित्व होइन, राज्यकै अधिकारीहरूद्वारा स्वेच्छाचारी रूपमा गरिएका जीवनको अधिकार हननका घटनालाई समेत साँघुर्‍याउँदै लैजानु पर्दछ । तिनलाई असीमित रूपमा त्यस्तो अधिकारहरू दिइनु हुँदैन भनी व्याख्या गरिएको छ । विगतको सशस्त्र द्वन्द्वको समयमा राज्यका उच्च तहका अधिकारीहरू समेतको संलग्नतामा मानिसको बाँच्न पाउने अधिकार हनन भएको वा कुण्ठित भएको देखिन्छ । आयोगको निर्णय र सिफारिसहरूका बाबजुद दोषी पाइएकालाई राज्यका निकायले कारबाहीको दायरामा ल्याउन नसक्दा दण्डहीनताले प्रश्रय पाएको हो ।

२०६६ सालमा आयोगमा ५० ओटा जीवनको अधिकारसम्बन्धी उजुरीहरू परेका थिए, जसमध्ये धेरै विगतको द्वन्द्वकालतर्फ नै लक्षित छन् । स्थापनादेखि हालसम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा मानिसको बाँच्न पाउने अधिकारसम्बन्धी १९९ ओटा उजुरीहरूका सम्बन्धमा अनुसन्धान गरी आवश्यक कारबाही र क्षतिपूर्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको छ । २०६६ भाद्र मसान्त सम्ममा जीवनको अधिकारसम्बन्धी ९३ ओटा सिफारिसहरूको पूर्ण तथा आंशिक कार्यान्वयन भएको देखिएको छ ।

## जीवनको अधिकारको महत्व

जीवनको अधिकारलाई साँघुर्‍याएर व्याख्या गर्न मिल्दैन । बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेका छन् । सङ्कटकाल लागेको वा सशस्त्र युद्ध वा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट कसैलाई पनि वञ्चित गर्न पाइदैन । एक पटक समाप्त भएको जीवन कसैले पनि कुनै पनि सर्तमा फिर्ता ल्याउन नसक्ने भएकाले कसैलाई पनि कुनै पनि व्यक्तिको जीवनहरण गर्ने अधिकार छैन भन्ने मान्यता छ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ मा मानिसको बाँच्न पाउने अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ । यो अधिकारको संरक्षणका लागि राज्यका अधिकारीहरूलाई समेत असीमित अधिकारहरू दिइनु हुँदैन भन्ने मान्यता यसका पक्षपातीहरूको छ । बृहत् रूपमा जीवनको अधिकार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सामीप्यता पनि उत्तिकै महत्वको रहेको हुन्छ । उदाहरणका लागि बाल मृत्युदर घटाउने कार्यक्रम ल्याएर, औषत आयु लम्ब्याएर, खाद्यान्नमा पहुँच पुर्‍याएर, स्वास्थसम्बन्धी विभिन्न कार्यक्रमहरू ल्याएर बाँच्न पाउने अधिकारको संरक्षण गर्नु पर्दछ ।

सशस्त्र द्वन्द्वको समयमा जीवनको अधिकारलाई संरक्षण गर्न जेनेभा महासन्धिको साझा धारा ३ लागू हुन्छ । यो धारामा आन्तरिक द्वन्द्व वा सशस्त्र संघर्षका पक्षहरूले पालना गर्नु पर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाईंबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरू समेतलाई जाति धर्म विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिको आवश्यक हेरचाह, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुर्‍याउने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णयबिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् ।

उल्लेखित विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूको पालना विपरितको काम कारबाहीले बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको देखिन्छ । नेपाल विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको अतिरिक्त नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को पक्ष राष्ट्र भएको हैसियतले यसको पालना गर्नु राज्यको दायित्व भित्र पर्दछ । यसै गरी द्वन्द्वरत विभिन्न समूहहरूले जेनेभा महासन्धिको साझा धारा ३ को पालना गर्नु तिनको दायित्वभित्र पर्दछ । अन्तर्राष्ट्रिय कानुन वा मानवीय कानुन वा राष्ट्रिय कानुनको पालना नगरी कसैको ज्यान जाने गरी गरिएको काम कारबाहीहरू मानवीय अपराध वा मानवता विरुद्धको अपराधसमेत मान्न सकिन्छ ।

## आयोगका चुनौतीहरू

राष्ट्रिय मानवअधिकार आयोग स्थापना भएदेखि सरकार तथा तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौतासम्म आइपुग्दा आयोगको केन्द्रीय कार्यालयमा मात्र दर्ता भएका जीवनको अधिकारसँग सम्बन्धित २०० ओटा उजुरीहरूमध्ये ५० प्रतिशतभन्दा बढी उजुरीहरूउपर आयोगबाट अनुसन्धान सम्पन्न निर्णय भै सकेको छ । तथापि सिफारिस भएका अधिकांश आयोगको निर्णयहरूको पूर्ण कार्यान्वयन नभएको अवस्था छ । यो अधिकारका सम्बन्धमा आयोगका विभिन्न कार्यालयहरूमा भएका आँकडाहरूलाई एकीकृत गर्ने काम भइरहेको छ । बाँकी रहेका उजुरीहरूको अनुसन्धान अगाडि बढाउनु पर्ने देखिएको र अनुसन्धानका क्रममा उजुरीसँग सम्बद्ध प्रमाणहरू फेला पार्न सकिने अवस्था छैन । आयोगमा रहेको विभिन्न स्रोतसाधन, आन्तरिक व्यवस्थापन, देशको राजनीतिक अवस्था समेतका कारणले हत्या वा मृत्यु भई मानवअधिकार हनन भएका उजुरीहरूको अनुसन्धान गर्न निकै चुनौतीको सामना गर्नु पर्ने देखिन्छ । यसैगरी उजुरीकर्तासँग सम्पर्क स्थापित गर्न समेत गाह्रो भएको, आयोगमा एक पटक उजुरी दर्ता गराइसकेपछि पुनः सम्पर्कका लागि नआउने गरेकाले उजुरी पुष्टि गर्न चाहिने थप प्रमाणहरूको समेत अभावका कारण उजुरीलाई तामेली, खारेजी वा मुल्तवीमा राख्नु पर्ने अवस्था विद्यमान छ ।

## निष्कर्ष

मानवअधिकार आयोग ऐन २०५३ ले प्रदान गरेको जीवनको अधिकारसम्बन्धी गहन दायित्वलाई आयोगले पूर्ण रूपमा निर्वाह गर्न नसकेको तथ्य विदितै छ । यसको मूल कारण मुलुकमा विगतमा चलेको दशवर्षे सशस्त्र द्वन्द्व नै हो । आयोगले नेपालको अन्तरिम संविधान २०६३ द्वारा संवैधानिक हैसियत प्राप्त गरेपछि र आयोग स्थापना भएको दश वर्ष पूरा भइसक्दा समेत जीवन रक्षामा उल्लेख्य प्रगति हासिल हुन सकेको छैन । विस्तृत शान्तिसम्झौता पछि अर्थात् २०६३ मङ्सिर ५ गतेपछि समेत मानिसको बाँच्न पाउने अधिकारको उचित सम्मान हुन सकेको छैन यद्यपि तुलनात्मक रूपमा गैरन्यायिक हत्या तथा मानवीय कानुनको उल्लङ्घनबाट हुने हत्याको शृङ्खला क्रमिक रूपमा घट्दै गएको देखिन्छ । हत्या जस्तो विषयलाई समेत राजनीतिक फाइदा वा बेफाइदाको दृष्टिकोणबाट हेर्ने प्रचलनले अपराधीहरूलाई राजनीतिक संरक्षण प्राप्त भएको छ भनी आयोगले विभिन्न समयमा भन्दै आएको छ । विभिन्न कारणबाट भइरहेका व्यक्ति हत्याको घटनाका दोषीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन सके जीवनको अधिकार संरक्षणमा ठोस योगदान पुग्न सक्छ । राजनीतिक तवरबाट व्यक्त प्रतिवद्धताहरूमात्र पर्याप्त छैनन् ।

*- जीवन न्यौपाने, अधिकृत*

# मानवअधिकार प्रतिबद्धताहरूको आवधिक समीक्षा

राष्ट्रसङ्घका सदस्य राष्ट्रलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने एवम् मानवअधिकारप्रतिको प्रतिवद्धताहरूको पालना गराउने उदेश्यले सन् २००६ मा सम्पन्न राष्ट्रसङ्घको महासभाले मानवअधिकार परिषद्को स्थापनासँगै नयाँ मानवअधिकार संयन्त्रका रूपमा विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को व्यवस्था गरेको हो । यस समीक्षाअन्तर्गत प्रत्येक चार वर्षमा राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूमा देखिएका मानवअधिकार प्रतिको उत्तरदायित्व, प्रतिवद्धता र चुनौतीहरूका बारेमा वस्तुपरक रूपमा छलफल हुन्छ । साथै, ती राष्ट्रले मानवअधिकारको क्षेत्रमा गरेका प्रतिवद्धताअनुरूप सम्पन्न गर्नु पर्ने आवश्यक पहलहरूको समेत समीक्षा गरिन्छ ।

सदस्य राष्ट्रको समीक्षाको आधार भनेको संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, सम्बन्धित राष्ट्र राज्यपक्ष भएका मानवअधिकारसम्बन्धी संयन्त्रहरू, मानवअधिकार परिषद्का उच्चस्तरीय बैठकहरूमा दिइएका मन्तव्यहरू, राज्यपक्षद्वारा व्यक्त गरिएका स्वेच्छिक प्रतिवद्धताहरू र सम्बन्धित राष्ट्रको हकमा प्रयोगमा आउन सक्ने अन्तर्राष्ट्रिय मानवीय कानुनहरू हुन्छन् ।

संयुक्त राष्ट्रसङ्घका हरेक सदस्य राष्ट्रहरूलाई समीक्षाको लागि पालैपालो बोलाइन्छ, जसले गर्दा हरेक सदस्य राष्ट्रको प्रत्येक चार वर्षमा अनिवार्य रूपमा समीक्षा हुन्छ । यो प्रक्रियामा मानवअधिकार परिषद्का सदस्य राष्ट्र र पर्यवेक्षक राष्ट्रहरूसमेत सहभागी हुन्छन् । समीक्षाका लागि राष्ट्रहरूको छनौट गर्दा भौगोलिक आधारलाई समेत ख्याल गरिन्छ । यस्तो समीक्षाको मुख्य उद्देश्य सम्बन्धित देशलाई मानवअधिकारप्रति प्रतिबद्ध बनाउन दबाब सिर्जना गर्नु हो । साथै, राज्य संयन्त्र र सरोकारवालाहरूको क्षमता विकास, उत्तम अभ्यासहरूको आदानप्रदान र सदस्य राष्ट्रहरूबीच आपसी समन्वय र सहकार्यको विकास गर्नु पनि यसका उद्देश्यहरू हुन् ।

समीक्षाका क्रममा विभिन्न चरणहरू पार गर्नु पर्ने हुन्छ । पहिलो चरणमा अभिलेखीकरण पर्दछ । यसअन्तर्गत राज्यका तीनओटा दस्तावेजहरू राष्ट्रिय प्रतिवेदन, राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले तयार पारेको राष्ट्र सङ्घीय संगालो र उसले तयार पारेका प्रतिवेदनको सारांश प्रतिवेदनलाई समीक्षा गरिन्छ । त्यस्तै, दोस्रो चरणमा अन्तर्क्रियात्मक संवाद पर्छ । यो विश्वव्यापी आवधिक समीक्षाको ज्यादै महत्वपूर्ण चरण हो । यसमा समीक्षा हुने राज्य र परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूको बीचमा तीन घण्टाको अन्तर्क्रियात्मक संवाद हुन्छ । तीन घण्टामध्ये दुई घण्टाको समय परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूलाई समीक्षा हुने राष्ट्रसँग प्रश्न तथा सिफारिसहरू गर्नको लागि छुटचइएको हुन्छ । बाँकी एक घण्टाको समय समीक्षा हुने राष्ट्रलाई संवादको क्रममा उठेका प्रश्नहरू एवम् सिफारिसहरूको जवाफ दिन, आफ्नो प्रतिवेदन प्रस्तुत गर्न र अन्त्यमा निष्कर्षहरू राख्नका लागि छुटचाइएको हुन्छ । यस्तै तेस्रो चरणमा समीक्षासम्बन्धी निष्कर्ष दस्तावेज तयार गरिन्छ । त्यस्तो दस्तावेज माथि आवश्यक छलफल गरी पारित गर्न सम्बन्धित राष्ट्रलाई समय दिइएको हुन्छ । आफ्ना कुराहरूमा सुधार गर्न राज्यहरूलाई दुई हप्ताको समय दिई प्रतिवेदन अस्थायी रूपमा पारित गरिन्छ । त्यस्तै, चौथो चरणमा अन्तिम दस्तावेज तयार गरिन्छ यसलाई औपचारिकरूपमा पारित गर्न मानवअधिकार परिषद्मा पठाइन्छ । उक्त दस्तावेज माथि परिषद्को नियमित बैठकमा एक घण्टाको समयमा आवश्यक छलफल गरी पारित गरिन्छ । यसरी मानवअधिकार परिषद्द्वारा पारित गरिएको अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयन गर्नु समीक्षा भएको राष्ट्रको कर्तव्य हुन्छ ।

## विश्वव्यापी आवधिक समीक्षा र नेपाल

हरेक चार वर्षमा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरू (हाल १९२ देश) ले अनिवार्य रूपमा गर्ने मानवअधिकार अवस्थाका बारेमा समीक्षा गर्ने पर्ने भएकाले सदस्य राष्ट्रको हैसियतले नेपालले पनि यो प्रक्रियामा सामेल हुनै पर्दछ । यसअनुसार सन् २०११ को जनवरी १७-२८ मा नेपालको समीक्षा हुने पालो परेको छ । उक्त समीक्षापश्चात् दस्तावेजका निष्कर्ष र सिफारिसहरू सहितको प्रतिवेदन मानवअधिकार परिषद्को सन् २०११ जुन महिनाको बैठकमा पेस हुनेछ ।

विश्वव्यापी आवधिक समीक्षामा पेस गरिने तीनओटा दस्तावेजहरूमा राष्ट्रिय प्रतिवेदन पनि एक हो । नेपाल सरकारले पठाउनु पर्ने दस्तावेजको तयारीको सिलसिलामा सरकारले बृहत् रूपमा सम्बन्धित पक्षहरूसँग छलफल तथा परामर्श गर्नु पर्दछ । यस क्रममा सरकारले राष्ट्रिय मानवअधिकार आयोगलगायत मानवअधिकारसम्बन्धी राष्ट्रिय संयन्त्रहरू, मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाजलगायतसँग बृहत् परामर्श गरी मानवअधिकारको वास्तविक अवस्था प्रतिविम्बित हुने प्रतिवेदन तयार गरी पेस गर्नु पर्दछ । नेपाल सरकारको तर्फबाट पेस हुने राष्ट्रिय प्रतिवेदन २० पृष्ठभन्दा बढी हुनु हुँदैन । युपिआरको प्रक्रियामा सरकारको भूमिका प्रमुख रहन्छ । युपिआर प्रक्रियाका विभिन्न चरणहरू पार गरिसकेपछि पारित प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको इमान्दारितापूर्वक राज्यले पालन गर्नुपर्छ । तर, युपिआर प्रक्रियामा परिषद्का सदस्य तथा अन्य पर्यवेक्षक राष्ट्रहरूले दिएका सुझाव तथा सिफारिसहरूलाई स्वीकार गर्ने वा नगर्ने अधिकार सरकारलाई हुन्छ ।

यस प्रक्रियामा राष्ट्रिय मानवअधिकार आयोगले महत्वपूर्ण भूमिका खेल्न सक्छ । आयोगले निम्न कार्यहरू गर्न सक्छ : क) राज्यका तर्फबाट पेस हुने राष्ट्रिय प्रतिवेदन तयारीका क्रममा परामर्श तथा सूचना प्रदान गर्ने, ख) यथार्थपरक र अद्यावधिक गरिएको सूचना सङ्कलनका लागि सरोकारवाला सङ्घसंस्था, नागरिक समाज, मानवअधिकार समुदाय आदिसँग परामर्श गर्ने, ग) आयोगका तर्फबाट छुट्टै प्रतिवेदन तयार गरी पेस गर्ने, घ) सरोकारवाला पक्षलाई युपिआरबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने र क्षमता अभिवृद्धिमा सहयोग गर्ने, ङ) सम्बन्धित राष्ट्रको युपिआर समीक्षाका क्रममा पर्यवेक्षकको रूपमा सहभागी हुने, च) मानवअधिकार परिषद्बाट अन्तिम प्रतिवेदन पारित हुनुपूर्व सामान्य टिप्पणी प्रस्तुत गर्ने, र त्यहाँ उठेको प्रश्नको सवालजवाफमा राज्यलाई सहयोग गर्ने, छ) अन्तिम प्रतिवेदनसम्बन्धी अनौपचारिक छलफलमा भाग लिने, ज) पारित प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई सुझाव दिने, झ) प्रतिवेदन कार्यान्वयनको अनुगमन गर्ने आदि ।

यस प्रक्रियामा नागरिक समाज तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका पनि महत्वपूर्ण हुन्छ । तिनले राष्ट्रिय प्रतिवेदन तयारीको क्रममा सरकारलाई सूचना र सुझाव दिने, मानवअधिकार परिषद्द्वारा पारित दस्तावेजको पालना भएनभएको भन्ने सम्बन्धमा सरकारलाई सचेत गर्ने आदि काम गर्दछन् ।

राष्ट्रिय मानवअधिकार आयोगले युपिआरसम्बन्धी छुट्टै प्रतिवेदन प्रस्तुत गर्न सक्ने भएकाले आयोग अहिले त्यसैको तयारीमा जुटेको छ । आयोगले प्रस्तुत गर्ने युपिआर प्रतिवेदन तयारीका लागि एक समिति गठन भएको छ । त्यो समितिले युपिआरसम्बन्धी विभिन्न स्थानमा क्षेत्रीय कार्यशाला सञ्चालन गरिसकेको छ । पछिल्लो समयमा आयोगले राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगलाई समेत संलग्न गरेर युपिआरसम्बन्धी छुट्टै प्रतिवेदन तयार गर्दैछ ।

*प्रस्तुतिः प्रेमबहादुर थापा, कानुन र अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा*

# मानवअधिकार उल्लङ्घनसम्बन्धी महत्वपूर्ण घटनाहरू

### आछाममा सहकर्मीबाट महिला प्रहरीलाई जबरजस्ती करणी

जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी जवान सुन्तली धामीलाई त्यसै कार्यालयमा कार्यरत सहकर्मी प्रहरीहरूले असोज ११ गते बेलुका जबर्जस्ती करणी गरेको भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशन/प्रसारण भएको तथा आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजुरी दर्ता भएको । आयोगको धनगढी कार्यालयबाट खटिएको टोलीले स्थलगत अनुसन्धान गरेको । अनुसन्धानमा घटनासँग सम्बन्धित व्यक्तिहरूसँग बयान लिनुका साथै अन्य प्राप्त प्रमाणहरू संकलन गरिएको । आयोगले कार्तिक १५ गते प्रतिवेदन सार्वजनिक गर्दै घटनाको निष्पक्ष अनुसन्धान गर्न, पदीयदायित्व निर्वाह नगर्ने प्रहरी अधिकृतलाई कारबाही गर्न, नेपाल प्रहरीभित्र महिला प्रहरीहरूको आवास र सुरक्षा प्रबन्ध प्रभावकारी बनाउने लगायतका सिफारिसहरू गरेको थियो ।



### बर्दिया राष्ट्रिय निकुञ्जमा तीन महिलाको हत्या

नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिई गएको गस्ती टोलीले फागुन २६ गते राति ८:३० बजे चलाएको गोली लागी सुर्खेत जिल्ला हरिहरपुर गाविस-२ कप्सेरा गाउँ बस्ने देवीसरा विक, अमृता विक र १३ वर्षे बालिका चन्द्रकला विकसमेत ३ जनाको निकुञ्जको बाँसपानी इलाकामा मृत्यु भएको थियो । यो घटनामा स्वविवेकीय उजुरी ग्रहण गरी क्षेत्रीय कार्यालय नेपालगञ्जले फागुन २८ गतेदेखि चैत्र ६ सम्म स्थलगत अनुसन्धान गरेको थियो । यो अनुसन्धानबाट प्राप्त तथ्यका आयोगले त्यो घटनाका अभियुक्तहरूलाई नियमित अदालतमा फौजदारी मुद्दा चलाउन, घटनामा दोषी पाइएकालाई कानुनबमोजिम कारबाही गर्न, मृतकका हकवालालाई क्षतिपूर्ति स्वरुप जनही तीन लाख रुपैंया उपलब्ध गराउन, मृतकका बालबच्चाहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्न तथा नेपाल सरकारबाट सरोकारवाला निकायहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न नेपाल सरकारलाई चैत १९ गते सिफारिस गऱ्यो ।

### बारामा एकीकृत माओवादी का तीन कार्यकर्ताको हत्या

बारा जिल्लाको गञ्जभवानीपुर गाविस-७ मा एकीकृत नेकपा (माओवादी) का तीन कार्यकर्ता रामप्रकाश यादव, दारा यादव र अम्बिका महतोको पुस २२ गते अज्ञात समूहको गोली प्रहारबाट मृत्य भयो । यो घटनामा कन्हैयालाल यादव तथा सियाराम महतो घाइते भए । आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरले घटनाको स्थलगत अनुसन्धान गऱ्यो भने घटनामा घाइते भएका व्यक्तिहरूसँग



आयोगको केन्द्रीय कार्यालयबाट खटिएको टोलीले काठमाडौंको थापाथलीस्थित नर्भिक अस्पताल पुगी घटनाको सम्बन्धमा जानकारी लियो । राजनीतिक दलका नेता तथा कार्यकर्तालाई लक्षित गरी हत्या, हिंसा, अपहरणजस्ता घटना हुनेक्रम बढ्दै गएकाले राजनीतिमा आपराधिकरण तथा अपराधमा राजनीतिकरण हुने परिपाटीलाई अन्त्य गर्न तत्काल पहल थाल्न राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकार, राजनीतिक दल तथा सम्बन्धित सबैलाई ध्यानआकर्षण गराएको थियो ।

### काठमाडौंका सरकारी अस्पतालमा हड्ताल

काठमाडौंस्थित वीर अस्पताल र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा कार्यरत चिकित्सकहरूले फरकफरक मितिमा गरेको हड्तालका कारण सर्बसाधारणले जीवनको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थोपचारको अधिकारबाट वञ्चित हुनु परेको थियो । वीर अस्पत्तालमा पुसको चौथो सातामा सुरु भएको हड्ताल दुईहप्तासम्म जारी रहँदा उपचारका लागि भर्ना भएका बिरामीहरू समेत बाहिरिनु परेको थियो । त्यस्तै, शिक्षण अस्पतालका चिकित्सक र अन्य कर्मचारीहरूले समेत विभिन्न माग राखी चैत २ गतेदेखि १७ दिनसम्म सम्पूर्ण सेवा ठप्प पार्दा सर्वसाधारणको स्वास्थ्यप्राप्तिको अधिकार प्रत्यक्ष प्रभावित भएको थियो । यी दुवै घटनामा आयोगको केन्द्रीय कार्यालयबाट खटिएका टोलीहरूले अनुगमन गरेका थिए । आयोगले स्वास्थ्य लगायतका अत्यावश्यक सेवाहरूमा कुनै किसिमको अवरोध हुने अवस्था आइपर्न नदिन आवश्यक व्यवस्था गर्न समेत नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गर्दै हड्तालको कार्यक्रम फिर्ता लिन आयोगले सम्बन्धित पक्षहरूलाई आग्रह गरेको थियो ।

### बाँके रनियापुरमा जमिन कब्जासम्बन्धी घटना

अखिल नेपाल सुकुम्बासी सङ्घको आयोजनामा देशका विभिन्न स्थानमा सार्वजनिक एवम् निजी जग्गा कब्जा गरी सुकुम्बासी भनिएका व्यक्तिहरूलाई आफूखुसी वितरण गरिएको, स्थानीय प्रशासन तथा सुरक्षा निकायले नवलपरासी, कैलाली, बाँके, बर्दियालगायतका जिल्लाहरूमा सार्वजनिक, निजी, सामुदायिक वन एवम् राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा सुकुम्बासी भनिएका व्यक्तिहरूबाट जग्गा कब्जा भइरहेको तथा त्यसलाई रोक्न सुरक्षाकर्मी परिचालन भएको र अवस्था हिसांत्मक हुने समाचारहरू आयोगमा प्राप्त भए । सम्पत्ति कब्जासम्बन्धी घटनाका बारेमा आयोगका विभिन्न कार्यालयहरूबाट अनुगमन गरिएको थियो ।



## कैलाली, डुँडेझारीमा जङ्गल क्षेत्र कब्जासम्बन्धी घटना

कैलाली जिल्ला बलिया गाविस-८ अन्तर्गत डुँडेझारी जङ्गलमा भूमिहीन सुकुम्वासी भनिएका विभिन्न व्यक्तिहरूले २०६६ मङ्सिर १० गतेदेखि जङ्गल क्षेत्र अतिक्रमण गरी बसे। यो अतिक्रमण हटाउन परिचालन गरिएका सुरक्षाकर्मीको कारबाहीमा ३ अतिक्रमणकारी र एक प्रहरीको मृत्यु भयो। साथै, ४२ वन अतिक्रमणकारी तथा ६६ सुरक्षाकर्मीहरू घाइते भए। यो घटनाले राष्ट्रिय रूपमै व्यापक चर्चा पायो। आयोगले उक्त घटनाको अनुगमन तथा प्रारम्भिक अनुसन्धान सम्पन्न गऱ्यो।

## पर्सा, भवराटारको घटना

पर्सा जिल्लाको भवराटारमा असोज १४ गते राती स्थानीय बासिन्दा र सशस्त्र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली लागी दुई बालकसहित तीनको मृत्यु भएको र अन्य केही घाइते भएको भन्ने जानकारी आयोगलाई प्राप्त। आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालयले यो घटनाका सम्बन्धमा अनुसन्धान गरेको थियो।

## कर्णाली राजमार्ग अवरुद्ध

२०६६ असारको वर्षाको कारण गएको पहिरोका कारण राजमार्ग अवरुद्ध हुँदा कर्णाली क्षेत्रका नागरिकहरूको खाद्यान्नको अधिकार, आवागमनको स्वतन्त्रता, स्वास्थ्य, शिक्षा र पेसा व्यवसाय गर्ने स्वतन्त्रता आदि कुण्ठित भएको। तसर्थ, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू कुण्ठित भएको भन्दै आयोगले अवरुद्ध राजमार्गका केही स्थानको स्थलगत अनुगमन गऱ्यो र कात्तिक २४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आवश्यक कारबाहीको लागि अनुरोध गऱ्यो।

## मध्य तराईमा मकैखेती र समस्या

बारा, पर्सा, रौतहट, सर्लाही, नवलपरासी, झापालगायतका जिल्लामा मकैका बोटमा दाना नलाग्ने समस्या देखियो। किसानहरू दोहोरो मार्कामा परेका विभिन्न जिल्लाका खासगरी २० हजार हेक्टर जमीनमा यस बर्ष लगाइएको मकै बालीमा दाना नलागेपछि खेतीमा आश्रित किसानहरू मर्कामा परे। यो घटनाबाट हजारौं घरपरिबार प्रभावित भएको र करिब २ अर्बको नोक्सानी भएको तथ्य आयोगले प्राप्त गरेको, र खराब बीऊका कारण भएको क्षतिको यकीन गरी किसानलाई उचित क्षतिपूर्ति प्रदान गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

## मध्य तथा सुदूरपश्चिममा झाडापाखाला

२०६६ सालको प्रारम्भिक महिनाहरूमा जाजरकोटलगायत मध्य तथा सुदूर पश्चिमाञ्चलका नौ जिल्लाहरूमा झाडापाखाला फैलियो। यो स्वास्थ्य प्रकोपबाट नागरिकको स्वास्थमा परेको प्रतिकूल प्रभावबाट करिब ४ सयको मृत्यु भएको तथा हजारौं बिरामी परेका थिए। आयोग विभिन्न टोलीले स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनलाई साउन २० गते उपत्यकामा एक पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिएको थियो। आयोगले उक्त महामारी नियन्त्रण गर्न, स्वास्थ्य प्रकोपको फैलनुको कारण पत्ता लगाई सावधानीका उपाय अवलम्बन गर्न, प्रकोप प्रभावित क्षेत्रलाई स्वास्थ्य सङ्कट क्षेत्र घोषणा गरी रोग नियन्त्रण गर्न, मृतकका परिवारहरूको संरक्षणका लागि तत्काल छुट्टै एकीकृत प्याकेज कार्यक्रम सुरू गर्न, विभिन्न संघसंस्थाबाट बिक्री वितरण गरिएको खाद्यान्नको गुणस्तर छानबिन गर्न र स्वस्थ तथा सफा खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउन सिफारिस गऱ्यो।




## भैरवनाथ गणबाट बेपत्ता पारिए व्यक्तिको सम्बन्धमा

सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा देशका विभिन्न स्थानबाट पक्राउ गरी २७२ व्यक्तिहरूलाई काठमाडौं महाराजगञ्जस्थित नेपाली सेनाको १० नं. बाहिनीअन्तर्गत् भैरवनाथ गण तथा युद्धभैरव गणमा थुनामा राखी बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरी आयोगलाई प्राप्त भएको। आयोगको अनुसन्धानबाट ती गणहरूमा थुनामा राखिएकामध्ये कम्तिमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारेको पुष्टि भएको भनी भदौ २६ गते आयोगको बैठकले ठहर गरेको। आयोगले तत्कालीन प्रधान सेनापति र नेपाली सेनाको १० नं. बाहिनीका प्रमुखसहित संलग्न सबै सैनिक अधिकारीहरू माथि प्रचलित कानुनबमोजिम कारबाही तत्काल अगाडि बढाउन र पीडित परिवारलाई जनही एक लाख रुपैया अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो।

## प्रधानमन्त्रीलाई ज्ञापनपत्र

आयोगका पदाधिकारीद्वारा प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी मानवअधिकारको समग्र अवस्थाका बारेमा जानकारी गराउँदै आयोगका सिफारिसहरू कार्यान्वयन गर्नु पर्ने, द्वन्द्वपीडितलाई उचित क्षतिपूर्ति दिनु पर्ने, बेपत्ताको स्थिति सार्वजनिक गर्नु पर्ने, मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही गर्नु पर्ने, मानवअधिकारसम्बन्धी विधेयकबारे आयोगसँग परामर्श लिनु पर्ने, द्वन्द्वका क्रममा विस्थापित भएकालाई पुन:स्थापना गरी राहत उपलब्ध गराउनु पर्ने लगायतका विषयमा ध्यानआकर्षण गराइएको थियो।

## प्रहरी अधिकृतद्वारा भारतीय महिला बलात्कृत

जिल्ला प्रहरी कार्यालय धनुषाअन्तर्गत अस्थायी प्रहरी चौकी रेल्वेस्टेसन जनकपुरका इन्चार्ज प्रहरी सहायक निरीक्षक (सई) बाबुराम झाले चैत्र ६ गते राती एक भारतीय महिला र पुरुषलाई नियन्त्रणमा लिई आफू कार्यरत चौकीमा जबरजस्ती करणी गरेको भनी आयोगलाई जानकारी प्राप्त भएको थियो। आयोगको जनकपुरस्थित क्षेत्रीय कार्यालय मार्फत् उक्त घटनाका सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरी स्वतन्त्र संयन्त्रमार्फत् घटनाको निश्पक्ष अनुसन्धान गर्न नेपाल सरकारको ध्यानाकर्षण गरायो।

### न्याय माग्दै बन्दी प्रहरीहरूद्वारा मानव–ताल्चा

आयोगलगायत सम्बन्धित सबै निकायहरूमा विभिन्न समयमा गरिएको अनुरोध र मागलाई बेवास्ता गरिएको भन्दै जिल्ला कारागार कैलालीमा बन्दी प्रहरीहरूद्वारा पुस ३ गते आफ्नै नाडीमा पन्यूले खोपेर कारागारको मूल ढोकामा मानव ताल्चा बनाएका थिए। निलम्बित प्रहरी जवान पूर्णबहादुर मलासीले दायाँ हात र नरजंग शाहीले बायाँ



हात कारागारको मूलढोकाबाट बाहिर निकाली स्टिलका पन्यूले दुबैको नाडीमा प्वाल पारी तामाको तारले बाँधेर त्यसमा ताल्चा लगाई विरोध गरे। नेपालगञ्जस्थित दङ्गा नियन्त्रण गणमा सशस्त्र विद्रोह गरेको आरोपमा डेढ वर्षदेखि कैलाली कारागारमा राखिएका १८ जना बन्दीहरूले न्यायप्राप्तिमा ज्यादै ढिलाइ भएको भन्दै गत मङ्सिर १७ गतेदेखि विभिन्न स्वरूपको आन्दोलन सुरु गरेका थिए। यो घटनाको सम्बन्धमा आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय अनुगमन गरी आवश्यक पहल गरेको थियो।

### पुसमा एकीकृत नेकपा (माओवादी) को पाँचदिने आमहड्ताल

एकीकृत नेकपा (माओवादी) ले पुस ५ देखि ९ गतेसम्म देशव्यापी आमहड्तालको आह्वान गऱ्यो। सर्वसाधारणको जनजीवन कष्टकर हुँदै गएकाले संवादको माध्यमबाट सहमतिमा पुग्न सबै राजनीतिक दलहरूलाई तथा यथाशीघ्र आमहड्ताल फिर्ता लिन आयोगले पुस ५ गते एकीकृत नेकपा (माओवादी) लाई आग्रह गरेको थियो। साथै शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र संयम अपनाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो। नेपालबन्द डटकम वेबसाइटले रेकर्ड गरेअनुसार नेपालभरिमा वर्ष २०६६ मा २७४ दिन सानाठूला बन्दका कार्यक्रमहरू आयोजना गरिए। एकै दिन पनि एकभन्दा बढी बन्दका गतिविधिहरू आयोजना भएको पाइयो। उदाहरणका लागि वैसाख ४, असार २३, साउन ९ र पुस १२ गतेका दिन देशभरि विभिन्न सात/सात स्थानमा बन्द भएका थिए। उल्लिखित दिनहरू सबैभन्दा बढी बन्दका गतिविधिहरू परेका दिन हुन्।

### धनुषामा प्रहरी हिरासतमा मृत्युसम्बन्धी घटना

धनुषा जिल्ला ढल्केवर गाविस–३ बस्ने विनोद यादवको साउन १६ गते प्रहरी हिरासतमा मृत्यु भयो। निज यादवलाई अघिल्लो दिन चोरीको आरोपमा इलाका प्रहरी कार्यालय ढल्केवरको हिरासतमा राखिएको थियो। यादवको शवलाई पोस्टमर्टमका लागि जनकपुर अञ्चल अस्पत्ताल पुऱ्याइयो। प्रहरी माथि लागेको आरोप लागेका विषयहरू खुल्ने गरी स्वतन्त्र रूपमा शव परीक्षण गर्न आयोगले अनुरोध गर्दा सो खुल्न नसकिने जानकारी दिइयो। त्यसपछि आयोगले आफ्नै पहलमा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पत्ताल महाराजगञ्जमा कार्यरत फोरेन्सिक विशेषज्ञ डा हरिहर वस्तीलाई जनकपुर अस्पतालमा पठाई साउन १८ गते पोस्टमर्टम गरिएको थियो। मृतकका परिवारलाई एक लाख रुपैया क्षतिपूर्ति प्रदान गर्न, इलाका प्रहरी कार्यालय, ढल्केवर (धनुषा) मा कार्यरत प्रहरी अधिकृतलाई कानुनबमोजिम कारवाही गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो।

### राज्यमन्त्री बेगमद्वारा पर्साका प्रजिअमाथि कुटपिट

पर्सा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई उनकै कार्यालयमा कात्तिक २४ गते बिना सूचना प्रवेश गरी कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमले गालीगलौज र हातपात गरिन्। यो घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, पर्सामा कात्तिक २५ गते जाहेरी दर्ता गरियो। साथै, सोही मितिमा काठमाडौं र ललितपुर जिल्ला प्रहरी कार्यालयलाई आवश्यक पत्राचार गरिसकेको अवस्थामा समेत प्रहरीले अभियुक्तलाई पक्राउ गर्न सकेन।

*– प्रस्तुतिः उमा जोशी, अधिकृत*



# नेपालमा खाद्यअधिकारको अवस्था

बाँच्न पाउनु प्रत्येक मानिसको आधारभूत अधिकार भएजस्तै खाना पाउनु पनि हरेक मानिसको प्राथमिक मानवअधिकारभित्र पर्दछ । भोकमरी तथा भोकमरीबाट सिर्जित समस्याहरूबाट छुटकारा पाउनु र खाद्यान्न माथिको पहुँच कायम गर्न पाउनु प्रत्येक मानिसको नैसर्गिक अधिकार हो । मर्यादित र स्वस्थ मानव जीवनका लागि मानिसले पर्याप्त मात्रामा खान पाउनु पर्दछ । त्यसैले खाद्यअधिकारको प्रत्याभूति मानिसको आधारभूत आवश्यकताभित्र पर्दछ । नेपालको लगभग ६० लाख जनसङ्ख्या अर्थात् करिब २३ प्रतिशत मानिसले आवश्यक पोषण पाउन सकेका छैनन् । पाँच बर्ष मुनिका आधाजसो बालबालिका कुपोषणको शिकार भएका छन् र उनीहरूको शारीरिक तथा मानसिक विकास राम्रोसँग हुन सकेको छैन ।

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि संगठन (एफएओ) को प्रतिवेदनअनुसार विश्वका करिब ८५ करोडभन्दा बढी मानिस भोकमरीको समस्याबाट पीडित छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको २००७ को मानव विकास प्रतिवेदनमा १८२ राष्ट्रमध्ये नेपाल १४४ औं स्थानमा रहेको छ । यहाँ ३१ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेको अनुमान गरिएको छ । हिमाली जिल्लाहरूमा गरिबीको स्थिति झन् चर्को रहेको छ । १६ ओटा हिमाली जिल्लाहरू मध्ये १३ ओटा र ३९ ओटा पहाडी जिल्लाहरूमध्ये २१ ओटा जिल्लामा खाद्यान्न कम उत्पादन भई खाद्यान्न अभाव हुने गरेको पाइएको छ ।

*मानिसले प्रयोग गर्ने खाद्यान्नमा स्वास्थ्यमा असर पार्ने कुनै पनि प्रतिकुल वा अनिष्टकारी तत्वहरू हुनुहुँदैन । अन्तर्राष्ट्रिय मापदण्डले तोकेकोभन्दा बढी बिषाक्त पदार्थहरू मिसिएको खाना खानु हुँदैन । कुनै एक समयमा वा एक पटक मात्र खाद्यान्न प्राप्त गर्दैमा खाद्य सुगमता तथा खाद्य पर्याप्तता भएको मान्न सकिदैन । यसले मानिसको खान पाउने अधिकारको प्रत्याभूति गर्न सक्दैन । खाद्य बितरण प्रणालीको स्थायित्व र सुनिश्चितताले मात्र मानिसको खान पाउने अधिकारको प्रत्याभूति गर्न सक्छ ।*

खाद्यअधिकार भन्नाले कुनै पनि देशमा बसोबास गर्ने नागरिकको खान पाउने अधिकारको सुनिश्चित गर्नु भन्ने बुझिन्छ । नागरिकको खाना पाउने अधिकारको प्रत्याभूति भन्नाले राज्यका नीति, कानुन र कार्यक्रमहरू सहज बनाइनु पर्दछ, जसले गर्दा नागरिकहरूले आफूले रुचाएको खाद्यान्न उत्पादन गरेर वा खरिद गरेर खान सकुन् । अर्को शब्दमा, कुनै पनि देशका नागरिकले कृषियोग्य जमिन, पशुपालन, कृषिजन्य उद्योग व्यवसाय आदिबाट उत्पादन गरेर वा प्राकृतिक साधनस्रोतहरूको प्रयोग गरेर वा अन्य कुनै पनि पेसा, व्यवसायबाट हुने आम्दानीको स्रोतबाट खाद्यान्न खरिद गरेर पर्याप्त मात्रामा खाना खान पाउने स्थितिलाई नागरिकहरूको खाद्यअधिकारको प्रत्याभूति भएको मानिन्छ ।

खाद्यान्नको अभाव र राज्यको गलत नीतिका कारण खाद्यान्नको अधिकारबाट आमनागरिक वञ्चित हुने र खाद्यान्नको अधिकारको व्यापक उल्लङ्घन भएका तथ्यहरू बाहिर आइरहेका छन् । नेपालमा भोकमरीको समस्या व्यापक छ र यो समस्या झन् विकराल बन्दै छ । यसबाट आम नेपाली नागरिकको खाद्यान्नको अधिकारको संरक्षण, सम्मान र परिपूर्ति गर्नुपर्ने दायित्वबाट राज्य पन्छिएको पाइन्छ । यस आधारमा राज्यले नै खाद्यान्नको अधिकारको उल्लङ्घन गरेको देखिन्छ ।

व्यक्तिले खाने खाद्यवस्तु उपलब्ध मात्र भएर पुग्दै ती वस्तु पौष्टिक तथा सन्तुलित हुनु पनि जरुरी छ । मानिसले प्रयोग गर्ने खाद्यान्नमा स्वास्थ्यमा असर पार्ने कुनै पनि प्रतिकुल वा अनिष्टकारी तत्वहरू हुनुहुँदैन । अन्तर्राष्ट्रिय मापदण्डले तोकेकोभन्दा बढी विषाक्त पदार्थहरू मिसिएको खाना खानु हुँदैन । कुनै एक समयमा वा एक पटक मात्र खाद्यान्न प्राप्त गर्दैमा खाद्य सुगमता तथा खाद्य पर्याप्तता भएको मान्न सकिदैन । यसले मानिसको खान पाउने अधिकारको प्रत्याभूति गर्न सक्दैन । खाद्य बितरण प्रणालीको स्थायित्व र सुनिश्चितताले मात्र मानिसको खान पाउने अधिकारको प्रत्याभूति गर्न सक्छ ।

### *राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरू*

सबै मानवअधिकार समान् हुन् तर तीनको उपभोग गर्न बाँच्नु आवश्यक छ । तर, खाद्यान्न बिना बाँच्न सकिन्न । त्यसैले भोक विरुद्धको अधिकार हरेक मानिसका लागि महत्वपूर्ण छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले खाद्यान्नको अधिकारलाई सुनिश्चित् गरेको छ । संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धि महासन्धि १९६६ ले खाद्यअधिकार अर्थात् भोकमरीबाट छुटकारा पाउने अधिकार सहित उपयुक्त जीवनस्तरको अधिकारलाई मान्यता दिएको छ । नेपाल पक्ष भइसकेको उक्त महासन्धिले प्रत्येक व्यक्तिको पर्याप्त भोजन लुगा तथा आवाससमेत आफू र आफ्नो परिवारको पर्याप्त जीवनस्तर तथा जीवन व्यवस्थाको सुधारको अधिकारलाई स्वीकार गर्दै भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको अधिकारलाई समेत सुनिश्चित गरेको छ । संयुक्त राष्ट्रसङ्घीय बिशेष समाधीक्षकले नागरिकहरूलाई पर्याप्त खाद्यान्न, ग्रहण गर्न योग्य खाद्यान्न, खाद्यान्नमा स्थायी र अवरोधरहित पहुँच, प्रत्यक्ष रूपमा क्रय गर्न सक्ने क्षमता सहितको खाद्यान्न, गुणस्तरीय र पोषणयुक्त खाद्यान्न, संस्कृतिसँग मेल खाने खाद्यान्न, कीरा फट्याङ्ग्रारहित खाद्यान्न, शारीरिक तथा मानसिक स्वास्थ्य हासिल गर्ने खालको खाद्यान्न आमनागरिकले उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा जोड दिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभूताको हक नागरिकलाई दिएको छ । तर उक्त हकलाई प्रत्याभूत गर्ने कानुनको निर्माण हालसम्म भएको छैन । खाद्यान्नको अधिकार सशस्त्र द्वन्द्वका बेला जस्तोसुकै सङ्कटको बेलामा समेत लागु रहन्छ, र कुनै पनि अवस्थामा यसलाई निलम्बन गर्न सकिन्न ।

नेपालले पक्षराष्ट्रका रूपमा संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिमा बुझाएको दोस्रो प्रतिवेदनको समापन अवलोकन (सन् २००७ मे) मा समितिले खाद्यअधिकार सुनिश्चित तथा संरक्षणका लागि नेपाललाई विविध सुझावहरू दिएको थियो । ती सुझावहरूको कार्यान्वयन हुन सकेको छैन ।

### निष्कर्ष

नेपालका विभिन्न सुगम क्षेत्रमा रहेका गोदामहरूमा पर्याप्त चामल हुँदाहुँदै पनि दुर्गममा खाद्यान्न अभाव हुनु, खाद्य अभाव भएका जिल्लामा छोटो अवधिका लागिसमेत खाद्यान्न सञ्चित नहुनु, चामलको भण्डारन उपयुक्त नहुँदा खाद्यान्न नष्ट भएर जानु तथा कुहिएको चामल खान आमसर्वसाधारण बाध्य हुनु, नेपालका करिब ४० जिल्लाहरूमा खाद्यान्न अभाव हुनु नेपालमा खाद्य अभावका चुनौतीहरू हुन् । गत वर्ष जाजरकोटलगायतका जिल्लामा फैलिएको झाडापखाला प्रभावित क्षेत्रमा अखाद्य पदार्थहरू पनि बितरण भएको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदन प्रकाशित गरेको छ । यस विषयमा आयोगले यस विषयमा नेपाल सरकारलाई सिफारिस समेत गरेको थियो । आयोगले नेपाल सरकारलाई गरेको सिफारिसमा उक्त माहामारी फैलिनुको कारण पत्ता लगाउन साथै त्यसको रोकथाम तथा नियन्त्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारबाही गर्ने र सत्य तथ्य सार्वजनिक गर्न सिफारिस गरेको थियो । आयोगले ती घटनाका सम्बन्धमा तयार गरेका विभिन्न सुझाव तथा सिफारिसको अझै कार्यान्वयन हुन सकेको छैन ।

*-मञ्जु खतिवडा, अधिकृत*

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ मा परेका उजुरीहरू

| क्रस | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | - | १ | २ | ६ | २ | २ | ३ | २ | १ | १० | ५ | १ | ३५ |
| | | एनेकपा (माओवादी) | २ | १ | - | १ | २ | १ | - | १ | - | - | - | - | ८ |
| | | अन्य समूह | २ | १ | १ | - | १ | २ | - | - | - | - | - | - | ७ |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | ४ | ३ | - | २ | २ | - | २ | २ | ९ | ३ | - | - | २७ |
| | | एनेकपा (माओवादी) | १ | २ | २ | ६ | - | १ | - | - | - | १ | - | - | १३ |
| | | अन्य समूह | ६ | ४ | ७ | ३ | - | २ | २ | ३ | - | २ | - | - | २९ |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | ८ | ५ | ७ | ३ | ५ | १ | ६ | - | ४ | १ | ९ | ७ | ५६ |
| | | अन्य समूह | - | - | ८ | ३ | - | १ | - | - | - | २ | २ | - | १६ |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | - | १ | - | - | २ | १ | १ | १ | - | - | - | १ | ७ |
| | | एनेकपा (माओवादी) | - | - | - | २ | - | - | - | - | ५ | १ | १ | १ | १० |
| | | अन्य समूह | १ | २ | - | १ | - | - | - | - | १ | - | - | - | ५ |
| ५ | विस्थापित | सुरक्षाकर्मी | - | - | - | - | - | - | - | - | - | - | - | - | ० |
| | | एनेकपा (माओवादी) | - | - | २ | - | - | - | ३ | - | - | - | १ | २ | ८ |
| | | अन्य समूह | १ | १ | ३ | - | १ | १ | - | - | - | - | - | - | ७ |
| ६ | सम्पत्ति कब्जा | सुरक्षाकर्मी | - | - | - | १ | - | - | - | - | १ | १ | - | - | ३ |
| | | एनेकपा (माओवादी) | १ | - | २ | २ | - | - | १ | १ | - | - | १ | १ | ९ |
| | | अन्य समूह | १ | - | १ | - | - | १ | १ | - | - | - | - | - | ४ |
| ७ | धम्की | सुरक्षाकर्मी | २ | - | - | - | १ | - | ३ | - | ३ | १ | - | - | १० |
| | | एनेकपा (माओवादी) | २ | - | १ | - | - | १ | - | - | १ | १ | - | - | ६ |
| | | अन्य समूह | ४ | - | १ | ३ | १ | १ | १ | २ | - | १ | ३ | - | १७ |
| ८ | कारागार/थुनासम्बन्धी | | १ | १ | १ | - | ३ | - | ३ | १ | २ | १ | १ | - | १४ |
| ९ | क्षतिपूर्ति | | - | - | १ | १ | ३ | २ | १ | - | २ | - | - | - | १० |
| १० | नागरिक अधिकार | | १ | २ | - | - | - | - | - | - | - | १ | - | - | ४ |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | ५ | १ | २ | - | ३ | २ | ३ | ३ | १ | - | - | २ | २२ |
| १२ | महिला अधिकार | | ३ | ५ | २ | ४ | ४ | ४ | ३ | - | - | २ | १ | ४ | ३२ |
| १३ | बालअधिकार | | - | ४ | १ | १ | २ | - | २ | - | - | २ | २ | - | १४ |
| १४ | न्याय प्रशासन | | ६ | १ | ४ | २ | ४ | ४ | ११ | ६ | ५ | ९ | २ | ६ | ६० |
| १५ | विदेशमा नेपाली | | - | - | १ | - | - | - | - | - | १ | - | २ | - | ४ |
| १६ | अन्य | | २ | १ | १ | - | २ | - | १ | - | १ | १ | १ | - | १० |
| | जम्मा | | ५३ | ३६ | ५० | ४१ | ३८ | २७ | ४७ | २२ | ३७ | ४० | ३१ | २५ | ४४७ |

हु.द.नं. २६/०६६/०६७

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

## मावनअधिकार हटलाइन : ०१-२१११११११

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१९३१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा,
फोन: ०४१-५२७८११, ५२७८१२
फ्याक्स: ९७७-०४१-५२७२५०
इमेल: nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रीय कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

**प्रापक:**

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य